साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३१ ✪ अङ्क १० ✪ १३ चैत २०८०, मङ्गलबार ✪ 26 March, 2024, Tuesday ✪ मूल्य रू. १०/-

## बिजुक्छेँद्वारा आदर निकेतनको महत्त्व र आवश्यकतामाथि प्रकाश

भक्तपुर । वरिष्ठ राजनीतिज्ञ एवं नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा ज्येष्ठ सदस्य सम्मान कार्यक्रम शनिबार सम्पन्न भयो । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. चोर्चा भक्तपुरको आयोजनामा भएको उक्त कार्यक्रममा संस्थामा आबद्ध ७७ जना ज्येष्ठ सदस्यहरूलाई दोसल्ला ओढाई अध्यक्ष बिजुक्छेँले सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले ज्येष्ठ सदस्यहरूको उचित स्याहारसुसारको लागि आदर निकेतनको आवश्यकताको महत्त्वबारे चर्चा गर्दै परिवारका सदस्यहरू सबैजना व्यस्त रहनुपर्ने भएकाले ज्येष्ठ सदस्यहरूलाई उचित स्याहारसुसारको लागि आदर निकेतनको व्यवस्था अत्यावश्यक भएको बताउनुभयो ।

सहकारी संस्थाले बचत सङ्कलन गरी बहुसङ्ख्यक सदस्यहरूको हितमा उत्पादनशील क्षेत्रमा ऋण दिनु आवश्यक छ । एकै व्यक्तिमा नभई धेरै व्यक्तिमा ऋण प्रवाह गर्दा ऋणको जोखिम कम हुने गर्छ, अध्यक्ष बिजुक्छेँले भन्नुभयो ।

सदस्यहरूको रोजगारी सिर्जना गर्नेतर्फ पनि सहकारीले ध्यान दिनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले गरिब किसानहरूलाई सहकारीमा संलग्न गरी तिनीहरूलाई गरिबीबाट पार लगाउनुपर्ने बताउनुभयो ।

नियमितरूपमा स्वास्थ्य परिक्षण गरी डाक्टरको सल्लाहअनुसार नियमितरूपमा औषधि सेवन गर्न ज्येष्ठ सदस्यहरूलाई सुझाव दिँदै अध्यक्ष बिजुक्छेँले आफूमा रहेका समस्या परिवारका सदस्यहरूलाई समयमै जानकारी गराउनु आवश्यक रहेको बताउनुभयो ।

नराम्रो या गलत कार्यको समयमै खबरदारी गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले हरेक काम गर्दा सल्लाह गरे गल्ती कम हुने विचार व्यक्त गर्नुभयो ।

स-साना कुराबारे ज्ञान नहुँदा ठुलो दुर्घटना हुनसक्नेतर्फ सचेत गराउँदै उहाँले बच्चाहरूलाई सानो बेलादेखि नै विविध विषयमा जानकारी दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

शरीरलाई जति चलायमान बनायो त्यति नै ऊर्जा प्राप्त हुने भएकोले आफ्नो शरीरको क्षमताले भ्याएसम्म शरीरलाई चलायमान बनाइराख्नुपर्ने अध्यक्ष बिजुक्छेँले बताउनुभयो ।

बाँकी पृष्ठ १२ मा

## कामदारवर्गको साहित्यमा शोषण–उत्पीडनको विरोध हुनुपर्ने




काठमाडौँ । नेपालभाषा साहित्य तः मुंज्या काठमाडौँद्वारा आयोजित तेस्रो साहित्य सम्मेलन शनिबार सम्पन्न भयो । सम्मेलनको उद्घाटन स्थानीय ज्येष्ठ नागरिक देवदास डंगोलले गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले साहित्य राजनीतिको हतियार भएकोले कामदारवर्गको साहित्यमा शोषण–उत्पीडनको विरोध हुने उल्लेख गर्नुभयो ।

पुँजीवादी साहित्यमा शोषण र वेश्यावृत्ति, चेलीबेटी बेचबिखनसमेत कानुनी बनाइने चर्चा गर्दै सचिव सुवालले भन्नुभयो, "रुस, चीन, भारतका कामदारवर्गका साहित्यकारहरूले मजदुर र किसान भएर, सेनामा भर्ती भएर, कम्युनिस्ट पार्टीको सदस्य भएर, विषयवस्तुबारे जानकारी राखेर सामाजिक यथार्थ र सङ्घर्षका रचना लेखेका थिए । गोर्की, राहुल साँकृत्यान, लु शुनलगायतको क्रान्तिकारी साहित्य रचनालाई उदाहरणको रूपमा लिन सकिन्छ ।"

"नेपालमा प्रजातान्त्रिक समाजवाद र साम्यवादी दाबी गरेका शासक दलहरूको सत्ता गठबन्धन अवसरवादको नमुना हो । निर्वाचन र सत्ता गठबन्धन सिद्धान्त मिल्नेहरूबिच हुनु आवश्यक छ, सिद्धान्तहीनहरूको गठबन्धन देशको लागि घातक हुनेछ" उहाँले भन्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "नेपालमा सरकारको उपस्थितिको अनुभूत छैन । सरकारले कृषिलाई प्राथमिकता नदिएको हुँदा दाल, चामल, तरकारीसमेत भारतबाट किनेर खान जनता बाध्य छन् । ८० लाख युवालाई वैदेशिक रोजगारीमा पठाइयो । यसमध्ये ३ लाखभन्दा बढी चेलीबेटी विदेशमा दुर्व्यवहार र अपमानित जीवनको शिकार भएका छन् । मिटरब्याज, लघुवित्त, सहकारी पीडित गरिब जनताले न्याय पाएनन् । दूध र उखुको भुक्तानी नपाएका किसानहरूले पनि न्याय पाएका छैनन् । सरकारका एक सचिवले सिंहदरबार भ्रष्टाचारको अखडा भएको बताएका थिए । सुन तस्कर, नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाउने, ललितानिवासको सरकारी जग्गा, थँबहीको सार्वजनिक कमलपोखरी, बाल सङ्गठनको सरकारी जग्गा, नेपाल स्काउटको सरकारी जग्गा, बाँसबारी छाला जुत्ता कारखानाको सरकारी जग्गा व्यक्तिको नाममा दर्ता वा रजाइँ गर्ने मुख्य मुख्य मानिस शासक दलकै भएको समाचार छ ।"

"मानिसको स्वभाव खराब होइन । शासक दलहरूले आ-आफ्ना कार्यकर्तालाई राजनीतिक र सांस्कृतिकरूपले उँचो नबनाएको हुँदा भ्रष्टाचार बढेको हो । इमानदार र परिश्रम गर्ने सुखी हुने भए मजदुर र किसान सुखी हुनुपर्ने थियो । नेपालमा लुटाहाहरू ऐस आरामको जीवन बिताउँदै छन् । यसकारण, सरकारको उपस्थिति देखिएन । साहित्यकारहरूले देशका यी जल्दाबल्दा विषयलाई समेटेर साहित्य लेखेर जनतालाई उठाउनु जरुरी छ ।"

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले समाज या समुदाय चिन्न सम्बन्धित क्षेत्रको भाषा र संस्कृति बुझ्नु जरुरी रहेको बताउनुभयो ।

भाषा नयाँ पुस्तामा हस्तान्तरण गर्न नसक्दा नयाँ पुस्ताले दु:ख पाउने भएकोले

बाँकी पृष्ठ १२ मा

## 'समलिङ्गी विवाह' को विरोध गर्नु जरुरी

भक्तपुर । नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा शनिबार 'महिला स्वास्थ्य परामर्श कार्यक्रम' सम्पन्न भयो । ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आयोजित सो कार्यक्रममा महिलाहरूमा देखिने सामान्य रोग या स्वास्थ्य समस्या र उपचारबारे परिचर्चा भयो । एउटा स्वस्थ समाज निर्माणको लागि शारीरिक र मानसिकरूपमा या बौद्धिकरूपमा स्वस्थ आमा अर्थात् महिलाहरूको भूमिका अहम् हुने विचार व्यक्त भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले नेपाल मजदुर किसान पार्टी कामदारवर्गको हित हुने दर्शनबाट अभिप्रेरित छ भन्नुभयो । पार्टीले श्रमिकवर्गका महिलाहरूलाई साक्षर, शिक्षित र सक्षम बनाउन जोड दिँदै आएको उल्लेख गर्दै उहाँले आधा आकाश ढाकेका महिलालाई शैक्षिक, सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिरूपमा सचेत र सबल नबनाइए समाज पछि पर्ने विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "पार्टीले विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क, स्वास्थ्य उपचार नि:शुल्क हुनुपर्ने आवाज उठाउँदै छ ।" वैदेशिक रोजगारीको नाममा भइरहेको महिला बेचबिखन रोक्न राज्य संवेदनशील नरहेको तथ्य राख्दै उहाँले स्वदेशमै रोजगारीको बन्दोबस्त आवश्यक छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "सुगौली सन्धिपछि गोर्खा भर्तीबाट सुरु भएको वैदेशिक रोजगारी राणा शासनपछि भारतमा चेलिबेटी बेचबिखन हुँदै अहिले १७१ देशमा ८० लाख युवाहरू बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बन्न पठाइएको छ । वैदेशिक रोजगारीमा पठाइएका नेपाली चेलीहरू दुर्व्यवहारको सिकार भएका छन् । खाडी मुलुकमा नेपाली चेलीहरूलाई सडकमा बिक्रीजस्तै गरिएको संसदीय टोलीको प्रतिवेदनसमेत छ । सरकारले नेपाली युवालाई युक्रेन, रुस, फ्रान्स, इजरायल, अमेरिकालगायतको देशको सेनामा समेत पठाउनु देशघात नै हो ।"

सांसद सुवालले नेपालमा महिलाहरूको स्वास्थ्यबारे चर्चा गर्दै क्यान्सर रोग, किड्नी, मुटु, फोक्सो, कलेजोमा लाग्ने रोगको उपचारको घरखेत बिक्री गर्नुपरेका वर्षको ५ लाख नेपाली गरिब भएका छन् । स्वास्थ्य बीमाको उपचारमा १० प्रतिशत नगद भुक्तानी गर्नुपर्ने र अस्पतालहरूलाई बीमाको करोडौँ रकम भुक्तानी नगर्नुले सरकारहरू गरिबहरूको हितमा नभएको पुष्टि गर्छ ।

बाँकी पृष्ठ १२ मा

### न्याइच्याईको स्मृति सभा

## नयाँ पुस्ताले पाठ सिक्नुपर्ने

भक्तपुर । नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा नेमकिपाका केन्द्रीय सल्लाहकार, नेक्राकिसङ्घका केन्द्रीय सदस्य एवं पूर्व नगरप्रमुख ज्ञानबहादुर न्याइच्याईको १३ औँ स्मृतिसभा सोमबार सम्पन्न भयो ।

सभामा नेमकिपाका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले नयाँ पुस्तालाई क्रान्तिकारी बनाउनु जरुरी रहेको चर्चा गर्दै नयाँ पुस्ता क्रान्तिकारी नभएमा प्रतिकृयावादीहरूले देश र जनतालाई थप दु:ख दिनेछन् भन्नुभयो ।

उहाँले भन्नुभयो, "धन सम्पत्ति सबथोक होइन । नेपालका खर्बपति भनिने विनोद चौधरीले सरकारी जग्गा १० रोपनी कब्जा गरे । यो खर्बपतिलाई २०६४ सालमा एमालेले र २०७४ र २०७९ मा नेकाले प्रतिनिधिसभाको सांसद बनाए ।"

उहाँले भन्नुभयो, "माहिलामाथि दुर्व्यवहार नहुने, सुत्केरी अलपत्र नहुने, चोरी-ठगी नहुने, आत्महत्या र सम्बन्ध विच्छेदसमेत नहुने उदाहरण पहिलो समाजवादी देश रूस थियो । रूसमा पुँजीवाद पुन:स्थापना भएपछि सडकमा माग्ने, बेरोजगारी, धनी-गरिबसमेत देखा पर्‍यो ।"

"हामी मानव जीवन विचारहीन भएर बिताउनुहुँदैन । चुनावमा पैसा, सामान र भोजको पछि लागेर शासक दलहरूमध्ये कहिले एउटालाई कहिले अर्कोलाई मत माग्ने कार्यकर्ताहरू तिहुन चखुवाजस्तै हुन् । नयाँ पुस्तालाई स्पष्ट र दृढ विचार लिने सचेत नागरिक बनाउनु अहिलेको आवश्यकता हो", सचिव सुवालले बताउनुभयो ।

नेमकिपा भजिसका सदस्य नारायणबहादुर दुवालले पार्टी निर्देशनअनुसार देश र जनताको हितमा नि:स्वार्थ सेवा गर्ने भावना भएका ज्ञानबहादुर दाइबाट सिकेर नयाँ पुस्ता अगाडि बढ्नु आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "धेरै पढेरमात्र नि:स्वार्थरूपले देश र जनताको सेवा गर्नसक्छ भने होइन । किताबी ज्ञानको साथै व्यवहारिक सामाजिक मूल्य र मान्यताबारे जानकारी हुनुपर्छ ।"

नेक्राकिसङ्घका केन्द्रीय सचिव हरिराम सुवालले नयाँ पुस्तालाई समाज सेवा गर्ने भावना जागृत गराई अगाडि बढाउन सके भावी पुस्ता तयार हुनेछ भन्नुभयो ।

आयोजक समितिका समितिका अध्यक्ष गोविन्द दुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा उपेन्द्र सुवाल, केशवप्रसाद तिमिल्सिना र गङ्गाराम ज्याख्वले ज्ञानबहादुर दाइको योगदानबारे बोल्नुभएको थियो ।

## ख्वप विश्वविद्यालय विधेयक किन अगाडि बढाइएन ?

भक्तपुर नगरपालिकाले शिक्षालाई उत्पादन श्रमसँग मिलाई दक्ष जनशक्ति तयार गर्ने उद्देश्यसहित ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप कलेज, ख्वप कलेज अफ ल सहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको छ । ती कलेजहरू समेतलाई समेटी कला, संस्कृति, विज्ञान, अर्थशास्त्र, प्रविधि, चित्साशास्त्र, शिक्षा, व्यवसायिक विषय तथा अन्य विषयमा समेत अध्ययन अध्यापन गर्न ख्वप विश्वविद्यालय स्थापनाको लागि निरन्तर जोड दिँदै आएको हो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा २०५६ सालदेखि हालसम्म ४१ हजारभन्दा बढी विद्यार्थीहरूले अध्ययन गर्ने अवसर पाइसकेका छन् भने हाल ७७ वटै जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् । सस्तो र गुणस्तरीय शिक्षामा जोड दिँदै आएको भक्तपुर नगरपालिका विश्वविद्यालय सञ्चालन गर्न प्रस्ताव गर्ने नेपालकै पहिलो नगरपालिका हो ।


भक्तपुर नगरपालिकाले एक दशकभन्दा पहिलेदेखि नै ख्वप विश्वविद्यालय विधेयक अगाडि बढाउन प्रयास गर्दै आएको हो । पटक पटक संसदीय टोलीले पनि अनुगमन गरी सकेका छन् । हरेक पटकको अनुगमनमा आउनुभएका सांसदहरूको टोलीले पर्याप्त पूर्वाधार भएको उल्लेख गरी संसद्मा प्रतिवेदन पनि दिएको थियो । पछि आएका जनक विश्वविद्यालय, योगमाया विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालयलगायतका विधेयक पारित भइ विश्व विद्यालय सञ्चालनमा समेत आइसकेका छन् । अहिले पनि नेपाल विश्वविद्यालय विधेयक अगाडि बढाइएको छ । नेपाल विश्वविद्यालय विधेयकसँगै प्रस्तुत गरिएको, पर्याप्त पूर्वाधार भइसकेको र वर्षौंदेखिको अध्यापनले पनि विश्वविद्यालय सञ्चालन गर्न सक्षम प्रमाणित गरी सकेको अवस्थामा पनि ख्वप विश्वविद्यालय विधेयक किन अगाडि बढाइँदैन ?

पछिल्लो पटक शिक्षामन्त्री अशोककुमार राईले ख्वप विश्वविद्यालय विधेयकबारे चासो लिनुभयो । उहाँले विश्वविद्यालय समितिको बैठक राखी मन्त्रालयबाट अगाडि बढाउने निर्णय पनि गर्नुभयो । यसैक्रममा सरकार परिवर्तन भयो । अहिले विधेयक अर्थमन्त्रालयमा रोकिरहेको बताइएको छ । अर्थ मन्त्रालयको काम आर्थिक दायित्व हेर्ने हो । नगरपालिकाले सरकारलाई कुनै किसिमको आर्थिक भार नपर्ने लिखितरूपमै प्रतिबद्धता गरेको छ । यस्तो अवस्थामा अर्थमन्त्रालयमा लामो समयसम्म रोकिनुपर्ने कुनै कारण देखिँदैन । फेरि यो पटक पनि विधेयक अगाडि नबढ्ने हो कि भनी भक्तपुरबासीले चिन्ता व्यक्त गर्न थालेका छन् ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले फागुन ४ गते प्रतिनिधि सभा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति भानुभक्त जोशीसँग भेट गरी नगर प्रमुख सुनिल प्रजापतिले ख्वप विश्वविद्यालय विधेयक अगाडि बढाउन ध्यानाकर्षण पत्र बुझाउनुभयो । ध्यानाकर्षणपत्र बुझ्दै सभापति जोशीले शिक्षा क्षेत्रमा भक्तपुर नगरपलिकाले गरिरहेको कार्य देशकै नमूना भएको बताउनुभयो । उहाँले समिति बैठकमै पत्र बुझ्नुभएको थियो । शिक्षा समितिका सदस्यहरूले पनि सकारात्मक प्रतिकृया दिनुभएको थियो । अझ पूर्व शिक्षमन्त्रीसमेत रहेका सांसद देवेन्द्र पौडेलले त 'ख्वप कलेजहरू आफूले हेरिसेकेको, सबैले एकचोटी हेर्नुपर्ने र पूर्वाधारहरूसमेत बनाइसकेको हुँदा नेपाल विश्व विद्यालय विधेयकसँगै ख्वपको विधेयक पनि अगाडि बढाउनु उचित हुने' बताउनुभएको थियो ।

अहिले सरकार परिवर्तनसँगै शिक्षामन्त्री फेरिएको छ । वर्तमान शिक्षामन्त्री सुमना श्रेष्ठले पनि प्रतिनिधिसभा बैठकमा 'ख्वप विश्वविद्यालय विधेयक अगाडि बढाउन' जोड दिनुभएको थियो । उहाँले ख्वपले त्यत्रो विद्यार्थीहरू उत्पादन गरी सक्यो ख्वप विश्वविद्यालयलाई रोक्नुपर्ने कारण के हो ? आफुले बुझ्न नसकेको तत्कालीन शिक्षामन्त्रीसँग प्रश्न गर्नुभएको थियो । अहिले श्रेष्ठ प्रश्न गर्ने ठाउँबाट जवाफ दिने ठाउँमा पुग्नुभयो । मन्त्री श्रेष्ठको बोली र व्यवहारको परीक्षाको घडी हो यो । मन्त्री श्रेष्ठकै पालामा ख्वप विश्वविद्यालय विधेयक अगाडि बढ्ने र प्रतिनिधिसभाबाट पारित हुने जनताको अपेक्षा छ ।

बाँकी पृष्ठ १२ मा



*किताबहरू पढ्दै गर्नुस् तर याद र होस् एउटा किताब भनेको किताबमात्र हो र सोच्न भने तपाई आफैले सिक्नुपर्छ ।*

*म्याक्सिम गोर्की*

## सम्पादकीय

# भक्तपुरलाई एक सानो परीक्षण नलीको रूपमा हेर्दा – १

२०१७ सालको राजा महेन्द्रको पुस एक गतेको कदमलाई भक्तपुरका कम्युनिस्ट युवाहरूले प्रजातन्त्रमाथिको प्रहार नै सम्झेका थिए । तर, भक्तपुरका काङ्ग्रेस नेतृत्व त्यो विषयमा त्यसै दिनको छलफलमा निर्णयविहीन थियो । नेपाल कम्युनिस्ट पार्टीको प्रभाव देशमा राम्रो थियो र राजा महेन्द्रको कदमको विरोधमा थिएन, जसको नेतृत्व डा. माझी गुटले गरेको थियो । त्यसै कारण नेपालको कम्युनिस्ट नेतृत्व सारमा विश्रृङ्खलित भयो । त्यस्तै, नेपाली काङ्ग्रेसका बहुमत सांसद सदस्यहरूले राजाको त्यस कदमलाई वक्तव्यमार्फत समर्थन जनाए ।

२०१९ सालको पञ्चायतको निर्वाचनमा भक्तपुरका कम्युनिस्ट पार्टीको नयाँ पुस्ताले पञ्चायती निर्वाचनलाई लेनिनवादी सिद्धान्तअनुसार प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घ-संस्थामा गएर जनताको सेवा गर्ने र पुँजीवादी प्रभावबाट जनतालाई मुक्त गर्ने उद्देश्य लियो । तर, पुराना नेतृत्व निर्वाचनलाई उपयोग गरेर ‘नि:स्वार्थ’ रूपले देश र जनताको सेवा गर्ने पक्षमा थिएन । समयको अन्तरालमा नेतृत्वको त्यो पुरानो पुस्ता निष्क्रिय बन्दै गयो ।

नयाँ पुस्ताले किसान जनतालाई दु:ख दिने ‘साँढे धपाउने आन्दोलन’ सुरु गर्‍यो, किसान जनताको श्रमदान र सहयोगले गल्ली गल्लीमा ढल र बाटो बनाउने, इँटा र ढुङ्गा छपाउने, पोखरीहरू मर्मत र सफा गर्ने तथा रचनात्मक कार्यलाई अगाडि बढायो । निरक्षर पुस्तालाई अनौपचारिक साक्षरता अभियानबाट रात्रि विद्यालयहरू चलायो, ‘सुस्तामाथि भारतीय थिचोमिचोको विरोधमा’ नयाँ पुस्ता सडकका आएर देशभक्तिको उदाहरण दियो । तत्कालीन सरकारको अनावश्यकरूपमा शान्तिपूर्ण विरोध प्रदर्शनमाथि दमनको बाटो लिँदा प्रहरी र जनताको बिचमा अप्रिय घटनाहरू घट्दा तथा देशभक्तिको भावना भड्किनु स्वाभाविक थियो ।

दुई वर्षसम्म ‘सुस्ता रक्षा’ आन्दोलनको रूपमा मसाल जुलुस, विरोध प्रदर्शन, पक्राउ परेका युवाहरूको मुक्ति र राजकाजविरोधी मुद्दाको विरोधी सङ्घर्ष चालु रह्यो । धेरै कार्यकर्ताहरूमाथि व्यापक दमन दुई वर्ष चालु रह्यो । टोल-टोल र क्षेत्र-क्षेत्रमा किसान युवाहरू सङ्गठित हुँदै गए । आखिर सबै बन्दी र भूमिगत युवाहरू निर्दोष साबित भए र छुटे ।

त्यसैबेला भूमि सुधार लागु भयो । किसान कार्यकर्ताहरूको जग्गा धनीसँग बाली बुझाउँदा भर्पाई लिने आन्दोलन चल्यो । त्यस आन्दोलनले किसान निश्चित जग्गा धनीको निश्चित ठाउँको खेतको जोताहा निसा प्राप्त गर्‍यो । त्यसमा पनि टोल-टोल र गाउँ-गाउँका शोषक जग्गा धनी र भर्पाई पाउन चाहने जनताको बिचमा सङ्घर्षहरू भए । यस सङ्घर्षमा नेपाली काङ्ग्रेस र अन्य राजनैतिक पार्टीहरू किसानको पक्षमा देखापरेनन् । भूमि सुधारले जोताहा किसानहरूलाई धानबाली आधा वा एकतिहाइ मात्र तिरे पुग्यो, गहुँ बाली तिर्नै परेन । सावाँभन्दा ब्याज बढी तिरिसकेको खण्डमा ऋणबाट ऋणी मुक्त भए । (तराईमा भूमि सुधार ऐन लागु नहुँदा आज मिटरब्याजको समस्या चालु छ ।)

जनताको भाषामा ‘धर्म भकारी’ र ऐनको भाषामा जोताहा किसान र जग्गा धनीहरूले पनि निश्चित जिन्सी वा नगदी राख्ने बचत कोषको बन्दोबस्त लागु भयो । त्यस बचत कोषलाई एक दुई वर्षपछि स्थानीय सहकारी संस्थामा बुझाउन लगाइयो र बचत कोष बुझाउने सबै जोताहा किसान स्वत: सहकारी संस्थाको सदस्य भए । तर, भक्तपुरको ‘नवदुर्गा सहकारी संस्था’ ले सबै बचतकर्तालाई सदस्य मानेन र बचत कोषबाट त्यसका संस्थापकहरूले व्यापार गरी नाफा लुकाउने गरी भ्रष्टाचार गरेको विरोधमा ‘भ्रष्टाचारविरोधी आन्दोलन’ सुरु भयो ।

पञ्चायती सरकारले भ्रष्टाचारीहरूको संरक्षण गरेको हुँदा व्यापक किसान जनताले भ्रष्टाचारी सहकारी नेताहरूलाई ‘उल्टो टोपी’ लगाई नगर परिक्रमा गर्दा ‘हिसाब देखाउने र भ्रष्टाचार नगर्ने’ प्रतिज्ञा गरेपछि तिनीहरू जनताबाट छोडिए । सरकारले आन्दोलनकारीहरूलाई व्यापकरूपमा पक्राउ गर्‍यो तथा जनतालाई यातना दिएको हुँदा घटनाले उग्र रूप लियो तथा दुई वर्षसम्म त्यसले आन्दोलनको रूप लियो ।

किसान कार्यकर्ताहरू प्रहरी र प्रतिक्रियावादीहरूकै दमनको कारण जनता र सरकारको बिचमा विरोध बढ्दै गयो । त्यसैबेला अमेरिकी साम्राज्यवादले भियतनाम (कम्बोडिया र लावस) मा पनि बम आक्रमणको युवा, विद्यार्थी र किसान कार्यकर्ताहरूले विरोधमा प्रदर्शन गरे । त्यस शान्तिपूर्ण प्रदर्शनलाई पनि दमन गरेको हुँदा महिनौंसम्म मसाल जुलुस, गुप्त फोटो प्रदर्शनी र प्रदर्शनहरू भई रहे तथा कार्यकर्ताहरू पक्राउ पर्दै गए । गाईजात्रा, साहित्य सम्मेलन तथा सांस्कृतिक गतिविधिमा समेत अमेरिकी साम्राज्यवाद, राष्ट्रपति जोनसन र अमेरिकी विदेशमन्त्री म्याकनमाराविरोधी गतिविधि चल्दै गयो । दमन चक्रकै कारण किसान जनतामा क्युवाको समाजवादी क्रान्तिबारे पनि कक्षा सञ्चालन हुँदै गयो । बेलायती पुँजीवादी क्रान्ति, अमेरिकी स्वतन्त्रता आन्दोलन, फ्रान्सेली राज्य क्रान्ति, रुसी समाजवादी क्रान्ति, कोरियाका उपमहाद्वीपमा अमेरिकी आक्रमण र चीनको क्रान्तिबारे पनि किसान जनताले जानकारी पाउँदै गए ।

# बजेटको प्राथमिकता कृषि हुनु जरुरी

✍ प्रेम सुवाल



**नेपाली युवालाई ‘भाडाको सिपाही’ बनाएर साम्राज्यवादी र विस्तारवादीहरूको स्वार्थमा नेपाली सेना पठाउने, हाइटीमा अमेरिकी साम्राज्यवादको छातामुनि नेपाली (गोरखा) सेना पठाउने, जापान वा भारतलाई सुरक्षा परिषद्को सदस्यमा समर्थन गर्ने नेपाली काङ्ग्रेस, एमाले र माओवादीको नीति एउटै हो । नेपालको सिङ्गै कम्युनिस्ट आन्दोलनलाई हितकर हुने भएकोले हामीले यो विषय उठाएका हौँ ।**

सरकारद्वारा प्रस्तुत बजेटको सिद्धान्त संविधानमा निर्दिष्ट भएको समाजवादउन्मुख नै हुनुपर्दछ । नेपाली काङ्ग्रेसले ‘प्रजातान्त्रिक समाजवाद’ दाबी गर्दै आएको हो । एमाले, माओवादी र एकीकृत समाजवादीले आफूलाई कम्युनिस्ट अर्थात् ‘साम्यवादी’ दाबी गर्दछन् । जसपा पनि ‘समाजवादी मोर्चा’ मा सम्मिलित छ । रास्वपा ‘संवैधानिक समाजवादी’ दाबी गर्छ ।

‘समाजवाद’ कोटमा सिउरिने फूलजस्तो होइन, यो जीवनपद्धति हो । समाजवादको अर्थ कामदारवर्गको सरकार, उत्पादनका मुख्य मुख्य साधन र सेवाहरूको सामाजिकीकरण, योग्यताअनुसार देशभित्र काम र कामअनुसार ज्याला, शोषण गर्न नपाउने बन्दोबस्त हो । साम्यवादको अर्थ दाल, भात, डुकुमात्र होइन, यो त उँचो सांस्कृतिक क्रान्ति पनि हो । पुँजीवाद र साम्यवादबिचको सङ्क्रमणकाल समाजवाद हो ।

समाजवाद र साम्यवादको नाममा सार्वजनिक संस्थानहरू निजीकरण गरी जनतालाई धोका दिने राजनैतिक दलहरू ‘लक्ष्मी’, ‘कुबेर’ र ‘शुभलाभ’ को मन्त्र जप्ने उद्योगी-व्यापारिक संस्थानजस्तै हुन् । बेलायतको एक पुँजीवादी पार्टीको नाम ‘श्रमिक दल’ राखिएको छ । हिटलर र मुसोलिनीजस्ता फासीवादीहरूले ‘राष्ट्रिय समाजवाद’ को नारा दिएका थिए । भारतीय जनता पार्टीजस्तो दक्षिणपन्थी र भारतीय काङ्ग्रेसजस्तो पुँजीवादी पार्टीले ‘मजदुर सङ्गठनहरू’ बनाए । इन्दिरा गान्धीले भारतीय काङ्ग्रेस पार्टीको उद्देश्य ‘समाजवाद’ घोषणा गरिन् ।

सन् १६४८-४९ मा बेलायतका समाजवादीहरूले हरेक मानिसलाई बाँच्नको निम्ति भाग पाउनुपर्दछ, पृथ्वी सारा जनताको साझा ढुकुटी हो, मुट्ठीभरका मानिसबाट यसको किनबेच भएको छ, सबैले अन्न छर्न र आफ्नो पसिना बगाई खान पाउनुपर्छ भन्ने घोषणा गरे । सामन्तवाद र पुँजीवाद यसलाई अस्वीकार गरी स्रोत-साधन तथा बजार कब्जा गर्ने हानथापमा लाग्दा पहिलो र दोस्रो विश्वयुद्ध भयो । करोडौं मानिसहरूको मृत्यु र पूर्वाधारको विनाश भयो ।

यो संसदीय व्यवस्था पनि पुँजीवादी प्रजातन्त्र हो । यस व्यवस्थामा जनताको अधिकारको संरक्षण र संवर्द्धन, राजनैतिक संस्कार आदि सबै ‘ब्वाँसोको आक्रमण’ को नयाँ तरिका हो । २०४८ सालपछि यो संसद्मा ‘खसीको टाउको झुन्ड्याएर कुकुरको मासु बेचिए’ जस्तै भएको पटक पटक उठेको थियो । यसरी उठाउनेहरू अहिले यही संसद्बाट पालैपालो सरकारमा गए । यसकारण, कसले के भन्छ भन्ने कुरा मुख्य होइन बरु व्यवहार के गर्छ महत्त्वपूर्ण हो ।

मानिसलाई रोग लागेजस्तै पार्टी र कार्यकर्ताहरू पनि खोटा विचारको शिकार हुन्छन् । राजा महाराजाहरूले जनतामा बुद्ध धर्म समाप्त पार्न नक्कली भिक्षुहरूको प्रयोग गरेका थिए । अर्थशास्त्री ग्राम्सनको नियमअनुसार खोटो सिक्काले राम्रो सिक्कालाई बजारबाट फाल्छ । समाजको सबभन्दा डरलाग्दो खराबी ‘व्यक्तिवाद’ हो । कम्युनिस्टहरूले त ‘यमराज’ को ढोका घच्घच्याउँछन् ।

नेपाली युवालाई ‘भाडाको सिपाही’ बनाएर साम्राज्यवादी र विस्तारवादीहरूको स्वार्थमा नेपाली सेना पठाउने, हाइटीमा अमेरिकी साम्राज्यवादको छातामुनि नेपाली (गोरखा) सेना पठाउने, जापान वा भारतलाई सुरक्षा परिषद्को सदस्यमा समर्थन गर्ने नेपाली काङ्ग्रेस, एमाले र माओवादीको नीति एउटै हो । नेपालको सिङ्गै कम्युनिस्ट आन्दोलनलाई हितकर हुने भएकोले हामीले यो विषय उठाएका हौँ ।

मजदुर र किसानको लुगा लगाउँदैमा विदेशी पुँजीका दलाल र जमिनदारवर्ग मजदुर र किसान हुने छैन । सत्ता गठबन्धनको साझा कार्यक्रममा कृषिलाई प्राथमिकता दिने, कमैया र कमलरीलाई मोहीयानी हक दिने, गुठी जग्गा जोत्ने किसानलाई रैतानी गराउने उल्लेख छैन । दाल-चामल-तरकारीसमेत परनिर्भर बनाउने सरकार कसरी किसानको हुन्छ ? ६० वर्ष नाघेका किसानलाई निजामती कर्मचारीसरह पेन्सन दिने, जग्गामा लगानी होइन उद्योग-व्यापारमा गराउने, देशको सन्तुलित विकास गर्ने, विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गर्ने व्यवस्था साझा कार्यक्रममा छैन । स्वास्थ्य बिमाका बिरामीलाई उपचारमा १० प्रतिशत नगद भुक्तानी गराउने पूर्ववर्ती सरकारको निर्णय खारेज नगर्ने’ अस्पतालहरूलाई पठाउनुपर्ने स्वास्थ्य बिमाको अर्बौं रुपैयाँ तत्काल भुक्तानी नगर्ने, सरकारी जग्गा र कमलपोखरी व्यक्तिको नाममा गएको खारेज नगर्ने, कोसी-गण्डक-महाकाली-माथिल्लो कर्णालीलगायत देशघाती सम्झौता खारेज नगर्ने साझा कार्यक्रमको औचित्य छैन । यसकारण सत्ता गठबन्धनको यो साझा कार्यक्रम कागजको खोस्टाजस्तै हो ।

नेपालले प्राङ्गारिक खेतीमा मित्र देश क्युवाबाट सिक्न सकिन्छ । गरिबी हटाउन मित्र देश चीनको नमुना उपयुक्त हुने सुझाव दिन चाहन्छु । प्रतिहेक्टर धान उत्पादन चीनमा ६.९ मेट्रिक टन, भारतमा ४.०५ मेट्रिक टन, नेपालमा ३.८ मेट्रिक टन छ ।

प्रतिनिधिसभाका सभामुख, कलेजका प्राध्यापक र सांसद कलेजका विद्यार्थी होइनन् । सभामुखले सांसदहरूको अभिभावकीय भूमिका निर्वाह गर्नु जरुरी छ ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत ७ गते प्रतिनिधिसभा बैठकमा आव २०८१/८२ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको छलफलमा राख्नुभएको मन्तव्यको सार -सं)*

# भ्रष्टाचारको शृङ्खलामा सुनकाण्डको फाइल तामेलीमा जाने हो कि भन्ने आशङ्का




शुक्र

“आफ्नो हात जगन्नाथ” यो उखान त्यसै आएको होइन । भ्रष्टाचार र अनियमितता नियन्त्रण गर्ने संवैधानिक आयोग अख्तियार दुरुपयोग अनुसन्धान आयोग हो । आयोग आफैले ठुला भ्रष्टाचारका मुद्दा रोकेका केही उदाहरण छन् । आयोगमा शासक दलले नै पदाधिकारी नियुक्त गर्दाको परिणाम आज एकपछि अर्को भ्रष्टाचार बढ्दै छ ।

माओवादी शान्ति प्रक्रियामा आएपछि लडाकु शिविरमा बसे । शिविरमा बसेको लडाकुभन्दा सङ्ख्या बढाएर ४ अर्ब रुपियाँ भ्रष्टाचार गरेको अख्तियारको दाबी हो । सो काण्डमा माओवादीका नेताहरू पुष्पकमल दाहाल, बाबुराम भट्टराई, कृष्णबहादुर महरालगायत जोडिएका थिए । अख्तियारका तत्कालीन प्रमुख लोकमानसिंह कार्कीको समयमा छानबीन गरेको सो काण्ड अगाडि बढ्न नदिन माओवादीका सांसदहरूले कार्कीलाई महाअभियोगको सूचना दर्ता गरेका थिए ।

वाइडबडी विमान खरिद प्रकरणमा तत्कालीन पर्यटन मन्त्री रवीन्द्र अधिकारी, पूर्वमन्त्रीहरू जीवनबहादुर शाही र जितेन्द्रनारायण देवलगायत मुछिएपछि अख्तियारले मुद्दा चलाउने आँट गरेन । संसदीय छानबिन समितिले दुई ओटा वाइडबडी जहाज खरिदमा ४ अर्ब ३५ करोड ५६ लाख रुपियाँ घोटाला भएको ठहर गरेको थियो ।

सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद काण्डमा तत्कालीन सञ्चारमन्त्री गोकुल बाँस्कोटाले ७० करोड रुपियाँ कमिशन मागेको अडियो रेकर्ड बाहिरिएको थियो । स्वीस कम्पनीका स्थानीय एजेन्ट विजय मिश्रसँग २ मिनेट ३१ सेकेण्ड चलेको सम्वादमा कमिशनको कुरा थियो ।

कोरोना महामारीको समयमा जनतालाई सहयोग गर्नुपर्ने तत्कालीन स्वास्थ्यमन्त्री भानुभक्त ढकाल र मन्त्रीका विज्ञ सल्लाहकार डा. खेम कार्कीले अनिता बिजनेस हाउस प्रालि (ओम्नी) सँग १६ थरिका स्वास्थ्य सामग्री खरिदको सम्झौता गरेका थिए । त्यसबेला ओम्नीले गुणस्तरहीन स्वास्थ्य सामग्री आपूर्ति गरेको लेखा समितिले ठहर गरेको थियो । नेपाली रुपियाँमा लागत अनुमान गरी अमेरिकी डलरमा सम्झौता गर्दा अनियमियता भएको समितिको ठहर हो ।

नेपाल आयल निगमको इन्धन भण्डारको क्षमता ७१ हजार ७ सय किलोलिटरबाट वृद्धि गरी ५ लाख ३० हजार किलोलिटर पुर्‍याउन आव २०७३/७४ मा ५ अर्ब २८ करोड रुपियाँको बजेट स्वीकृत गर्‍यो । निगमको लागि झापा, सर्लाही, चितवन र रूपन्देहीमा जग्गा खरिद गर्दा १ अर्ब ३४ करोड रुपियाँ अनियमितता भएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ । तत्कालीन वाणिज्य सचिव प्रेमकुमार राई निगमको अध्यक्ष हुँदा जग्गा खरिद भएको हो ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का तत्कालीन अध्यक्ष गणेश थापाले सङ्घको अध्यक्ष हुँदा अर्बौं रुपियाँ अनियमितता गरेको उजुरी परेपछि अख्तियारले छानबीन गर्‍यो । लोकमानको महाअभियोग दर्तासँगै उक्त मुद्दा तामेलीमा छ ।

सुन काण्डको फाइल पनि तामेलीमा त जाने होइन भनी जनताले प्रश्न गरिरहेका छन् ।

# गठबन्धन सरकारको साझा सङ्कल्प र स्वास्थ्य क्षेत्रको चुनौती

✍ विवेक

*शासक दलहरू एमाले, नेका र माओवादीहरूले मेडिकल कलेज र निजी अस्पतालहरूलाई निर्वाचन खर्च जुटाउने राम्रो स्रोत बनाएका छन् । मरेको बिरामीलाई भेन्टिलेटरमा राखेर बिरामीको परिवारसँग लाखौँ असुल्नेदेखि सामान्य उपचारमा गएकालाई समेत चाहिनेभन्दा कैयौँ गुणा औषधी लेखेर बिरामीको स्वास्थ्यमाथि खेलबाड गर्ने थुप्रै अस्पतालहरू छन् । तर शासक दलका नेताहरू ती सबै कुरा बुझ्रेर पनि आँखा चिम्लेर बसेका छन् ।*

स्वास्थ्य उपचार अहिले नेपाली जनताको ठूलो समस्या हो । सामान्य परिवारका मानिस बिरामी परे उसले घर खेत बेचेर उपचार गर्नुपर्ने अवस्था छ । सरकारी र सामुदायिक अस्पतालहरूमा राम्रो सेवा उपलब्ध भएको भए जनताले उपचारको निम्ति अहिलेको जस्तो दु:ख पाउने थिएनन् । एक सर्वेक्षणअनुसार नेपालमा वार्षिक ५ लाख मानिसहरू स्वास्थ्य उपचारकै कारण गरिबीको रेखामुनि झर्छन् ।

१४ महिनामा ३ पटक सरकार परिवर्तन भयो । नेपाली जनताले तीनै पटक साझा सङ्कल्प सुन्ने र हेर्ने अवसर पाए । जनताको रगत र पसिनामा होली खेल्ने हाम्रा शासक दलहरू स्वास्थ्य उपचारमा जनताले कति दु:ख पाइरहेका छन् भन्नेमा कुनै चासो समेत राख्दैनन् । साझा सङ्कल्प कार्यान्वयन गर्नुपर्छ भन्नेसमेत दलको तर्फबाट मन्त्री भएकाहरूले कुनै दायित्वबोध गर्दैनन् । चैत्र ६ गते नयाँ गठबन्धन सरकारले 'साझा सङ्कल्प' सार्वजनिक गर्यो । स्वास्थ्यबारे सङ्कल्प प्रस्तावमा भनिएको छ – १) सबै पालिकाहरूमा आधारभूत स्वास्थ्य सुविधा पुऱ्याउने, दायरा बढाउँदै किफायती स्वास्थ्य बीमा कार्यक्रममार्फत नागरिकको स्वास्थ्य उपचार सहज बनाउने । २) सरकारी, सामुदायिक र निजी क्षेत्रबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तरको सुनिश्चितताको लागि नियमनकारी निकाय राष्ट्रिय प्रत्यायन प्राधिकरण, रोग नियन्त्रण केन्द्र बनाई स्वास्थ्य सेवाको नियमन गर्ने ।

सरकारको हरेक वर्षको नीति तथा कार्यक्रममा यस्ता राम्रा राम्रा घोषणाहरू हुने गर्दछ । मुख्य कुरा नीति तथा कार्यक्रम, बजेट भाषण र साझा सङ्कल्पमा होइन जनतालाई वास्तविक समस्याको समाधान चाहिएको छ । जनताले भोगिरहेका समस्याबारे सम्बन्धित मन्त्रीहरूमा जानकारी नभएसम्म त्यसको समाधान सम्भव छैन । त्यसैले मन्त्रीहरू सम्बन्धित विषयको विज्ञ हुनु आवश्यक छ ।

सरकारी अस्पतालमा कार्यरत कतिपय चिकित्सकहरू नाफाखोर औषधी व्यापारीहरूसँग मिलेर बिरामीलाई चाहिनेभन्दा बढी औषधी लेख्ने, अस्पतालमा हाजिर गरेर निजी क्लिनिक वा नर्सिङहोम धाउने, अस्पतालको एक्स रे बिग्रेको भन्दै कमिसनको लागि बिरामीलाई निजी क्लिनिकमा पठाउने गर्छन् । त्यस्ता अनैतिक कार्यहरूले गर्दा नै आज सरकारी अस्पतालहरूप्रति विश्वास घट्दै गएको हो ।

सरकारले निजी अस्पताल र निजी मेडिकल कलेजलाई प्राथमिकतामा राखेसम्म स्वास्थ्य उपचारमा जनताले सहज सुविधा पाउन सम्भव हुँदैन । निजी क्षेत्रले आफ्नो लगानीअनुसार नाफा खोज्छ । उनीहरूले स्वस्थ्य क्षेत्रलाई सेवाभन्दा व्यापारिक क्षेत्र बनाएका छन् । छोटो समयमा धेरै पैसा कमाउन चाहने व्यापारीहरू उद्योगधन्दा खोल्नुको सट्टा निजी अस्पताल, मेडिकल कलेज खोल्नतिर लागे । अरबौं रुपैयाँ लगानी गर्नेहरूले एकजना विद्यार्थीसँग एमबीबीएस (स्नातक) पढ्न पनि ६०।७० लाख असुल्छन् । स्नातकोत्तर (एमडी) को लागि थप ३०।४० लाख लिने गरेका छन् । निजी क्षेत्रबाट १ जना राम्रो चिकित्सक तयार गर्न झण्डै १ करोड लगानी र ९।१० वर्षको समय आवश्यक छ । सरकारले तोकेको भन्दा धेरै शुल्क असुले पनि राम्रो अनुगमन नगर्दा मेडिकल कलेजको मनपरी चलिरहेको छ । त्यसको नियन्त्रण हुनु आवश्यक छ ।

शासक दलहरू एमाले, नेका र माओवादीहरूले मेडिकल कलेज र निजी अस्पतालहरूलाई निर्वाचन खर्च जुटाउने राम्रो स्रोत बनाएका छन् । मरेको बिरामीलाई भेन्टिलेटरमा राखेर बिरामीको परिवारसँग लाखौँ असुल्नेदेखि सामान्य उपचारमा गएकालाई समेत चाहिनेभन्दा कैयौँ गुणा औषधी लेखेर बिरामीको स्वास्थ्यमाथि खेलबाड गर्ने थुप्रै अस्पतालहरू छन् । तर शासक दलका नेताहरू ती सबै कुरा बुझ्रेर पनि आँखा चिम्लेर बसेका छन् ।

अहिलेको नयाँ गठबन्धनले के सङ्कल्प गर्यो ? त्यो जनताको खासै चासोको विषय होइन । नागरिकले सहज ढङ्गले उपचार पाउने सुविधा र विनाउपचार गरिबहरू मर्नुपर्ने बाध्यताको अन्त्य जनताको अपेक्षा हो । हुन त यसअघि केपी ओली प्रधानमन्त्री भएको बेला २०७७ साउन २८ गते ३९६ वटा र सोही वर्ष पुस १२ गते २५९ वटा पालिकास्तरीय अस्पतालहरूको शिलान्यास भएको थियो । भूगोल र जनसङ्ख्याको आधारमा प्रत्येक पालिकामा ५, १० र १५ शैय्याको अस्पताल बनाउने नीतिअन्तर्गत त्यो कार्यक्रम भएको थियो । शिलान्यास कार्यक्रम जति तामझामका साथ भयो काम भने हुन सकेन । अहिलेसम्ममा मुस्किलले २ दर्जन अस्पतालहरू बनेका होलान् । अरू त कतै जग्गा विवाद, कतै बजेट अभाव त कतै ठेकेदारले काम नगर्दा अलपत्र भएर धेरैजसो बेवारिसे अवस्थामा रहेका छन् ।

अहिले माओवादी अध्यक्ष प्रचण्ड नेतृत्वको सरकार भए पनि गठबन्धन दलको सबैभन्दा ठूलो दल एमाले नै हो । एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री भएको बेला सुरु गरेका पालिकास्तरीय अस्पतालहरूको भौतिक पूर्वाधारहरू तयार गरी सञ्चालनमा ल्याउनु अहिलेको सरकारको ठूलो चुनौती हो ।

स्वास्थ्य बिमा सुरु भएको ५।६ वर्ष भयो । बिमाले गरिब परिवारलाई उपचारमा धेरै राहत मिलेको पनि हो । तर, बिमाका कार्यक्रमप्रति जनता विश्वस्त हुन सकेका छैनन् । अहिले ७४ लाख बिमितहरूमध्ये ४७ लाखमात्रै सक्रिय बिमितहरू रहेको तथ्याङ्कले देखाएको छ । फार्मेसीमा औषधी उपलब्ध नहुनु, सरकारले अस्पतालहरूलाई बिमाबापत भुक्तानी समयमा उपलब्ध नगराउनु र झन्झटिलो प्रक्रिया आदिका कारण जनता बीमातर्फ आकर्षित हुन सकेका छैनन् । भनपाद्वारा सञ्चालित ख्वप अस्पतालको विमा वापतको १४ करोडभन्दा बढी भुक्तानी बाँकी भएको अस्पतालले जनाएको छ भने भक्तपुर क्यान्सर अस्पतालको फर्मेसीमा रकम अभावको कारण धेरै जसो औषधि अभाव भएको बताइन्छ । स्थानीय सरकारको सिफारिसमा विपन्न परिवारलाई रु. १ लाख बराबरको स्वास्थ्य उपचार गर्ने सरकारी नीतिअनुसारका उपचार वापतको ९ करोडभन्दा बढी र विमाको पनि ठूलो रकम भुक्तानी बाँकी भएको कारण कठिनाइ भोग्नुपरेको अस्पतालका पदाधिकारीहरूको भनाइ छ । देशैभरका अस्पतालहरूको स्थिति योभन्दा फरक नहोला । यसर्थ 'स्वास्थ्य बिमा कार्यक्रममार्फत नागरिकको स्वास्थ्य उपचारमा पहुँच पुऱ्याउने' सरकारको सङ्कल्प कार्यान्वयन अर्को यस सरकारको चुनौती हो ।

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव अहिले स्वास्थ्यमन्त्री भएका छन् । उनी यसअघि २०७५ सालमा पनि स्वास्थ्यमन्त्री भइसकेका हुन् । त्यतिबेला 'स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउने विश्वव्यापी प्रयासको ४० औं वर्षगाँठमा कजाकिस्तानमा आयोजित स्वास्थ्य सम्मेलनमा उनले 'सबैको लागि स्वस्थ्य' लागु गर्न नसक्ने बताएका थिए (हिमाल, २०७८ असार) । नेपालको संविधानले आधारभूत स्वास्थ्य उपचार नि:शुल्कको व्यवस्था गरेको छ । हाम्रा स्वास्थ्यमन्त्री अन्तर्राष्ट्रिय सम्मेलनमा समेत संविधानविपरीत बोल्न पछि पर्दैनन् । त्यस्तो बेलगाम भाषण गर्ने छुट अहिलेको स्वास्थ्यमन्त्रीलाई छैन ।

नेपाल सरकारले स्वास्थ्य क्षेत्रमा देशको कूल बजेटको ४ प्रतिशत मात्रै छुट्याइएको देखिन्छ । जनसङ्ख्याको आधारमा यो अत्यन्तै न्यून बजेट हो । देशको लागि आवश्यक बजेटको व्यवस्थापन अत्यन्त जरुरी छ । सबै पालिकाहरूमा भौतिक पूर्वाधारहरू निर्माणमात्रै होइन, आवश्यक स्वास्थ्य उपकरणहरू र जनशक्तिको उपलब्धता आवश्यक छ ।

अहिले नेपालमा धेरै स्वास्थ्यकर्मीहरूको उत्पादन भइरहेको छ । सरकारले रोजगारीको व्यवस्था र आकर्षक सेवा सुविधाको व्यवस्था गर्न नसक्दा धेरै दक्ष चिकित्सकहरू विदेश पलायन भइरहेका छन् । सन् २०२३ मा २,२२२ जना चिकित्सक उत्पादन भएकोमा २,३१८ चिकित्सक विदेश गएको तथ्याङ्कले सरकारलाई सोच्नैपर्ने अवस्थामा पुऱ्याएको छ । नेपालमा उत्पादित दक्ष जनशक्ति देशका विभिन्न अस्पतालहरूमा खटाई बिरामीहरूको सेवामा पठाउनु यो सरकारको अर्को चुनौती हो ।

संविधानले ३ तहको सरकारको व्यवस्था गरेको छ । संघ सरकारले विशिष्टिकृत अस्पताल, प्रदेश सरकारले सबै प्रदेशमा १०० देखि ३०० शैय्याको अस्पताल र सबै स्थानीय तहले १५–१०० शैय्यासम्मको अस्पतालको बन्दोबस्त गर्न सके व्यापारिक प्रयोजनका लागि खोलिएका सबैजसो निजी अस्पतालहरू बन्द हुने अवस्थामा पुग्नेछन् । त्यसको लागि सबै स्थानीय तहलाई केन्द्र र प्रदेशले भौतिक पूर्वाधार निर्माण, स्वास्थ्य उपकरण र आवश्यक जनशक्ति व्यवस्थापन गर्नुपर्नेछ ।

सरकारी मेडिकल कलेजहरू सञ्चालनतर्फ सङ्घ र प्रदेशले ध्यान दिनुपर्ने र राम्रा राम्रा विद्यार्थीको रोजाइका विषय चिकित्सा शिक्षा हुने हुँदा चिकित्सा शिक्षा पूर्ण नि:शुल्क गर्नु आवश्यक छ । छात्रवृत्तिमा पढ्ने चिकित्सकहरूलाई सरकारले जुनसुकै क्षेत्रमा पनि खटाउन सकिन्छ । वर्तमान सरकारले यसतर्फ ध्यान दिने जनताको आशा छ ।

धेरै लगानी गरेर पढेर आएका चिकित्सकहरू एकातिर सरकारले केही वर्षदेखि लोकसेवामा भर्ना नखोलेको र अर्कोतिर सरकारले शाखा अधिकृतकै तलब सुविधामा करारमा नियुक्त गरी काममा लगाउने गर्नाले पनि कति चिकित्सकहरूले देश छोड्ने सोच बनाएका छन् । त्यसलाई समयमै रोक्नेतर्फ ध्यान दिइएन भने अबको ८।१० वर्षपछि नेपालीहरूलाई उपचार गर्ने राम्रा चिकित्सकहरू नपाउने अवस्था आउन सक्छ ।

स्वास्थ्य विशुद्ध सेवा क्षेत्र हो । त्यसलाई व्यापारीकरण हुनबाट रोकिनुपर्छ । त्यसको लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय र सहकार्य गरी जनतामा केन्द्रित स्वास्थ्य नीति बनाउनु जरुरी छ । स्वास्थ्य उपचार महँगो भएकैले पनि मानिसहरू जसरी पनि पैसा कमाउनतिर दौडेका हुन् । नेपाल सरकारले सबै सरकारी अस्पतालहरूमा आधुनिक सुविधासहितको उपचार सेवाको व्यवस्था गरी दिन सके नयाँ गठबन्धन सरकार गठन भएको जनताले केही भए पनि अनुभूति गर्ने छन् कि !

# गुठी जग्गा रैतानीमा परिणत गर्नु जरुरी

✍ रामरतन चौधरी

नेपालको कूल क्षेत्रफलमध्ये करिब १६ प्रतिशत भूमि खेती गर्न मिल्ने रहेको जानकारहरूको मत छ । कृषियोग्य भूमि कम भए पनि कूल श्रम शक्तिमा कृषिको अंशको हिसाब अन्य देशको भन्दा नेपालको बढी छ । नेपालमा करिब ९७ प्रतिशत मानिसहरू कुनै न कुनै रूपमा कृषिमा संलग्न छन् । अस्ट्रेलिया, क्यानडाजस्ता देशहरूमा एकजना किसानको निम्ति १०० हेक्टरभन्दा बढी जमिन उपलब्ध भएको देखिन्छ भने नेपालमा ०.८ हेक्टरभन्दा कम छ । नेपालमा अधिकांश भूमि जमिनदार र उद्योगीहरूको कब्जामा रहेको कारण जोत्ने किसानहरू समस्यामा छन् । राष्ट्रिय भूमि आयोगमा १० लाख १५ हजार पाँचसय ७० भूमिहीन परिवारले जग्गा माग गरेको समाचार छ । कमैया, कमलरी, हली, गोठालोलाई मोहीयानी हक नदिएको सरकार किसान विरोधी हो ।

गुठी जग्गाका किसानहरूको समस्या झन् पीडादायी छ । प्रजातन्त्र र गणतन्त्र आएको लामो समय बित्दा पनि गुठी जग्गाका किसानहरू सामन्तको शोषणमा छन् । २०६४ सालअघि केही किसानहरूले गुठी जग्गा रैकरमा परिणत गरे । तर, आर्थिक अवस्था कमजोर भएका सोझासिधा किसानहरूले आफूले जोत्दै आएको जमिन अझै रैकर गराउन पाएनन् ।

२०७६ सालमा तत्कालीन सरकारले सङ्घीय संसद्मा 'गुठीसम्बन्धी कानुन एकीकरण र संशोधन गर्न बनेको विधेयक, २०७५' पेश गर्दा गुठी जग्गा जोत्ने किसानहरूमा केही आशा पलाएको थियो तर त्यो विधेयकलाई तत्कालीन सरकारले अगाडि बढाएन । त्यसबेला केही सामन्त र मठाधीशहरूले विधेयकविरुद्ध सर्वसाधारण जनतालाई सडकमा उतारे ।

स्रोतअनुसार गुठी विधेयक राष्ट्रिय सभामा दर्ता भएको केही समयपछि नेपाली काङ्ग्रेसका सांसद राधेश्याम अधिकारीले भरत जङ्गमलाई जानकारी गराएपछि जङ्गमले गुठी संरक्षण पुच:का अध्यक्ष केदारभक्त माथेमा, पशुपति क्षेत्र विकास कोषका पूर्वसदस्य सचिव गोविन्द टण्डन, लक्ष्मी बहादुर नियाले, पूर्व सचिव दिपक सापकोटालगायतलाई जेठ १९ गते बत्तीस पुतलीको द्वारिका होटलमा बोलाएर बैठक गरे । सो बैठकपछि विधेयकविरुद्ध काठमाडौंमा विरोध सुरु भयो । त्यसैबेला नेपाली काङ्ग्रसले एक विज्ञप्ती जारी गरेर विधेयकको विपक्षमा उभिएको बताउँदै संसद अवरोध गऱ्यो । राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि गुठी विधेयक तत्काल फिर्ता नलिए नेपाली काङ्ग्रेससँग मिलेर आन्दोलन गर्ने धम्की दियो । नेकपा विप्लवका कार्यकर्ताहरू पनि मोही किसानलाई जग्गा दिने विधेयकको विरोधमा लागेको बताइन्छ । नेकपा माओवादीका सांसद पम्फा भूसालले त विधेयकविरुद्ध संसद्मै बोलिन् ।

गुठी संरक्षण पुच:का अध्यक्ष केदारभक्त माथेमाले "गुठी जग्गामा मोहियानी हक लाग्दैन, यो विधेयक जस्ताको तस्तै पारित भयो भने गुठी जग्गा मोहीको पोल्टामा जान्छ", लक्ष्मीश्वर मन्दिरका पुजारी बागेश्वर राजोपाध्यायले "भगवानको जग्गामा पनि मोहियानी हक लाग्छ र ?" भन्ने प्रश्न गरे । मठाधीश भरतमणि जंगमले मोही किसानलाई गुठी जग्गाको मालिक बनाए देशको पहिचान नै मेटिने कुतर्क गरे ।

अहिले देशैभरि गुठी जग्गा जोत्ने किसानहरू आफूले जोतेको जमिन आफ्नै नाममा गराउनुपर्ने माग राख्दै आन्दोलित छन् । प्युठानको स्वर्गद्वारी गुठी जग्गा जोती आएका दाङका किसानहरू जिल्ला प्रशासन कार्यालय दाङमा धर्ना बसिरहेका छन् । जोताहा किसानहरू सरकारलाई आफ्नो माग सुनाउन काठमाडौँ पनि पुगे । तर, सरकार मौन छ ।

नेपालको अदालत पनि सामन्तहरूको छायामा परेको धेरै समाचार छन् । २०६२ चैत १४ गते सर्वोच्च अदालतले स्वर्गद्वारी आश्रमको गुठी मुद्दामा परमादेश जारी गर्दै भन्यो - 'यो गुठी विशेष प्रकृतिको निजी गुठी भएकोले आश्रमको स्वायत्ततामा आँच पुग्ने गरी आश्रमको नाममा दर्ता भएको जग्गा कुनै पनि किसिमले खण्डित र हिनामिना हुन नदिनु ।'

स्वर्गद्वारी आश्रममा वार्षिक पूजाआजा र अन्य कार्यका लागि वार्षिक ६ करोड रुपैयाँ आवश्यक पर्ने जानकारीमा आएको छ । करोडौँ खर्च गरेर गरिने पूजा कस्तो होला ? त्यहाँ उठ्ने करोडौँको भेटी कहाँ जान्छ ? पूजाका नाममा किसानसँग कुत उठाएर मनपरि गर्नु शोषण नै हो । के मठ, मन्दिर जोगाउने, जात्रा, पर्व, पूजा चलाउने जिम्मेवारी गुठी किसानको मात्रै हो र ? देशको सांस्कृतिक धरोहर बचाउने काम राज्यको हो । राज्यभित्र सबै जनता समेटिन्छन् ।

सिन्धुपाल्चोकको दुईवटा गाउँमा गरिएको एउटा सर्वेक्षणमा करिब ४५ प्रतिशत घर परिवारले अरूको जमिनमा काम गर्ने र तिनीहरूमध्ये ९५ प्रतिशतभन्दा बढीले जग्गाधनीलाई कुत बुझाए पनि रसिद नपाएको देखाएको थियो । त्यहाँको गरिबीको मूल कारण जोताहा किसानले मोही अधिकार नपाएकोले नै हो । गुठी जग्गाको समस्या सिन्धुपाल्चोकलगायत देशैभरि विकराल छ । यो समस्या समाधान गर्नको निम्ति गुठी जग्गा रैतानीमा परिणत गरेर जोत्ने किसानलाई दिनु जरुरी छ ।

गुठी संस्थानले आर्थिक वर्ष २०८०/८१ का लागि पर्वपूजासम्बन्धी खर्चको निम्ति १४ करोड ६३ लाख ९९ हजार दुई सय ५५ रुपैयाँ बराबरको बजेट बनाएको छ भने गुठी संस्थानमा रहेका १८८ जना कर्मचारी पाल्नको निम्ति २६ करोड १ लाख ३६ हजार दुई सय पचपन्न रुपैयाँ प्रशासनिक खर्च हुने बताएको छ । यसले गुठी किसानहरूको थाप्लोमा गुठी संस्थानका कर्मचारी र केही मठाधीशहरूले रजाइँ गरिरहेको प्रस्ट देखिन्छ । यसकारण गुठी संस्थान नै खारेज गर्नु जरुरी छ । गुठीको जिम्मेवारी सम्बन्धित स्थानीय तहलाई दिनु उपयुक्त हुनेछ ।

सामन्तवादका पृष्ठपोषकहरूले गुठी जग्गा किसानलाई वितरण गरे 'धर्मलोप' हुने दाबी गर्छन् । आफ्नो पुर्खादेखि जोत्दै आएको जमिनको आयस्रोत केही मुट्ठीभर मठाधीश र सामन्तहरूले खाइरहने. किसानहरू पसिना बगाइरहने र दु:ख पाइरहने हो भने त्यस्तो 'धर्म' कसरी उचित हुन्छ ? शोषणमा आधारित असमानताको खाडल बढाउने मानवताविरोधी धर्म कामदार जनताले चाहेका होइनन् ।

नेपालमा अहिले आफूलाई कम्युनिस्ट दाबी गर्ने शासक दलहरूको सरकार छ । उहाँहरूले हेक्का राख्नुपर्छ नेपाल कम्युनिस्ट पार्टीको पहिलो घोषणापत्रमा "बिनामुआब्जा जमिनदारी प्रथा र सबै खालको शोषणको उन्मूलन र जोताहाहरूलाई जमिनको वितरण गर्ने, ग्रामीण ऋण खत्तम गर्ने, कृषि मजदुरलाई जीवन योग्य ज्यालाको बन्दोवस्त गर्ने" उल्लेख गरिएको थियो ।

नेकपा एमालेको २०४९ सालको दस्तावेजमा पनि "जमिनमाथि रहेको सामन्ती भूस्वामित्वको पूर्णरूपमा उन्मूलन गरी अर्धसामन्ती शोषणका सम्पूर्ण रूपहरूलाई समाप्त पार्ने उल्लेख छ भने क्रान्तिकारी भूमिसुधारको कार्यक्रम कार्यान्वित गर्दै वास्तविक जोताहा तथा भूमिहीन किसानलाई भूमिको वितरण गरिने" पनि उल्लेख छ ।

नेकपा माओवादीले २०५२ सालमा सशस्त्र युद्ध सुरु गर्नुअघि शेरबहादुर देउवा नेतृत्वको सरकार समक्ष ४० सूत्रीय माग पेश गरेको थियो । जसको बुँदा नं २६ मा "जमिन जोत्नेको हुनुपर्ने, सामन्तहरूको जमिन जफत गरेर भूमिहीन तथा सुकुम्बासीहरूलाई वितरण गर्नुपर्ने" उल्लेख गरेको थियो । अब माओवादीकै प्रचण्डको नेतृत्वमा एमालेसहितको सरकार छ । गुठी जग्गा पीडितले न्याय पाउँछन् कि पाउँदैनन् ? कमैया, कमलरी, हली, गोठालोलगायत जोताहाले मोहीयानी हक पाउँछन् कि पाउँदैनन् ? पाउनुपर्दछ ।

*२०८० चैत ११*

### अनियमितताबाट अर्बपति ! अनियमितितामा पनि अर्बपति !
### बाँसबारीको सरकारी जग्गा नेपाल सरकारको नाममा फिर्ता !

# दोषीले सजाय पाउनैपर्छ, अन्यथा कानुनी राज्यको उपहास हुने

*बाँसवारी छाला तथा जुत्ता कारखाना सञ्चालन घाटामा रहेको देखाउँदै सोही निहुँमा चौधरी परिवारले बाँसवारी छाला जुत्ता कारखानाको जग्गा पनि र छाला जुत्ता कारखानाको शेयर बापत नगद रुपैयाँ पनि हात पारेको देखिन्छ । बाँसबारी छाला जुत्ता कारखानाका तत्कालीन कार्यकारी अध्यक्ष अजित नारायणसिंह थापासमेतको मिलेमतोमा सरकारी जग्गा हत्याएको प्रारम्भिक अनुसन्धानबाट देखिएपछि तत्कालिन अध्यक्ष थापा, च्याम्पियन फुटवेयरका सञ्चालक विनोद चौधरीका भाइ अरुण चौधरीसमेत विरुद्ध सरकारी जग्गा किर्ते गरी ठगी गरेको मुद्दाको अनुसन्धान अगाडि बढाइएको हो ।*



✍ रामप्रसाद प्रजापति

**जमानी वा हाजिरी जमानीमा अनुसन्धान !**

केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले बाँसबारी सरकारी जग्गा प्रकरणमा अनुसन्धानका लागि अरबपति विनोद चौधरीसँग शुक्रबार सरकारी वकिल कार्यालय, काठमाडौँमा बयान लिएको छ ।

सरकारी वकिल कार्यालय, काठमाडौँमा बयान लिएपछि सीआईबीले प्रमाण नष्ट गर्ने अवस्था नभएको र भागी जाने अवस्था नभएकोले पक्राउ नगरी अनुसन्धान गरिएको बताइएको छ ।

त्यसैगरी माओवादी नेता एवं पूर्व सभामुख कृष्णबहादुर महरालाई पनि सुन तस्कर प्रकरणमा पक्राउ गरिएकोमा चौथो दिन शुक्रबार नै उनको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै, बयान लिने प्रक्रिय सकिसकेको अवस्थामा थुनामा राखी कारबाही गर्नुभन्दा हाजिर जमानीमा छोड्न सीआईबीले सहमतिको लागि पत्र लेखेकोमा सरकारी वकिल कार्यालय, काठमाडौँले आवश्यक परेका बखत हाजिर हुने गरी हाजिर जमानीमा छोडेको छ ।

मानवअधिकारको सम्मान तथा स्वच्छ सुनुवाइ सिद्धान्तको दृष्टिकोणले हेर्दा अनावश्यकरूपमा पक्राउ गरी आँखा चिम्लेर अनुसन्धानका लागि भन्दै हिरासतमा राख्ने, म्याद थपको लागि प्रहरीले सरकारी वकिलमार्फत सम्बन्धित जिल्ला अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष हाजिर गराउँदा प्रमाण नष्ट गर्ने सम्भावना नरहेको र भागिजाने सम्भावना वा भाग्नुपर्ने अवस्था पनि नदेखिएको स्थितिमा पनि बिना कुनै सबुद प्रमाण सर्वसाधारण नेपाली नागरिकहरूले २४/२५ दिनसम्म हिरासतमा थुनी राख्ने प्रचलन र प्रवृत्तिको न्यूनीकरण हुने आशा एकातिर गरिएको छ भने अर्कोतिर नेपाल प्रहरीले सामान्यभन्दा सामान्य खालका जस्तै २/४ लाखको चेक बाउन्ससम्बन्धी मुद्दामा समेत बैङ्किङ् कसूर मुद्दाको जाहेरी परेको भरमा पक्राउ गरी थुनामा राख्ने, थुनामा परेका व्यक्तिको सुरक्षा, खानपिन बापत प्रतिदिन रु.३००।- (तीन सय रुपैयाँ) का दरले सिधा खर्च, स्वास्थ्य उपचार, प्रहरी-सरकारी वकिल कार्यालय-अदालतको झन्झटिलो कानुनी प्रक्रिय पूरा गर्न नेपाल सरकारको लाखौँ रुपैयाँ खर्च व्यहोर्ने गरेको दु:खद स्थिति विद्यमान छ ।

हरेक दिन ७७ वटै जिल्ला अदालतहरूमा दर्जनौँ चेक अनादर अर्थात् चेक बाउन्स भएको कारणले बैङ्किङ कसुर मुद्दा चलेको अवस्था सम्बन्धित जिल्ला अदालतको दैनिक पेशी सूचीबाट प्रस्ट देख्न सकिन्छ ।

साथै चेक बाउन्स भएको कारणले सम्बन्धित बैङ्कमा कालोसूचीमा राख्न सकिने व्यवस्था भएकोमा त्यसरी चेक दिई चेकबमोजिमको रकम भुक्तानी गर्न सम्बन्धित खातामा पर्याप्त रकम नभएकोले चेक अनादर अर्थात् चेक बाउन्स भएको कारणले चेकबमोजिमको रकम नदिई फरार रहेका व्यक्तिले उल्टै आफ्नो कालोसूचीमा नाम समावेश गरेको निहुँमा गलत नियत भएका प्रहरीसँग नजिकका मानिस वा आफन्त भएको भन्दै प्रहरी प्रशासनमा रहेको मानिस वा सानातिना शुभलाभका स्वार्थले भनसुनका भरमा चेक पाएर पनि पैसा नपाएका साहुलाई नै उल्टै प्रहरीले थुनामा राख्ने गरेको चिन्ताजनक अवस्थाका बारेमा पनि यथोचित ध्यान दिनु जरुरी छ ।

**बाँसबारीको जग्गा नेपाल सरकारको नाममा !**

भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौँको मिति २०८० चैत ९ गतेको निर्णयले विनोद चौधरीको परिवारले आफ्नो स्वामित्वमा च्याम्पियन फुटवेयर लिमिटेड दर्ता गरी आफ्नो कम्पनीको नाममा दर्ता गर्न लगेको अहिले चौधरी ग्रुपले नै विद्यालय सञ्चालन गर्दै गरेको क्षेत्रफल १० रोपनी भएको बाँसवारीको का.म.न.पा.वडा नं. २२ साविक कित्ता नं. ४२० हालको कित्ता नं. ५८ र साविक कित्ता नं. ४२९ हालको कित्ता नं. १६ का दुई कित्ता जग्गाहरू मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम नेपाल सरकारको नाममा फिर्ता ल्याइएको छ ।

उल्लिखित जग्गाहरू २०६६ साल कार्तिकमा हाल साबिक गरेको देखियो । २०६६।०७।२४ को हाल साबिकको निर्णयले साविक काठमाडौँ नगरपालिका वडा नं. २२(छ) कित्ता नं. ४२० हाल साबिक भई हाल महानगर ३ सिट नं. १०२०९४७१६ कि.नं. ५८ क्षेत्रफल ४६०७.२० र साबिक नगर २२ (छ) कित्ता नं. ४२९ हाल साबिक भई हाल नगर ३ सिट नं. १०२०९४७२१ कि.नं. १६ क्षेत्रफल ४८७ बर्गमिटर कायम भएको रहेछ ।

मालपोत ऐन, २०३४ को दफा २४ ले सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा दर्ता गर्न वा आवाद गर्न नहुने कानुनी व्यवस्था गरेको पाइन्छ । कसैले यो दफा प्रारम्भ हुनुभन्दा अघि वा पछि सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वत: बदर हुने र त्यस्तो जग्गाको व्यक्ति विशेषका नाउँमा रहेको दर्ता लगतसमेत मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीले कट्टा गर्नेछ भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ । सोहीबमोजिम सीजी होल्डिङले सञ्चालन गर्दै आएको चाँदबाग रेसिडेन्सी प्रा.लि.को उल्लेखित कित्ता जग्गाहरू नेपाल सरकारका नाममा फिर्ता ल्याएको हो ।

यसरी कसैले सरकारी वा सार्वजनिक जग्गा दर्ता वा आवाद गराएमा त्यस्तो कसुर गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था मालपोत ऐनको दफा २९ ले गरेको पाइन्छ ।

**अनियमितताबाट अर्बपति ! अनियमितितामा पनि अर्बपति !**

बाँसबारी छाला जुत्ता कारखानाअन्तर्गतको जग्गामध्ये ४२ वर्षअघि बनाएको योजनाबमोजिम २०५४ सालमा चौधरी परिवारका अरुणकुमार चौधरी र शिला चौधरी शेयरधनी रहेको च्याम्पियन फुटवेयर लिमिटेडलाई प्राइभेट लिमिटेडमा परिणत गरेको रहेछ ।

बाँसवारी छाला तथा जुत्ता कारखाना सञ्चालन घाटामा रहेको देखाउँदै सोही निहुँमा चौधरी परिवारले बाँसवारी छाला जुत्ता कारखानाको जग्गा पनि र छाला जुत्ता कारखानाको शेयर बापत नगद रुपैयाँ पनि हात पारेको देखिन्छ । बाँसबारी छाला जुत्ता कारखानाका तत्कालीन कार्यकारी अध्यक्ष अजित नारायणसिंह थापासमेतको मिलेमतोमा सरकारी जग्गा हत्याएको प्रारम्भिक अनुसन्धानबाट देखिएपछि तत्कालिन अध्यक्ष थापा, च्याम्पियन फुटवेयरका सञ्चालक विनोद चौधरीका भाइ अरुण चौधरीसमेत विरुद्ध सरकारी जग्गा किर्ते गरी ठगी गरेको मुद्दाको अनुसन्धान अगाडि बढाइएको हो ।

अनुसन्धानको क्रममा तत्कालीन श्री ५ को सरकारले जग्गा प्राप्ति ऐन, २०१८ बमोजिम नेपाल गजेटमा सूचना प्रकाशित गरी सरोकारवालाहरूलाई मुआब्जा दिई रितपूर्वक अधिग्रहण गरेको सरकारी जग्गा तत्कालीन श्री ५ को सरकारको निर्णयबिना नै बाँसबारी छाला जुत्ता कारखाना लिमिटेडको तत्कालीन सञ्चालक समिति र कार्यकारी अध्यक्ष थापाले आफूसँग हुँदै नभएको अधिकारको प्रयोग गरी १० रोपनी जग्गा चौधरी परिवारले सञ्चालन गर्ने भनिएको च्याम्पियन फुटवेयरलाई दिएको थियो ।

चौधरी परिवारकै योजनाबमोजिम दोस्रो चरणमा २०५४ साउन १२ मा च्याम्पियन फुटवेयर लिमिटेडमा रहेको बाँसबारी छालाजुत्ता कारखाना लिमिटेडको शेयर चौधरी परिवारले नै खरिद गरेपछि जग्गा हत्याउने योजनाअनुरूप दर्ता भएको च्याम्पियन फुटवेयर लिमिटेडलाई पब्लिक लिमिटेडबाट प्राइभेट लिमिटेड बनाउने प्रक्रिय सुरु गरेको देखिन्छ ।

बाँसबारी छाला जुत्ता कारखानाको २५ प्रतिशत शेयर २०५४ साउन १२ गते अरुणकुमार चौधरीले आफ्नो नाममा ल्याएपछि २०५४ पुस ४ गते सरकारी स्वामित्वको च्याम्पियन फुटवेयर लिमिटेड अरुणकुमार चौधरी र शिला चौधरीको नाममा प्राइभेट लिमिटेडमा दर्ता भएको देखिन्छ । यसरी छिमेकी चीन सरकारले नेपाल सरकारलाई अनुदानमा बनाई दिएको बेजोडको एउटा सरकारी छालाजुत्ता कारखानालाई धराशयी बनाउनुका साथै सरकारी स्वामित्वको कारखानालाई निजी बनाई सरकारी जग्गासमेत गैरकानुनी एवं अनियमितरूपमा हत्याउने काम चौधरी परिवारले गरेको प्रस्ट देखिएको छ ।

२०५४ पुस ४ गते सरकारी स्वामित्वको कम्पनीलाई निजी (प्राईभेट लिमिटेड) मा परिणत गरेर त्यसपछि च्याम्पियन फुटवेयर प्रा.लि.को नाम नै परिवर्तन गरेर सिजी चाँदबाग रेजिडेन्सी प्रा.लि. बनाइएको छ ।

चौधरीले जनार्दन शर्मा अर्थमन्त्री हुँदा भोलिपल्ट संसद्मा पेश गरिने बजेटमा आफूलाई फाइदा हुने गरी कर तथा राजश्वको दरमा हेरफेर गर्न मध्यरातमा सिंहदरबारभित्र मान्छे पठाएको आरोप लागेको थियो । त्यस्तै कर छलि र विदेशमा सम्पत्ति राखी नेपाल राज्यको कानुनलाई चुनौती दिँदै आए तापनि हालसम्म सरकारमा पुग्ने राजनीतिक दलहरूकै संरक्षणका कारण सम्पत्तिको हिसाबमा अर्बपति हुनुका साथै अनियमितताको अर्बपति पनि भएको चर्चा छ ।

**अनुसन्धान जारी छ**

सरकारी जग्गा निजी बनाइएको यो प्रकरणमा प्रहरीको केन्द्रीय अनुसन्धान व्युरो (सीआईबी) ले सीजी होल्डिङका प्रबन्ध निर्देशक अरुण चौधरी, बाँसबारी छाला जुत्ता कारखानाका तत्कालीन सञ्चालक समितिका अध्यक्ष अजितनारायणसिंह थापा र चाँदबाग रेसिडेन्सी प्रा.लि.का अध्यक्ष सञ्जय ठाकुरलाई पक्राउ गरेको थियो ।



यसै सिलसिलामा अर्बपति विनोद चौधरीलाई सरकारी वकिल कार्यालय, काठमाडौँमा बोलाई बयान लिने कार्य भएको हो ।

अर्बपति चौधरीले आफ्नो बयान सकेर सरकारी वकिल कार्यालय, काठमाडौँबाट बाहिरिने क्रममा आफूहरूले देशका विभिन्न ठाउँमा हजारौ बिगाहा जग्गामा औद्योगिक ग्राम सञ्चालन गर्दै आएको चौधरी समूहका सञ्चालक आफूलाई बाँसबारी जस्तो अनकन्टार ठाउँमा रहेको जम्मा १० रोपनी जग्गाको मुद्दामा दोषी देख्नु सरकारको कमजोरी भएको टिप्पणी गरेका थिए ।

> **१० रोपनी जग्गा ठुलो कुरा नहोला तर गैरकानुनीरूपमा हुँदै नभएको अनधिकृत व्यक्तिको आँडमा सरकारी जग्गा तथा सरकारी स्वामित्वमा रहेको पब्लिक कम्पनीलाई निजी बनाई सरकारी जग्गा तथा शेयरबापतको रकमसमेत हत्याउने काम अर्बपतिले गरोस् वा खागपतिल दण्डनीय हुन्छ । सर्वसाधारण जनताले गरेको होस् वा मन्त्री प्रधानमन्त्रीको हैसियतले गरेको होस्, गैरकानुनी कार्य गर्नेले कानुनबमोजिम यथोचित दण्ड सजाय पाउँछ । अन्यथा अपराधीहरूको मनोबल झनझन् बढ्ने र समाजमा अपराधीहरूको मनोमानी चली समाज नै विशृङ्खलित हुन जान्छ ।**

**कानुनको दृष्टिमा समान**

तर कानुनको दृष्टिमा अर्बपति होस् वा खागपति सबै नेपाली कानुनको आँखाले समान हुन्छ । नेपालको संविधानको धारा १८ ले सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित गरिने छैन भन्ने संवैधानिक व्यवस्था गरेको पाइन्छ ।

चौधरी परिवारले जस्तै कसैले पनि आफ्नो व्यावसायिक विरासत निर्माण गर्नु ठुलो कुरा होइन । कानुनको पालना गर्नु प्रत्येक नागरिकको पहिलो कर्तव्य हो ।

१० रोपनी जग्गा ठुलो कुरा नहोला तर गैरकानुनीरूपमा हुँदै नभएको अनधिकृत व्यक्तिको आँडमा सरकारी जग्गा तथा सरकारी स्वामित्वमा रहेको पब्लिक कम्पनीलाई निजी बनाई सरकारी जग्गा तथा शेयरबापतको रकमसमेत हत्याउने काम अर्बपतिले गरोस् वा खागपतिल दण्डनीय हुन्छ । सर्वसाधारण जनताले गरेको होस् वा मन्त्री प्रधानमन्त्रीको हैसियतले गरेको होस्, गैरकानुनी कार्य गर्नेले कानुनबमोजिम यथोचित दण्ड सजाय पाउँछ । अन्यथा अपराधीहरूको मनोबल झनझन् बढ्ने र समाजमा अपराधीहरूको मनोमानी चली समाज नै विशृङ्खलित हुन जान्छ ।

आशा एवं विश्वास गरौँ, गैरकानुनीरूपमा चौधरी परिवारले हत्याएको बाँसबारी छाला जुत्ता कारखानाको १० रोपनी फिर्ता भएसँगै उक्त गैरकानुनी कर्मकाण्डमा संलग्न चौधरी परिवारका सम्बन्धित व्यक्तिहरूसमेतले दण्ड सजाय पाउनै पर्दछ । अन्यथा कानुनी राज्य र कानुनी शासनको उपहास हुने क्रम झन्झन् बढ्ने निश्चित छ ।

*२०८० चैत १०*

# जनस्तरबाट स्थापना गरिएका शैक्षिक संस्थाहरूका प्रकाशन पढ्दा !

✍ सृष्टि

**नयाँ पुस्तामा साहित्यप्रतिको अभिरुचि घट्दै गएकोमा चिन्ता व्यक्त गरिँदै छ । यो समस्याबाट मुक्त हुन साहित्यिक गतिविधिको आवश्यकता अनुभव गरिँदै छ । त्यसको निम्ति बेलामौकामा साहित्य गोष्ठी, वादविवाद र अन्तक्रिया तथा रचनात्मक गतिविधिको आवश्यक हुन्छ । विद्यालयले भित्ते पत्रिका, बुलेटिन, स्मारिका, पुस्तिका प्रकाशन गरी नयाँ पुस्तालाई उत्साहित गर्नुपर्ने देखिन्छ । जनस्तरबाट खोलिएका शैक्षिक संस्थाले यो जिम्मेवारीप्रति अझ बढी संवेदनशील हुनुपर्ने आजको आवश्यकता हो ।**

शिक्षा क्षेत्रमा भक्तपुरको फरक अभ्यास तथा योगदानबारे चर्चा परिचर्चा चल्दै छ । ५-६ दशक लामो शैक्षिक यात्रा पार गरिसकेका र हिँड्दै गरेका भक्तपुरका धेरैधेरै शिक्षालयहरूका गतिविधि नियाल्ने कोसिस पनि हुँदै छ । कुनै बेला राज्यबाट अत्यन्त अपहेलित तथा उपेक्षित भक्तपुरको शिक्षा क्षेत्र आज चासोको विषय बन्नु आफैँमा एकप्रकारको परिवर्तन मान्न सकिन्छ । भक्तपुरको शैक्षिक जग जनस्तरबाट स्थापना भएका शैक्षिक संस्थाहरूले नै राखेका हुन् ।

समाजका सेवक तथा शिक्षाप्रेमीहरूको अगुवाइमा विद्यालयहरूको स्थापना भयो । नेपाल मजदुर किसान पार्टीको मार्गनिर्देशन, अविभावकत्व, समुदायको सहयोग तथा शिक्षक–शिक्षिकाको सेवा एवम् समर्पणभावबाट नै भक्तपुरको शिक्षा क्षेत्रले फड्को मारेको हो भन्दा अतिशयुक्ति नहोला !

तसर्थ, जनस्तरबाट स्थापना तथा सञ्चालन भएका ती शिक्षालयहरूको सङ्घर्ष नै भक्तपुरको शैक्षिक प्रगतिको कारण हो । शिक्षामा रूपान्तरणको इतिहासदेखि वर्तमान चियाउने एउटा आँखीझ्याल भने शैक्षिक संस्थाका स्मारिका या प्रकाशन स्मारिकामा देशको शिक्षा क्षेत्रमा देखिएको विषम् अवस्थाबारे गहिरो चिन्तन छ । देशलाई सिध्याउन शिक्षा अर्थात् विश्वविद्यालय र विद्यालयहरूमाथि प्रहार हुने गर्दछ । देश निर्माणको आधार अर्थात् उज्यालो विद्यालय -विश्वविद्यालय नै हुन् । त्यतैतिर हमला भइरहेको छ । पार्टी अध्यक्षज्यू भन्नुहुन्छ- “हाम्रा माध्यमिक विद्यालय, महाविद्यालय र विश्वविद्यालयहरूलाई एक आदर्श समाजको निर्माण गर्ने र राज्य व्यवस्थामा आमूल परिवर्तन गर्ने विचारको एक बारुद्खानाको रूपमा रूपान्तरण गरिएको भए हाम्रो देशले आफ्नो भूगोल र संस्कृति सुहाउँदो एउटा बाटो अँगालिसकेको हुन्थ्यो ।”

देश विश्व व्यापार सङ्गठनको सदस्य भए यता नेपाली युवा विद्यार्थी ठुलो सङ्ख्यामा विदेश हिँडे । आज विदेश पलायन नेपाली समाजको ठुलो समस्या बनेको छ । देशलाई शिक्षा, अर्थतन्त्रमा पछाडि धकेल्ने अहिलेसम्मका सरकारहरू हुन् भन्ने तर्क स्मारिकाको हो । विद्यार्थीलाई देश अर्थात् समाज चिनाउने शिक्षा, देशलाई माया गर्न सिकाउने शिक्षा र समाज सुधार स्थापनाको प्रसङ्ग” ले विद्यालय स्थापनाको तत्कालीन सामाजिक, राजनीतिक र आर्थिक परिवेशबारे गहिरो जानकारी दिन्छ । विद्यालय स्थापनाले बस्तीका केटाकेटीले पढ्न त पाए सँगै विद्यालय अवस्थित बस्तीको सरसफाइ, राजनीतिक चेतना उकास्ने अभियान पनि थालिएको प्रसङ्गहरू निकै रोचक र मन छुने खालका छन् । समाज सुधार विद्यालय स्थापनाको इतिहास पढिरहँदा विद्यालय स्थापनाले शिक्षा क्षेत्रमात्र होइन सामाजिक आर्थिक क्षेत्रमा पनि सेवा र योगदान मिल्छ भन्ने सत्यबोध हुन्छ । पार्टीका श्रद्धेय अध्यक्षज्यूले विद्यालय परिवारलाई सन्देश दिनुभएको छ -“नयाँ पुस्तालाई नि:स्वार्थ रूपले देश र जनताको सेवा गर्ने र असल नागरिक बनाउने कामलाई निरन्तरता दिनुभयो भने अन्य विद्यालयका शिक्षक शिक्षिकाहरूले प्रेरणा प्राप्त गर्नेछन् । शिक्षक शिक्षिका आफ्ना नजिकका जनताप्रति गरेजस्तो होइन बरु भित्री हृदयदेखि सेवा गर्ने उदाहरण बनेर अरूलाई उत्प्रेरित गर्ने हो ।” विद्यालयको उकाली ओरालीपूर्ण यात्राको चित्रमात्र होइन सार्वजनिक विद्यालयप्रति राज्यको उदासीनताविरुद्धको आवाज स्मारिकाभित्र शिक्षक र शिक्षिकाहरूको अध्यापन र दिशानिर्देशले हाम्रा नयाँ पुस्ता विद्यार्थी भाइबहिनीहरूलाई सही बाटो पहिल्याउन निश्चिय पनि सफल हुने कामना गर्दछु ।” नेमकिपा केन्द्रीय सचिव एवम् सांसद प्रेम सुवालले विश्वविद्यालय शिक्षाको जग विद्यालय नै भएकोले पाठ्यपुस्तक सही र माटो सुहाउँदो हुनुपर्ने विचार राख्नुभयो । सांसद सुवालले विद्यालयका पाठ्यपुस्तकमाथि आलोचनात्मक दृष्टि दिनुभई विद्यार्थीलाई के पढाउने भन्ने विषयमा चिन्तन गर्नुभएको छ । स्मारिकाभित्र विविध राजनीतिक, आर्थिक, व्यावहारिक विषयमा लेख–रचनाहरू सङ्कलित छन् ।

ख्वप शैक्षिक समूहले वार्षिकोत्सवको अवसरमा वार्षिक प्रगति प्रतिवेदन २०८० प्रकाशित गऱ्यो । यसभित्र ख्वप मावि, ख्वप कलेज, शारदा क्याम्पस र ख्वप कलेज अफ ल को प्रतिवेदनमात्र छैन संस्थाले आत्मसात् गर्ने विचारको आभा पनि छ । श्रद्धेय पार्टी अध्यक्ष रोहितले शिक्षक सक्रिय उत्प्रेरक हुनु आवश्यक छ भन्ने विचार राख्नुभएको छ । व्यवस्थाअनुसार शिक्षा प्रणाली फरक हुने




हुन् । पछिल्लो समय केही शैक्षिक संस्थाहरूले वार्षिकोत्सवको अवसरमा स्मारिका र बुलेटिनहरू प्रकाशन गर्दै आएका छन् । ती यथार्थमा शिक्षालयका ऐना या दर्पण हुन् भन्नु अन्यथा नहोला ! विद्यालयको शैक्षिक झण्डा पनि हो स्मारिका या बुलेटिन । त्यसकारण, प्राज्ञिक एवम् बौद्धिक समुदायका निम्ति शैक्षिक उन्नयनको अध्ययन गर्ने सन्दर्भ सामग्री पनि प्रकाशनहरू नै हुन् । पछिल्ला केही प्रकाशनहरूबारे यहाँ चर्चा गर्नु समीचीन होला ।

नयाँ पुस्तामा साहित्यप्रतिको अभिरुचि घट्दै गएकोमा चिन्ता व्यक्त गरिँदै छ । यो समस्याबाट मुक्त हुन साहित्यिक गतिविधिको आवश्यकता अनुभव गरिँदै छ । त्यसको निम्ति बेलामौकामा साहित्य गोष्ठी, वादविवाद र अन्तक्रिया तथा रचनात्मक गतिविधिको आवश्यक हुन्छ । विद्यालयले भित्ते पत्रिका, बुलेटिन, स्मारिका, पुस्तिका प्रकाशन गरी नयाँ पुस्तालाई उत्साहित गर्नुपर्ने देखिन्छ । जनस्तरबाट खोलिएका शैक्षिक संस्थाले यो जिम्मेवारीप्रति अझ बढी संवेदनशील हुनुपर्ने आजको आवश्यकता हो ।

विद्यालयले साहित्यिक, सांस्कृतिक तथा प्राज्ञिक गतिविधिमा भाग नलिई दैनिक सामान्य कार्यसम्पादन, कक्षा कोठामा पठनपाठन, क्रियाकलाप या परम्परागत शैलीका गतिविधिमात्र गरेर समय सुहाउँदो योगदान पुऱ्याउन सम्भव नहुने कुरा पनि उत्तिकै सत्य हो । पछिल्लो समय वार्षिकोत्सवको अवसरमा प्रकाशन गरेर केही शिक्षालयहरूले आफ्नो कर्तव्य पूरा गरेको शिक्षक तथा अभिभावकहरूबिच चर्चा छ ।

वागीश्वरी माविको ६५ औं वार्षिकोत्वसको अवसरमा सार्वजनिक भएको स्मारिकाभित्र वागीश्वरी शैक्षिक समूहको प्रगति तथा योगदान–चित्र मात्र होइन सामुदायिक विद्यालय शिक्षाको बेग्लै तस्बीर छ । “वागीश्वरी शैक्षिक समूह” को प्रगतिको श्रेय नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छैं (रोहित) ले संस्थापक, व्यवस्थापन समितिहरू र शिक्षक–शिक्षिकाहरूलाई दिनुभएको छ । आजको आवश्यकता हो । देश भनेको भूगोलमात्र होइन देश भनेको इतिहास हो, संस्कृति हो, कला–सम्पदा हो । देश प्राकृतिक स्रोतसाधन हो, रहनसहन, भाषा र जनजीवन देश हो । केटाकेटी उमेरमै मौलिकता हस्तान्तरण गर्ने र देश बुझाउने पाठ्यक्रम निर्माण आजको आवश्यकता हो भन्ने सन्देश स्मारिकाले दिन्छ ।

वागीश्वरी कलेज व्यवस्थापन समिति अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले देशलाई माया गर्ने २१ औं शताब्दी सुहाउँदो दक्ष जनशक्ति तयारी दायित्व शिक्षालयहरूकै हो भन्ने विचार राख्नुभएको छ । वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईंको शैक्षिक राजनीतिक चिन्तनले आजको नेपालको वास्तविकता बोध गराउँछ । अहिलेसम्मका सरकारहरूले गरेका देशघात र बेइमानीहरूबारे पनि स्मारिकाले जानकारी गराउँछ । स्मारिकाभित्र सङ्कलित बौद्धिक आलेखसँगै शैक्षिक लेख–रचना र दस्तावेजहरू सङ्ग्रहणीय छन् । विद्यालय र भक्तपुरको शिक्षा यात्रा बुझ्न नपढी नहुने, नचिनी नहुने ‘वागीश्वरी शैक्षिक समूह’ हरूको प्रतिबिम्ब स्मारिकाले उजिल्याउँछ ।

समाज सुधार माध्यमिक विद्यालयको ५३ औं वार्षिकोत्सव समारोहमा सार्वजनिकीकरण गरिएको स्मारिकाले पनि भक्तपुरको शैक्षिक इतिहास खोतलखातल गर्छ । भक्तपुर नगरमै शिक्षा, आर्थिक तथा राजनीतिक रूपमा पछाडि परेको तौलाछैं टोलमा समाज सुधार स्कुलको स्थापना अँध्यारोमा बत्ती बालेजस्तै थियो । शिक्षाप्रचारक तथा समाजसेवी बुद्धिकुमार गोसाईंको अगुवाइमा स्थापित विद्यालयले धेरैधेरै किसानका छोराछोरी, गरिबका छोराछोरीलाई उज्यालो भविष्य दियो । समग्रमा त्यो बस्तीकै सुधार गऱ्यो । तसर्थ भक्तपुरको शैक्षिक रूपान्तरणमा समाज सुधार माविको योगदानलाई कम मान्न सकिन्न ।

स्मारिकामा सङ्ग्रहित नम्रताको “श्रद्धेय बुद्धिकुमार काका छ ।

गणेश माध्यमिक विद्यालय झार्वाचो र छालिङ दुवैले वार्षिकोत्सव कार्यक्रममा स्मारिका सार्वजनिकीकरण गरे । गणेश मावि, झार्वाचोमा जम्मा एकजना मा.वि शिक्षक दरबन्दी अर्थात् न्यून शिक्षक दरबन्दीबिच पनि विभिन्न समुदायका विद्यार्थीहरूलाई शिक्षा दिइरहेको जानकारी छ । पार्टी अध्यक्ष कामरेड रोहितज्यूले विद्यालय स्थानीय जनताको सहयोग र विद्यालयको आत्मनिर्भर संस्कृतिमा अघि बढ्न सक्छ भन्ने नमूना बन्नुपर्नेमा जोड दिनुभएको छ । साथै ‘विदेश हिँडिरहेको’ देशलाई रोक्ने कोसिस विद्यालय र कक्षाकोठाबाटै हुनुपर्ने सन्देश दिनुभएको छ । गणेश मावि, छालिङको स्मारिकामा विद्यालय स्थापनाको एउटा सानो खण्ड प्रस्तुत छ । समाजसेवी एवम् शिक्षाप्रेमी बुद्धिकुमार गोसाई र आशाकाजी बासुकलाको नेतृत्वमा स्थापित सो विद्यालय न्हूछेभक्त फौंजू (हाल विद्यालय व्यवस्थापन समितिका अध्यक्ष) को निजी घरमा २५ जना विद्यार्थीको पठनपाठनबाट सुरु गरिएको जानकारी स्मारिकाले दिन्छ । दुईकोठे सानो छाप्रो हुँदै अहिले विद्यालयका आफ्नै पक्की भवनहरू छन् । विद्यालयको ४३ वर्षको इतिहासमा समुदाय, शिक्षक शिक्षिका र अभिभावकहरूको सहयोग अमूल्य रह्यो । साबिक छालिङ गाविस-४ वडामा अवस्थित विद्यालयले समाजको सामाजिक, आर्थिक तथा सांस्कृतिक उन्नयनमा योगदान गरेको जगजाहेर छ ।

स्मारिकामा श्रद्धेय पार्टी अध्यक्षज्यूले गणेश माविको स्थापना शिक्षा प्रचारको हुट्हुटी र नयाँ पुस्तालाई देश र जनताप्रति समर्पित हुने भावनाबाट प्रेरित गर्ने उद्देश्यले भएको हो भन्नुभएको छ । शिक्षाको उद्देश्य व्यक्तिगत स्वार्थ र नाफा व्यक्तिको मनमस्तिष्कबाट हटाउनु हो भन्ने विचार उहाँको हो । अध्यक्ष कामरेड रोहित विद्यालयबारे भन्नुहुन्छ -“अँध्यारो रातमा सलाईको एक छेस्कोको सानो प्रकाशबाट पनि मानिसलाई बाटो पत्ता लागेजस्तै छालिङको एउटा विद्यालयले देशभक्त र देशको उद्देश्यअनुसारको शिक्षा नीति तय हुने अन्तर्राष्ट्रिय अभ्यास उल्लेख गर्नुहुँदै नेपालमा भने समाजवादउन्मुख लेखिएअनुसारको नीति र व्यवहार नभएको सत्य उजागर गर्नुभयो । नेपालका कलेज र विद्यालयहरू बन्द हुने अवस्थामा पुऱ्याई नेपाली युवा विद्यार्थीलाई विदेश लगिँदैछ । ‘देश नै विदेश लाने बाँसुरी बादकहरू को हुन् ?’ भन्ने प्रश्न ख्वपको प्रकाशनले गरेको छ ।


बासु माविको ६१ औं जन्मोत्सवमा ‘बासु’ बुलेटिन प्रकाशित भयो । उहाँले बुलेटिनमा देशको शिक्षा नीतिमा भइरहेको अविवेकीपूर्ण फेरबदलको आलोचना गर्नुभयो । स्नातक तहलाई पुन: ३ वर्षको बनाउने र एसईई परीक्षामा सबै पास हुने ग्रेडिङ होइन अब फेरि ३५ अङ्क नल्याइए फेल हुने निर्णय अचानक किन ? यसभन्दा अघि ४ वर्षको स्नातक गर्ने भन्ने आधार के थियो ? शिक्षामन्त्री र शिक्षाविद्हरू शिक्षा नीति पनि नक्कल गर्छन्, देशको आवश्यकतासँग मेल नखाने प्रयोग गर्न उद्धत छन् भन्ने कुरामा अध्यक्ष रोहितज्यूले सचेत पार्नुभएको छ ।

जनस्तरबाट स्थापित र जनताकै सहयोगमा सञ्चालन भइरहेका यी केही प्रतिनिधि शैक्षिक संस्थाहरूले यसरी शिक्षा प्रणाली, शिक्षाको उद्देश्यमाथि बहसमात्र होइन बाटो देखाउने प्रयास पनि गर्दै छन् । भक्तपुरका देशैभरि सामुदायिक विद्यालयहरू सुक्दै गइरहेको बेला भक्तपुरका विद्यालयहरू जीवन्त रहनुले पनि नेपालको शिक्षा क्षेत्रमा यी शिक्षालयहरूको योगदान उजिल्याउँछ । नयाँ पुस्तालाई सत्मार्ग देखाउने, देश र समाज चिनाउने यस्ता प्रकाशनहरू विद्यालयहरूले नियमित गरून् । शिक्षक शिक्षिकाहरूका लागि अनुसन्धानमुखी आलेखहरू लेख्ने र प्राज्ञिक अभ्यास गर्ने दबुको रूपमा र विद्यार्थीको प्रतिभा प्रस्फुटन गर्ने मञ्चको रूपमा प्रकाशनहरू अगाडि बढून् । शुभेच्छा छ ।

# उग्र-साम्राज्यवाद : विकराल पतनोन्मुख चरण-९

✍ द ट्राइकन्टिनेन्ट

*(यो अनुसन्धान वर्षौंको सामूहिक प्रयासका कारण सम्भव भएको हो । यसका निष्कर्षहरूमा धेरै विद्वान तथा समाजवादी अभियन्ताहरूको महत्त्वपूर्ण योगदान छ । यस दस्तावेजमा प्रयोग भएका तथ्यतथ्याङ्क 'दक्षिणी गोलार्द्ध दृष्टि' (जिएसआई) बाट लिइएको हो । यी तथ्याङ्कको सम्पादन र संयोजन गिसेला केर्नाड्स, मिकाइला न्होन्डो इर्स्कग, टिका मोरेनो र देबोरा भेनेजियलले गर्नुभएको हो । दस्तावेजको चौथो खण्ड अर्थशास्त्री जोन रोसले प्रकाशित गर्नुभएका अनुसन्धानहरूमा आधारित छ । पाठकको सहजताका निम्ति यहाँ दस्तावेजमा उल्लेख टिपोटहरूका सम्पादित अंश मात्र उल्था गरिएको छ भने डेढ सयभन्दा बढी सन्दर्भ सामग्रीहरू दिइएको छैन । अनुवादक)*




### दक्षिणी गोलार्द्धको परिभाषा

'दक्षिणी गोलार्द्ध' सुरुमा एउटा खुकुलो शब्दावलीको रूपमा प्रयोग हुन्थ्यो । बितेका चार वर्षका घटनाक्रम हेर्दा अमेरिकी नेतृत्वमा रहेको सैन्य गठबन्धन एकदम एकगठ र अलग देखिन पुगेको छ । यसैकारण त्यस गठबन्धनबाहिरका बहुसङ्ख्यक देश 'बाँकी विश्व' मा पर्न गएका छन् । यसरी 'बाँकी विश्व' सुरुमा 'नकारात्मक एकाइ' का रूपमा अलग्गियो अथवा बाहिर पऱ्यो । परिणाम, यी देशहरू अहिले साम्राज्यवादी शिविरको निषेध बन्न पुगे । यी देशमारूस र बेलारूस पनि छन् । यिनीहरूविकासशील देश होइनन् । तैपनि, सत्ता परिवर्तन गराई ती देशलाई आफ्नो अधीनमा ल्याउने साम्राज्यवादी खेल चल्दै छ ।

दक्षिणी गोलार्द्धमा मूलत: तथाकथित 'कम विकसित' वा 'विकासशील' मुलुकहरू छन् ।भौगोलिक रूपमा यी देश ल्याटिन अमेरिका, एसिया, अफ्रिका र ओसिनियाभरि छरिएका छन् । यी देशलाई इतिहासमा विश्व अर्थतन्त्रबाट किनारमा राखिएको थियो र प्राय: तेस्रो विश्व भन्ने गरिन्थ्यो ।

दक्षिणी गोलार्द्ध एकताबद्ध छैनह आफ्नो सामूहिक पहिचानमा एकमत छैनन् । दक्षिणी गोलार्द्धमा एकीकृत सङ्गठन र गतिविधि छैन । उत्तरी गोलार्द्धको गुट एकताबद्ध छ । त्यसको विपरीत दक्षिणी गोलार्द्ध कुनै समूह वा खेमामा एकीकृत छैन । चित्र २३ मा देखाइएका यी १४५ देशका बेग्लाबेग्लै विचारधारा र राजनीतिक मुद्दा छन् । उत्तरी गोलार्द्धका देशहरूसँग एवम् आफूआफूबिच पनि निकटता र झुकावका हिसाबले यी देशबिच ठूलो भिन्नता छ । यीमध्ये केही देशमा भाँतीभाँती विवाद छन् । सीमा विवाददेखि लिएर क्षेत्रीय शक्ति सङ्घर्षसम्म धेरैथरी विवाद छन् । उदाहरणको लागि इरिट्रिया र इथियोपियाबिच सीमा विवाद छह साउदी अरब र इरानबिच क्षेत्रीय शक्तिसङ्घर्षको इतिहास नै छ ।

दक्षिणी गोलार्द्धका धेरै मुलुक सार्वभौमिकता, शान्ति र विकासको पथमा अग्रसर हुन चाहन्छन् । यद्यपि, यी मुद्दालाई लिएर यी देशहरूबिच बिरलै सहमति भएको पाइन्छ । प्राय:उत्तरी गोलार्द्धको मर्मस्थलका देशहरूसँगको हिमचिमको मात्रा अनुरूप यी मुद्दामा असहमति पाइन्छ । यसरी एकीकृत, तहगत वा छुट्टै खेमामा भन्दा पनि केही साझा विशिष्टताका आधारमा हामी यी देशहरूलाई 'गोलबन्दी' मा वर्गीकरण गर्छौं ।

यसको अर्थ दक्षिणी गोलार्द्ध भन्नु केही पश्चिमाहरूले भनेजस्तो आधारहीन मनगढन्ते अवधारणा होइन । दक्षिणी गोलार्द्धका देशलाई चित्र २४ मा देखाइएको छ । यी देशहरू उत्तरी गोलार्द्धको साम्राज्यवादी कित्ताकापूर्व उपनिवेश तथा अर्धउपनिवेश हुन् । यी देशले साम्राज्यवादको जाँतोमुनि बसेर दमन र उत्पीडन धेरै शताब्दी बिताएका थिए । यीमध्ये केही देशले फरकफरक मात्रामा समाजवादी राजनीतिक विचारधाराप्रति प्रतिबद्धता देखाएका थिए भने केहीले समाजवादी व्यवस्थाको अभ्यास नै गरेका थिए । वस्तुत: सन् २०२२ को चीनको प्रतिव्यक्ति आय ( १२,८५० डलर) ले उसलाई विकासशील देश देखाउँछ ।

यही साझा ऐतिहासिक पृष्ठभूमिका कारण सि चिनफिङले सन् २०२३ मा ब्रिक्स व्यापार गोष्ठिमा भन्नुभयो, "विकासमान देश तथा दक्षिणी गोलार्द्धको सदस्यको रूपमा चीन अन्य विकासमान देशले फेर्ने सास फेर्छ र ती देशसँगसँगै साझा भविष्यतर्फ अग्रसर छ ।"

दक्षिणी गोलार्द्धका जरालाई तेस्रो विश्व अभियानसम्म तन्काउन सकिन्छ । त्यस अभियान अन्तर्राष्ट्रिय शक्ति सन्तुलनलाई राजनीतिक रूपमा भर्खर स्वतन्त्र भएका तर आर्थिक रूपमा हात बाँधिएका देशहरूको हितमा ल्याउने २० औं शताब्दीको आधाआधीतिरको प्रयास थियो । यी प्रयासअन्तर्गत बाङडुङ सम्मेलन (सन् १९५५)ह असंलग्न आन्दोलन (सन् १९६१); एसिया, अफ्रिका तथा ल्याटिन अमेरिकाका जनताको ऐक्यबद्धता सङ्घ (सन् १९६६); र विकासशील देशहरूको व्यापार एवम् विकासका लागि संयुक्त राष्ट्र सभा ( सन् १९६४) को स्थापना गरी नौलो अन्तर्राष्ट्रिय अर्थ व्यवस्था (सन् १९७४) को खोजी पर्छन् ।

विश्व अर्थ व्यवस्था तथा राजकाजमा यी सबै देश ऐतिहासिक र समकालिन दृष्टिले सीमान्तकृत थिए । यीदेशबिचको साझापनको सबैभन्दा मर्मस्पर्शी तथा घातक उदाहरण वातावरणीय तथा पर्यावरणीय क्षति हो । यो क्षति उत्तरी गोलार्द्धले दक्षिणी गोलार्द्धका देशउपर थोपरेको थियो । भूति तथा खेतबालीबाट स्रोतसाधनको दोहन तथा वित्तीय सट्टाबाजीले वनफँडानी, बासविनाश, भूमिह्रास र जलप्रदूषणजस्ता समस्या आए । यसले जैविक विविधता तथा खेती अयोग्य जमिनका ठूलाठूला चक्लाहरूमा ह्रास आएको छ । स्थानीय पर्यावरण तथा प्रजातिहरू ध्वस्त भए भने भोकमरी व्यापक भयो ।

यसका साथै उत्तरी गोलार्द्धका बहुराष्ट्रिय कर्पोरेसनहरू अनेक कुटिल विधि प्रयोग गरी वायु, जल तथा भूमि प्रदूषण गर्नमा दोषी छन् । यस्ता अभ्यास रोक्न सक्ने सबै नियमनकारी कार्यमाथि नवउदारवादले बन्देज लगाउँछ । उत्तरी गोलार्द्धका देशमा प्रतिबन्धित भए पनि दक्षिणी गोलार्द्धका देशहरूमा कृषि रसायन र घातक फोहरको उत्पादनले स्वास्थ्य जोखिम ह्वात्तै बढेको छ । खासगरी रैथाने जनता, महिला, बालबालिका तथा वृद्धवृद्धामा यस्तो समस्या बढेको छ ।

माल उत्पादन, खानी उत्खनन, ऊर्जा तथा यातायातमा संलग्न कम्पनीहरूले लगातार हरितगृह ग्यास उत्सर्जन गर्छन् । यी कम्पनीहरू नै जलवायु परिवर्तनका लागि सबभन्दा बढी जिम्मेवार छन् । जलवायु परिवर्तनले ल्याउने विनाशको बढ्दो खतराभने दक्षिणी गोलार्द्धका देशहरूले भोग्दै छन् । उत्तरी गोलार्द्धका बहुराष्ट्रिय कम्पनीहरूको प्रत्यक्ष वैदेशिक लगानीले वातावरण नष्ट गरेको छ, खेतीयोग्य भूमि तहसनहस पारेको छ र सबैखाले कामदार जनताको असुरक्षा बढाएको छ । यति नै बेला उत्तरी गोलार्द्धका देशले जलवायु सङ्कटलाई देखाएर अझ बढी भूमि कब्जा गर्ने र विविधतायुक्त जैविक संसाधनको निजीकरण तीव्र पार्दै छन् । प्रकृतिको वित्तीयकरणमार्फत उनीहरूले यो कुकार्य अघि बढाउँदै छन् ।

यी १४५ देशले अहिले साम्राज्यवादी अतिविस्तारको अथाह दबाब झेल्दै छन् । यी देशका भोगिरहेका केही साझा चुनौतीहरू हुन् - ऐतिहासिक अल्पविकास, आधारभूत क्षेत्रमाथिको निर्भरता, सीमित औद्योगीकरण, बाह्य ऋण, व्यापार असन्तुलन, प्राविधिक दूरी, पूर्वाधार अभाव र असमान वातावरणीय सङ्कट । तर, यी देशका चुनौतीलाई यत्तिमै सीमित गर्न सकिन्न ।

माथि उल्लेख चुनौतीहरूले तिर्मिराएर दक्षिणी गोलार्द्धका देशमा देखापरेको नयाँ पुँजीपति वर्गले अमेरिका र युरोपको राजनीतिक, आर्थिक एवम् नैतिक नेतृत्वमाथिको विश्वास परित्याग गर्दै छ । यो नवधनाढ्य वर्ग विगत दुई दशकमा तीव्र बनेको आर्थिक वृद्धीका कारण माथि उठेको थियो । चीनजस्ता आर्थिक शक्तिका नयाँ केन्द्रहरूले वैकल्पिक विकास तथा लगानी मोडलहरू अघि सारेका छन् । बेल्ट एन्ड रोड अगुवाइ यसको एउटा उदाहरण हो । यी मोडलहरू दक्षिणी गोलार्द्धका पुँजीपतिहरूको लागि बढी आकर्षक साबित हुँदै छन् ।

दक्षिणी गोलार्द्धका १४५ देशबिच ६ वटा गोलबन्दी पहिचान गर्न सकिन्छ । प्रत्येक गोलबन्दीका निश्चित साझा चरित्र छन् । गोलबन्दी नम्बर बढ्दै जाँदा सो गोलबन्दीका देशमाथिको अमेरिकी नेतृत्वको अमेरिकी-अंग्रेज साम्राज्यवादी गुटको खतरा घट्छ । गोलबन्दीका सदस्यहरू गतिशील छन् र राजनीतिक एवम् आर्थिक परिस्थिति बदलिँदै जाँदा ती सदस्यलाई यताउता राख्न सकिन्छ ।

### दक्षिणी गोलार्द्धको गोलबन्दी १ : ६ स्वतन्त्र समाजवादी देश

गोलबन्दी १ का सबै ६ देशलाई चित्र २५ मा देखाइएको छ । यी सबै देश समाजवादका अनेक खुड्किलामा छन् र अन्तर्राष्ट्रिय मामिलामा यिनले प्रगतिशील अडान लिने गरेका छन् । यीमध्ये ५ देश राष्ट्रसङ्घको बडापत्र रक्षा साझेदार समूहमा छन् ।

चीन यो गोलबन्दीको अहम् सदस्य हो । कूल गार्हस्थ उत्पादनमा चीन विश्वकै अब्बल देश हो भने भारतको भन्दा उसको गार्हस्थ उत्पादन तेब्बर छ । चीनको गार्हस्थ उत्पादन अमेरिकाको दाँजोमा ११९ प्रतिशत हुन आउँछ । यो आँकडा अन्तर्राष्ट्रिय मुद्राकोषले दिएको हो ।

गत चार दशकमा आफ्ना ८५ करोड जनतालाई चरम गरिबीबाट बाहिर ल्याएर मानव विकासमा चीनले सबैभन्दा ठूलो फड्को मारेको छ ।

चीनले विश्वमा वर्चस्व स्थापना गर्न खोजेको देखिन्न । तैपनि संरा अमेरिका र उसका साझेदारहरूले उसलाई आफ्नो वर्चस्वको लागि सबैभन्दा ठूलो खतरा मान्दै छन् । पछिल्ला वर्षहरूमा अमेरिकी विदेश तथा रक्षा मन्त्रालयका रणनीतिक दस्तावेजहरूमा चीनलाई 'झन्डै समानस्तरको' प्रतिस्पर्धी लेख्न थालिएको छ । चीनलाई आर्थिक खतरा मात्र मानिएको होइन । राष्ट्रपति सि चिनफिङको अगुवाइमा रहेको बलियो कम्युनिस्ट पार्टीको उदयले चीनलाई प्रमुख राजनीतिक खतरा पनि मानिएको छ किनभने सो पार्टीले समाजवादी तथा कम्युनिस्ट परम्परालाई पुन:जीवन दिने खुला उद्घोष गरेको छ । आफ्ना राष्ट्रिय तथा सामाजिक स्वार्थ एवम्

**बाँकी पृष्ठ ८ मा**

| Country | General | | | | | Colonial History | | |
|---|---|---|---|---|---|---|---|---|
| | UNyr. joined | Population (mil.) | GDP (PPP) (bil.) | Growth Rate 10 yr. annual moving avg. | GDP (PPP) per capita | Colonial Status | Main colonial Powers | Year of Independence |
| Russia | 1945 | 145 | 4770 | 0.008 | 33253 | Independent | | |
| Iran | 1945 | 89 | 1617 | 0.02 | 18865 | Semi Colony | UK | 1979 |
| Belarus | 1945 | 10 | 210 | 0.001 | 22679 | Independent | | |
| Burkina Faso | 1960 | 23 | 58 | 0.049 | 2549 | Colony | France | 1960 |
| Mali | 1960 | 23 | 57 | 0.041 | 2514 | Colony | France | 1960 |
| Guinea | 1958 | 14 | 44 | 0.058 | 3025 | Colony | France | 1958 |
| Niger | 1960 | 26 | 40 | 0.057 | 1518 | Colony | France | 1960 |
| Syria | 1945 | 22 | | | | Colony | France | 1946 |
| Afghanistan | 1946 | 41 | | | | Semi Colony | UK, US | 2021 |
| Eritrea | 1993 | 4 | | | | Colony | Italy | 1993 |
| Total | | 395 | 6795 | | 20938 | 8 Col+SemiCol | | |
| Percentage of World | | 0.05 | 0.041 | | | | | |

*Source: Global South Insights elaboration based on UN, IMF*

| Country | General | | | | | Colonial History | | |
|---|---|---|---|---|---|---|---|---|
| | UNyr. joined | Population (mil.) | GDP (PPP) (bn.) | Growth Rate 10 yr. annual moving avg. | GDP (PPP) per capital | Colonial Status | Main colonial Powers | Year of Independence |
| China | 1945 | 1426 | 30217 | 0.062 | 21404 | Semi Colony | UKJapanUS | 1949 |
| Vietnam | 1977 | 98 | 1321 | 0.061 | 13284 | Colony | FranceJapan | 1945 |
| Venezuela | 1945 | 28 | 197 | -0.118 | 7302 | Colony | Spain | 1811 |
| Laos | 1955 | 8 | 69 | 0.051 | 9207 | Colony | France | 1953 |
| DPR Korea | 1991 | 26 | | | | Colony | Japan | 1945 |
| Cuba | 1945 | 11 | | | | Colony | Spain | 1959 |
| Total | | 1597 | 31804 | | 20577 | 6 Col+SemiCol | | |
| Percentage of World | | 0.2 | 0.194 | | | | | |

*Source: Global South Insights elaboration based on UN, IMF*

# युद्धविरामका लागि सहमति बनाउनुहोस्, शान्ति वार्ताका लागि मार्गप्रशस्त गर्नुहोस्

✍ ली हुई

रुस र युक्रेनबिचको द्वन्द्व दुई वर्षभन्दा लामो समयदेखि तानिएको छ, शान्तिको सम्भावना अनिश्चित छ । लामो समयको शत्रुताले दुवै देशका जनताको पीडालाई मात्रै बढाएको छैन, यसले क्षेत्र र विश्वका लागि अप्रत्याशित जोखिम र चुनौतीहरू पनि खडा गरेको छ ।

त्यसैले, शान्ति र संवादको लागि अन्तर्राष्ट्रिय आह्वान बढ्दै गएको छ । धेरै देशहरूले विश्वास पुनःस्थापित गर्ने, सङ्कट समाधान गर्ने र शान्तिको पुनर्निर्माण गर्ने उद्देश्यका पहल र योजनाहरू प्रस्ताव गरेका छन् । चीनले यी प्रयासहरूको उच्च प्रशंसा गर्दछ र आशा गर्दछ कि द्वन्द्वको समाधान खोज्न सबै पक्षहरूबिच एक सहमति कायम गर्न सकिने छ ।

संयुक्त राष्ट्र सुरक्षा परिषद्को स्थायी सदस्य र जिम्मेवार प्रमुख राष्ट्रको रूपमा चीनले युक्रेन मुद्दामा वस्तुनिष्ठ र न्यायपूर्ण अडान लिन्छ र शान्ति वार्तालाई प्रवर्द्धन गर्न सक्रिय रूपमा काम गरिरहेको छ ।

युक्रेन सङ्कटको पूर्ण वृद्धि भएदेखि नै चिनियाँ राष्ट्रपति सी चिनफिङले रुस र युक्रेनलगायतका देशका नेताहरूसँग गहिरो सम्पर्क गरिराख्नुभएको छ र चारवटा सिद्धान्तहरू अगाडि सार्नुभएको छ । चार क्षेत्रमा संयुक्त प्रयासको आह्वान गर्नुभएको छ र युक्रेन सङ्कटमा चीनको आधारभूत दृष्टिकोणको रूपरेखाबारे तीनवटा अवलोकनहरू साझा गर्नुभएको छ ।

युक्रेन सङ्कटको पूर्ण वृद्धि भएको एक वर्षपछि, चीनले युक्रेन सङ्कटको राजनीतिक समाधानमा चीनको धारणा तयार गरी जारी गरेको थियो जसमा सबै देशको सार्वभौमसत्ताको सम्मान गर्ने, शीतयुद्धको मानसिकता त्याग्ने, शत्रुता अन्त्य गर्ने, शान्ति वार्ता पुनः सुरु गर्नेलगायत १२ वटा पक्षहरू समेटिएका छन् ।

युरेशियन मामिलासम्बन्धी चिनियाँ सरकारको विशेष प्रतिनिधिको हैसियतमा मैले विगत एक वर्षदेखि युक्रेन सङ्कटका सम्बन्धमा विभिन्न कूटनीतिक गतिविधिमा संलग्न भइरहेको छु । गत मे महिनामा म शटल कूटनीतिको पहिलो चरणको लागि युरोप भ्रमणमा गएँ । अगस्टमा, म युक्रेन सङ्कटबारे जेद्दाहमा भएको बैठकमा सहभागी भएँ र मैले बेइजिङमा विश्वका विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूसँग गहन विचार आदानप्रदान गर्न भेटघाट गरेँ ।

शान्ति स्थापना र युक्रेन सङ्कटको राजनीतिक समाधान हासिल गर्ने चीनको प्रयासलाई अन्तर्राष्ट्रिय समुदायले व्यापक रूपमा मान्यता र उच्च प्रशंसा गरेको छ ।

विभिन्न पक्षहरूसँगको कुराकानीको एक वर्षपछि, मेरो सबैभन्दा ठूलो धारणा के हो भने, चलिरहेको अनिश्चितता र प्रमुख द्वन्द्वका बावजुद, युद्ध बहुसङ्ख्यक देशहरूको लागि राम्रो छैन र शान्ति प्राप्त गर्नु साझा आकाङ्क्षा हो ।

यस सम्बन्धमा, युक्रेन सङ्कटको राजनीतिक समाधानलाई बढावा दिन सबै पक्षहरूसँग विचार आदानप्रदान र सहमति निर्माण गर्ने उद्देश्यले मैले भर्खरै रूस, युक्रेन र अन्य युरोपेली देशहरूमा शटल कूटनीतिको दोस्रो चरणको सुरुवात गरेको छु । यस भ्रमणको क्रममा, मेरो अगाडि तीन प्रभावहरू उभिए ।

पहिलो, युद्धविराम र लडाइँको अन्त्यका लागि सहमति निर्माण गर्नु महत्त्वपूर्ण छ । द्वन्द्व र युद्धले कुनै विजेता उत्पन्न गर्दैन । इतिहासले देखाएको छ कि सबै युद्धहरू अन्ततः वार्ताबाट मात्र समाधान गर्न सकिन्छ । संचित सहमतिको प्रत्येक कदमले हामीलाई शान्तिको बिहानको नजिक ल्याउँछ, जबकि द्वन्द्वको प्रत्येक दिनले संसारमा जोखिमहरू थप गर्छ ।

चीनले रुस र युक्रेन दुवैले आफ्ना जनताको आधारभूत र दीर्घकालीन हितमा काम गर्ने, एकअर्कालाई आधा बाटोमा भेट्ने र यथाशीघ्र सीधा वार्ता पुनः सुरु गर्ने, चाँडै युद्धविराम गर्ने अपेक्षा गरेको छ ।

रुस र युक्रेनबिच वार्ताका लागि आवश्यक सबै अवस्था सिर्जना गर्न चीन इच्छुक छ । चीनले रुस र युक्रेन दुवैद्वारा मान्यता प्राप्त समयमै आयोजना हुने अन्तर्राष्ट्रिय शान्ति सम्मेलनलाई समर्थन गर्दछ र सबै शान्ति योजनाहरूमा निष्पक्ष छलफलका लागि सबै पक्षहरू समान आधारमा सहभागी हुन्छन् ।

दोस्रो, सङ्कटको स्पिलओभर जोखिमलाई नियन्त्रण गर्नुपर्छ । युक्रेन सङ्कट, दोस्रो विश्वयुद्धपछि युरोपको सबैभन्दा ठूलो भूराजनीतिक द्वन्द्वको रूपमा, प्रमुख देशहरू र विश्वव्यापी शासन प्रणालीबिचको सम्बन्धमा गम्भीर असर पारेको छ ।

सङ्कटले विश्वव्यापी औद्योगिक शृङ्खलामा अस्थिरता बढाएको छ, जसले ऊर्जा सुरक्षा, खाद्य सुरक्षा, आणविक सुरक्षा, सीमापार पूर्वाधार सुरक्षा, मानवीय सङ्कट र अन्य मुद्दाहरूमा गम्भीर चिन्ताहरू निम्त्याएको छ । यसले विश्व शान्ति र विकासमा महत्त्वपूर्ण प्रभाव पार्छ ।

युक्रेन सङ्कटको लामो र जटिल प्रकृतिले विभिन्न सुरक्षा जोखिमहरू निम्त्याउन सक्छ जुन सबै पक्षहरूको हितमा छैन । जतिसक्दो चाँडो युद्धविराम र द्वन्द्वको अन्त्य नै समस्या समाधानको सही उपाय हो ।

तेस्रो, शीतयुद्धको गल्ती दोहोरिनबाट जोगिनैपर्छ । युक्रेन सङ्कट जटिल ऐतिहासिक र यथार्थवादी कारकहरू छन् । शीतयुद्ध समाप्त भएको ३० वर्षभन्दा बढी भइसकेको छ, तर शीतयुद्धको मानसिकताले अझै पनि केही देशहरूमा दृढतापूर्वक जरा गाडेको छ, सैन्य गठबन्धनहरूलाई बलियो बनाउँदै र खमा द्वन्द्वलाई उक्साइरहेको छ, जसले अन्ततः सङ्कट निम्त्याएको छ ।

कुनै पनि देशको सुरक्षा अरूको खर्चमा गर्न नहुने, सैन्य बललाई बलियो वा विस्तार गरेर कुनै पनि क्षेत्रको सुरक्षा हासिल गर्न नहुने र सबै देशको वैधानिक सुरक्षा हित र सरोकारलाई गम्भीरतापूर्वक लिएर ठीकसँग सम्बोधन गर्नुपर्छ भन्ने चीनको विश्वास छ ।

शीतयुद्धको मानसिकता त्यागेर, सबै पक्षहरूबिच समान आधारमा वार्ता र वार्तालाई प्रवर्द्धन गरेर र सन्तुलित, प्रभावकारी र दिगो युरोपेली सुरक्षा संरचना निर्माण गरेर मात्र युरोपमा दीर्घकालीन स्थायित्व हासिल गर्न सकिन्छ ।

एकै समयमा, हामी व्यक्तिगत देशहरूले स्वार्थी लाभहरू खोज्न गुट द्वन्द्वहरू प्रयोग गर्ने, अरूलाई पक्ष लिन बाध्य पार्ने, आपूर्ति शृङ्खलाहरू जोड्ने र तोड्ने धम्की दिने, 'सानो यार्ड र उच्च बार' निर्माण गर्ने र गल्ती दोहोऱ्याउने प्रयासको दृढतापूर्वक विरोध गर्दछौं ।

सङ्कट समाधानको कुनै उपाय छैन । यद्यपि, म दृढतापूर्वक विश्वास गर्दछु कि राजनीतिक समाधान युक्रेन सङ्कटलाई सम्बोधन गर्ने उत्तम र एकमात्र तरिका हो, जुन मेरो शटल कूटनीतिको सबैभन्दा महत्त्वपूर्ण निष्कर्ष हो ।

रुस र युक्रेन दुवै लामो समयदेखिको मैत्रीपूर्ण र सहयोगी सम्बन्ध भएका चीनका महत्त्वपूर्ण रणनीतिक साझेदार हुन् । चीनको स्वार्थी स्वार्थ छैन वा विशेष खेमाहरू राख्न खोज्दैन । यसले आगोमा इन्धन थपेको छैन वा अवस्थाको फाइदा उठाएको छैन ।

संयुक्त रूपमा विश्व शान्तिको रक्षा गर्न अन्तर्राष्ट्रिय समुदायले साझा, व्यापक, सहकारी र दिगो सुरक्षाको दृष्टिकोणलाई पालना गर्नुपर्छ, एकअर्काको वैध सुरक्षा चासोलाई गम्भीरताका साथ लिनुपर्छ र क्षेत्र र विश्वका लागि सन्तुलित, प्रभावकारी र दिगो सुरक्षा संरचनाको निर्माणलाई प्रवर्द्धन गर्नुपर्छ ।

हावा र घामजस्तै शान्ति, हामीले त्यसबाट लाभ उठाउँदै गर्दा सायद ध्यान दिइँदैन । तर, हामीमध्ये कोही पनि यो बिना बाँच्न सक्दैनौँ । विश्वलाई शान्त, स्थायित्व र सुरक्षित बनाउनु सबै जनताको बलियो चाहना हो, सबै देशको साझा दायित्व हो र अझ महत्त्वपूर्ण कुरा, हाम्रो समयको उन्नतिको लागि सही दिशा हो ।

एउटा चिनियाँ उखानअनुसार तीन फिटको बरफ जम्मा गर्न एक वर्षभन्दा बढी चिसो दिन लाग्छ । युक्रेन सङ्कटको कुनै सरल समाधान छैन । यात्रा जति लामो छ, बाटोमा रोकियौँ भने गन्तव्यमा पुग्नेछनौं; काम जति गाह्रो छ, त्यसमा काम गरिरह्यौं भने काम पूरा हुनेछ ।

चीन विश्वका सबै शान्तिप्रेमी र प्रगतिशील शक्तिहरूसँग मिलेर सङ्कटको समाधान र शान्ति हासिल गर्न रचनात्मक भूमिका खेल्न तयार छ । हामी सधैं शान्ति र संवादको पक्षमा अर्थात् इतिहासको दाहिने पक्षमा उभिनेछौं ।

***(ली हुई यूरेशियन मामिलाबारे चिनियाँ सरकारका विशेष प्रतिनिधि हुनुहुन्छ ।)***
***- पिपुल्स डेली अनलाइन***
***अनुवाद : प्रकाश***




# चीनलाई किन 'सैन्य खतरा' मान्न सकिन्न ?

✍ जोन क्वेरिपेल

पश्चिमी स्रोतहरू 'चीन खतरा' लाई निरन्तर अगाडि धकेल्न जोडबल लगाइरहेका देखिन्छ । 'चीन खतरा' को पश्चिमा शक्ति राष्ट्रका राजनीतिज्ञहरूको मुखबाट आउँछ, सुरक्षा प्रतिष्ठान वा मुख्यधारा मिडिया, चीनमा निर्देशित इनभेक्टिभ पृष्ठभूमि शायन जस्तै अथक देखिन्छ ।

चीनको अर्थतन्त्र चाँडै अन्य कुनै पनि भन्दा ठूलो हुनेछ भन्ने मान्यताले पश्चिमका धेरैजसो क्षेत्रमा गहिरो आक्रोश पैदा गरेको छ, किनकि आर्थिक शक्ति सैन्य शक्तिसँग जोडिएको मानिन्छ । यो पश्चिमा धारणा हो किनभने युरोपेलीहरू, पोर्चुगिजहरू, स्पेनिस, डच, फ्रान्सेली र बेलायतीहरूद्वारा पछ्याइएको पहिलो १५ औं शताब्दीको अन्वेषणबाट, राष्ट्रहरूलाई वशमा राख्न र तिनीहरूको आर्थिक स्रोतहरू कब्जा गर्न सैन्य शक्ति प्रयोग गरिएको थियो ।

औपनिवेशिक युगको अन्त्य पछि, पश्चिमले सैन्य माध्यमद्वारा लागू गरिएको नव-औपनिवेशिक प्रभुत्वको नयाँ रूप अपनायो । जब विदेशी उपनिवेशहरूको युग धेरै हदसम्म बितिसकेको छ, अमेरिका यस नव-औपनिवेशिकताको अग्रभागमा रहेको छ, उसले आफ्नो आर्थिक हितहरू पूरा गर्न ८० देशहरूमा लगभग ८०० सैन्य अड्डाहरू खडा गरेको छ ।

पश्चिमका लागि, आर्थिक प्रभुत्व सैन्य प्रभुत्वसँग नजिक छ, जसले गर्दा चीनको आर्थिक वृद्धिको त्रास छ ।




तथापि, चीनले सैन्य शक्तिको समर्थनमा आर्थिक वर्चस्वको बाटो पछ्याउनुको सट्टा, चीनले प्रस्तावित बेल्ट एण्ड रोड इनिसिएटिभ, ब्रिक्स र शाङ्घाई सहयोग सङ्गठनजस्ता बहुपक्षीय पहलहरूमार्फत सहकार्यको र जीत गीतको अर्थशास्त्रलाई रोजेको छ ।

तसर्थ, चीनले पश्चिमका लागि कुनै सैन्य खतराको प्रतिनिधित्व गर्दैन, किनकि आर्थिक सफलताको बाटो सैन्य शक्तिमा आधारित छैन । चीनको सेनालाई खतरा नहुनुका केही खास कारणहरू छन् ।

चिनियाँ सोच कन्फ्युसियन अवधारणाहरूद्वारा संरचना गरिएको छ, जस्तै स्वर्गमुनि स्थिरता, (Tianxia) भनेर चिनिन्छ । चिनियाँ इतिहासमा १९ औं र २० औं शताब्दी विजय र आन्तरिक उथलपुथलद्वारा चिन्हित थियो, तर त्यो अराजकता अब विगतमा छ । चीन पिछडिएको अर्थतन्त्रबाट विश्वको सबैभन्दा ठूलो अर्थतन्त्रमा परिणत भएको छ, व्यापक पूर्वाधार विकास र यसका ८० करोड नागरिकलाई गरिबीबाट बाहिर निकालेको छ ।

यो सफलता र स्थिरतालाई ध्यानमा राख्दै, चीनले युद्धको अराजकतामा संलग्न भएर यो सबै जोखिम किन लिने ?

चीन विश्वको सबैभन्दा ठूलो व्यापारिक राष्ट्र हो किनभने यसको तीव्र आर्थिक वृद्धिलाई कायम राख्न आवश्यक धेरै स्रोतहरूको अभाव छ । व्यापारले स्थायित्व ल्याउँछ, द्वन्द्व होइन ।

**चीन युद्धको पछि लाग्नेछैन तर आफ्नै हितको लागि यति धेरै विरोधी ?**

धेरै दक्षिण चीन सँगरको 'चिनियाँ सैन्यकरण' द्वारा प्रस्तुत 'धम्की' बनाइएको छ । मलाक्का स्ट्रेट र साउथ चाइना सी हुँदै व्यापारको यस्तो प्रचुरताको साथ, व्यापारमा निर्भर चीन, नाकाबन्दीको लागि अविश्वसनीय रूपमा कमजोर छ । पश्चिमी प्रचारको विपरीत, चीनले दक्षिण चीन सागरमा पहुँचलाई धम्की दिन नभई ढुवानी लेनहरू खुला रहन सुनिश्चित गर्न पूर्वाधार निर्माण गरिरहेको छ ।

सैन्य मामिलाहरूको सन्दर्भमा, धेरै 'आक्रामक र धम्कीपूर्ण' चिनियाँ सैन्य निर्माण भनिएको छ । साँचो हो, चिनियाँ सेनाको शक्ति बढिरहेको छ । यद्यपि, विगतका वर्षहरूमा चीनको रक्षा खर्च कुल गार्हस्थ उत्पादनको १.५ प्रतिशतभन्दा कम रहेको छ । यसको तुलनामा, अमेरिकी सैन्य बजेट जीडीपीको ३.५ प्रतिशत रहेको छ । "रक्षा" मा २०२२ मा लगभग ८७७ बिलियन अमेरिकी डलर खर्च गरेर संरा अमेरिकाले अर्को नौ देशहरूको संयुक्त खर्चभन्दा बढी खर्च गऱ्यो ।

दक्षिण कोरिया र जापानदेखि फिलिपिन्स हुँदै अष्ट्रेलियासम्म फैलिएको अमेरिकी सैन्य अड्डाहरूको चापले आक्रामक रूपमा घेरिएको कारण चीनको सैन्य शक्ति सीमित छ । यसले चिनियाँ नौसेनाको आफ्नै तटीय समुद्र बाहिर खतरा पैदा गर्ने क्षमतालाई सीमित गर्छ ।

संरा अमेरिकाको विपरीत, यसको सिमानामा दुई मित्र राष्ट्रहरूसँग बसोबास गर्दै, चीनले रूस र भारतसहित १४ देशहरूसँग सीमाहरू साझा गर्दछ, जसमा महत्त्वपूर्ण सैन्य क्षमताहरू छन् । यसको पश्चिमी सीमामा, यसले इस्लामिक कट्टरपन्थीहरूको प्रभावसँग पनि सामना गरिरहेको छ । चीनको सैन्य ध्यान विश्वव्यापी खतराको प्रतिनिधित्व गर्नुको सट्टा आफ्नै क्षेत्रमा स्थिरतामा केन्द्रित छ ।

पश्चिमी धम्की र बेलिकोस बयानबाजीलाई जवाफलाई हेरेर बुझ्न सकिन्छ कि चीनले आफ्नो सेनालाई बलियो बनाएको छ ।

स्पष्ट रूपमा, सबैभन्दा खतरनाक सैन्य हतियार आणविक अस्त्र हो । संयुक्त राष्ट्र सुरक्षा परिषद्का पाँच राष्ट्रहरूमध्ये चीनले मात्रै आणविक हतियारको पहिलो प्रयोगको नीति त्यागेको छ । चीनसँग कथित रूपमा लगभग २९० आणविक क्षेप्यास्त्रहरू छन्, जुन संरा अमेरिकाले राखेको ६,००० भन्दा बढीको तुलनामा, कुनै पनि चिनियाँ आणविक आक्रमणलाई अकल्पनीय बनाउँदछ ।

माथिको कुरालाई ध्यानमा राख्दै, स्पष्ट रूपमा, चीनले प्रस्तुत गरेको कुनै पनि 'सैन्य खतरा' गैरजिम्मेवारपूर्ण र व्यापक रूपमा प्रचार गरिएको भ्रममात्र हो । एक आश्चर्य (वा अधिक सम्भावित, संदिग्धहरू) जसको प्रयोग अतिशयोक्तिद्वारा सेवा गरिन्छ ।

***(लेखक न्यूक्यासल, अष्ट्रेलियामा रहनुहुने लेखक, इतिहासकार र सामाजिक टिप्पणीकार हनुहुन्छ ।)***
***-ग्लोबल टाइम्सबाट***
***अनुवाद : प्रकाश***

# बेलायती र भारतीय सेनामा गएका उतै नागरिक हुने भए देशको गौरव कसरी होला ?

काठमाडौँ । सङ्घीय संसद्को संसदीय प्रशिक्षण शाखाको आयोजनामा प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको सभाकक्षमा सरकारको नीति अध्ययन प्रतिष्ठानका अधिकारीहरूसँग बिहीबार प्रतिनिधिमूलक सांसदहरूको छलफल भयो ।

प्रतिष्ठानको तर्फबाट कार्यालय प्रबन्धक लक्ष्मण भट्टराई, ज्ञान व्यवस्थापन र प्राकृतिक स्रोत तथा प्रविधि नीतिका प्रमुख दीपककुमार खड्का, अनुसन्धान र कानुनी तथा सामाजिक मामिला नीति प्रमुख हरि शर्मा न्यौपाने, परराष्ट्र र रणनीतिक मामिला नीतिका प्रमुख खगनाथ अधिकारी, शासकीय प्रबन्ध तथा सङ्घीय मामिला नीति प्रमुख मुक्तिराम रिजाल, आर्थिक तथा पूर्वाधार विकास नीति प्रमुख कल्पना खनालले प्रतिष्ठान गठनको अलग कानुन निर्माण हुनुपर्ने, प्रतिष्ठानको १४ ओटा कार्य भएको, प्रतिष्ठान सरकारी विचार भण्डारण भएको, प्रतिष्ठानको अनुसन्धान सिफारिस-तर्जुमा-कार्यान्वयन-मूल्याङ्कन-अनुसन्धान नीतिचक्रको रूपमा रहेको, प्रतिष्ठानका कार्यकारी अध्यक्ष एक वर्षदेखि परिपूर्ति नहुँदा नेतृत्वविहीन भएको, राज्यले अनुसन्धानमा ३ अर्ब ४५ करोड खर्च गरे पनि प्रतिष्ठानलाई ७ करोडमात्र पठाएको उल्लेख गर्नुभयो ।

प्रतिष्ठानका ती विज्ञहरूले नेपालका विश्वविद्यालयहरू गाजा खेतीको वैधानिकीकरण, प्रजातन्त्रको संस्थागत विकास, जिल्ला प्रहरी कार्यालयको सेवा प्रवाह, कोभिड-१९ को समयका निर्णय, कोभिड-१९ को मनोसामाजिक असर, नेपालमा स्टार्टअप लघु तथा साना उद्योग, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, उच्च शैक्षिक संस्थामा अनुसन्धान सदाचार, कृषिमा प्रत्यक्ष वैदेशिक लगानी, अति कम विकसित देशको श्रेणीबाट स्तरोन्नति, कोभिड-१९ महामारीमा खोप कूटनीति, नेपालको सन्दर्भमा सार्वजनिक कूटनीति राष्ट्रिय हित: सैद्धान्तिक आधार, नेपालमा विशेष आर्थिक क्षेत्रबारे अनुसन्धानको निष्कर्ष र सिफारिस प्रस्तुत गर्नुभएको थियो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले राज्य कोषमा विदेश भ्रमण गएका नेपालका प्रधानमन्त्री, मन्त्री, जनप्रतिनिधि र राजदूतहरूलाई अनुभव लेखाएर लिनुपर्ने, विषयअनुसारको सहरी विश्वविद्यालयहरू स्थापना गरिनुपर्ने, एउटै विश्वविद्यालय छाता ऐनबाट सबै विश्वविद्यालयलाई सम्बोधन नहुने, विद्यालय र विश्वविद्यालयका शिक्षक कस्तो कस्तो हुनुपर्ने, कस्तो कस्तो भए, राजनीति सबै नीतिको मूल नीति भएको हुँदा दलका कार्यकर्ताहरूको उँचो सांस्कृतिक स्तर हुनुपर्ने, समाजको खराबीसँग नलड्ने, ठेकेदार, तारेहोटेल, निजी विद्यालय र कलेजमा पैसा उठाएर खाने पार्टी कार्यकर्ता किन भए ? आदि विषयमा प्रतिष्ठानले अनुसन्धान गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाली युवालाई बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बन्न पठाउन नहुने, नेपाली युवालाई भाडाको सिपाही बनाउने गोर्खा भर्ती खारेज गर्नुपर्ने, बेलायत र भारतीय सेनामा गएका नेपालीहरू बेलायती र भारतीय नागरिक भए नेपालको गौरव कसरी कायम होला, वैदेशिक लगानी र भूमण्डलीकरण नवउपनिवेश हुने, जसको सिता खान्छ, उसको गीता गाउँछ वा 'नुनको सोझो' गर्नुपर्ने, विश्व बैङ्क, एसियाली विकास बैङ्क साम्राज्यवादको हतियार भएको, युगान्डाले 'समलिङ्गी विवाह' को विरोध गरेपछि अमेरिकी र युरोपेली नाकाबन्दी भएको, विश्व बैङ्कको सहयोग रोकिएको, रूसले संविधानमा विवाह पुरूष र महिलाबिच हुने लेखेपछि अमेरिकाले नाकाबन्दी लगाएको, नेपालको सर्वोच्च अदालतले 'समलिङ्गी विवाह' लाई मान्यता दिएको, अमेरिकाले युक्रेनमा रूसविरुद्ध 'समलिङ्गी' विवाहको पक्षमा प्रदर्शन गराएको विषयमा पनि नीति अध्ययन प्रतिष्ठानको ध्यान जानुपर्ने कुरा सांसद सुवालले राख्नुभयो ।

कृषि अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन र गरिबी उन्मूलन गर्न नेपालले चीनबाट सिक्नुपर्ने, प्रतिहेक्टर धान चीनमा ६ मेट्रिक टन, भारतमा ४ मेट्रिक टन र नेपालमा ३ मेट्रिक टन उत्पादन हुने गरेको उल्लेख गर्दै सांसद सुवालले देशको सन्तुलित विकास गर्नुपर्ने र सङ्घीय राजधानी र प्रदेश राजधानीमा बसाइँसराइ नरोके किड्नी, मुटु, फोक्सोको बिरामीको खानी हुनेतर्फ प्रतिष्ठानको अध्ययन हुनुपर्ने उल्लेख गर्नुभयो ।

उपसभामुख इन्दिरा रानाले चीनमा भ्रष्टाचारीलाई जेल पठाइने, सिङ्गापुरमा माटो किनेर समुद्रमा टापु बनाइयो, नेपालमा डाँडाको माटो खोस्रेर विरूप बनाइयो, यसलाई सरकारले रोक्नुपर्ने उल्लेख गर्नुभयो ।

सांसदहरू अर्जुननरसिंह केसी, विद्या भट्टराई, माधव सापकोटा, सोभिता गौतम, ध्रुवबहादुर प्रधानलगायतले बोल्नुभएको थियो ।

संसद्का सचिव सुदर्शन खड्काले संसदीय प्रशिक्षण शाखाको लागि रु. ५० हजार मात्र बजेट भएको उल्लेख गर्दै नीति अध्ययन प्रतिष्ठानसँगको कार्यक्रमबारे डेढ वर्षमा मात्र तय हुन सकेको बताउनुभयो ।

---

**उग्र..**

.दक्षिणी गोलार्द्धप्रति इतिहासमा आफूले गरेको सहयोगका कारण चीन वर्चस्वविरोधी प्रक्रिया र अभियानलाई मलजल गर्ने भूमिकामा उकासिएको छ । चीनले सार्वजनिक रूपमै 'उत्तर-दक्षिणको दूरी घटाउने' कायर्बमा आफू प्रतिबद्ध रहेको बताएको छ ।

चीन उत्तरी गोलार्द्धको वर्चस्वको लागि आज प्रमुख आर्थिक र राजनीतिक चुनौती बनेको छ भने क्युवा र भेनेजुयला ऐतिहासिक, समाजवादी प्रतिकारको मुख्य मोर्चामा उभिएका छन् । ६ दशकभन्दा लामोअमेरिकी नेतृत्वको आर्थिक नाकाबन्दी र प्रतिबन्ध झेलेरै क्युवा अघि बढ्दै छ । क्युवा र नाकाबन्दीले थलिएको भेनेजुयलाले आफ्नो समाजवादी मुद्दा त्यागेका छैनन् । पूर्वमा प्रजग कोरिया पश्चिमा जगतको 'हाउगुजी' बनेको छ । त्यस्तै लाओस र भियतनामका सरकारको लगाम लामो समयदेखि कम्युनिस्ट पार्टीहरूको हातमा छ र त्यहाँ तीव्र आर्थिक विकास जारी छ ।

सोभियत सङ्घको स्थापनायता विश्वभरि वामपन्थी शक्तिहरूले एउटा अन्तर्विरोधको सामना गर्दै आएका छन् । समाजवादीराज्य र जनताको आवश्यकता तथा निश्चित भेग वा देशको कामदार वर्गका आवश्यकताबिच यो अन्तर्विरोध चल्दै आएको छ । सबै देशका कामदार वर्गका नेताहरूले रणनीतिकरूपमा सोच्नुपर्छ । यसको लागि उनीहरूले 'जनताबिचको अन्तर्विरोध' सकेसम्म अद्वेषपूर्ण राख्नुपर्छ र निर्णायक प्रहारलाई साम्राज्यवादी मुकामविरुद्ध लक्षित गर्नुपर्छ । कम्युनिस्टहरूको 'सर्वहारा वर्गको भन्दा फरक अलग्गै स्वार्थ' हुँदैन भन्ने नीतिमा थप ठोस अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

उदाहरणको लागि सोभियत सङ्घको पतनजस्तो पराजय समस्त कामदारहरूका लागि विनाशकारी साबित भयो । समाजवादी आजु तथा आन्दोलनको रक्षा गर्न साम्राज्यवादी खेमाभित्रका दरारहरूबाट लाभ लिन कैयन रणनीतिक निर्णयहरू लिनुपर्छ । सत्ताभित्र वा बाहिर जता रहे पनि यस्तो निर्णय लिनबाट चुक्नु हुँदैन ।

## दक्षिणी गोलार्द्धको गोलबन्दी २ : सार्वभौमिकताका लागि लडिरहेका दस देश

चित्र २६ मा यो गोलबन्दीका देशहरू देखाइएको छ । यी देश समाजवादी होइनन् तर अमेरिकी नेतृत्वमा यिनलाई सत्तापरिवर्तनको प्रमुख तारो बनाइएको छ । यी देशले आफ्नो र अन्य देशको सार्वभौमिकताको जुझारु रक्षा गर्दै छन् । नौमध्ये सात देशले २०२३ फेब्रुअरीमा रूस युक्रेनबाट फर्किनुपर्ने अमेरिकी प्रस्तावको विरुद्ध मतदान गरेका थिए । यी देशले गाजामा युद्धविरामको पक्षमा पूर्ण समर्थन दिएका छन् ।

भिन्दाभिन्दै कारणले यस्तो निर्णय गरे पनि यी देशले सार्वभौमिकता जोगाउने सङ्घर्षमा एकैखाले कष्ट भोग्दै छन् । साम्राज्यवादविरोधी सङ्घर्षमा दक्षिणी गोलार्द्धको अग्रमोर्चामा यिनै देश छन् । यी देशहरू पूर्ण वा आंशिक रूपमा पश्चिमी देशहरूमाथि नै निर्भर छन् । तैपनि यिनीहरू राजनीतिक स्वाधीनता प्राप्तिको दिशामा प्रयासरत छन् । यसकारण यिनीहरू साम्राज्यवादको बहुपक्षीय हाइब्रिड युद्धको चपेटामा परेका छन् । सरल शब्दमा भन्नुपर्दा यीमध्ये अधिकतर देश अमेरिकी गुप्तचर विभागको सत्तापरिवर्तन गर्नुपर्ने देशको सूचीमा छन् ।

संरा अमेरिकाको आडमा सन् २०१४ फेब्रुअरीमा युक्रेनमा दक्षिणपन्थी सत्ताविद्रोह भएपछि रूसमा क्रिमियाको एकीकरण भयो । विशेषगरी सोही समयपछि रूस साम्राज्यवादी खेमाको सत्तापरिवर्तन गर्ने खेलको मुख्य तारो बन्दै आएको छ । अमेरिका र उसका साझेदारहरूले रूसलाई कमजोर पार्ने, टुक्र्याउने र आणविक हतियाररहित बनाउने खेलमा उल्लेख्य स्रोतसाधन खर्चेका छन् । अमेरिकाले सन् २०१४ फेब्रुअरीदेखि २०२२ फेब्रुअरीसम्ममा यस कार्यका लागि रूसविरुद्ध युक्रेनलाई ९० अर्ब डलर बराबरको सैन्य सहायता दिइसकेको छ । बेलारूस भूराजनीतिक र आर्थिक रूपमा रूस निकट छ । ( यसका लागि सन् १९९२ मा सामूहिक रक्षा सन्धि संगठन बनेको थियो भने सन् १९९६ मा संयुक्त राज्य बेलारूस तथा रूस बनेको थियो ।) त्यसैले बेलारूस अमेरिकी खुफिया निकायको तारो बन्दै आएको छ ।

सन् १९७८ र ७९ का क्रान्तिपछि अफगानिस्तान र इरानमा अमेरिकापरस्त नेतृत्वलाई हटाइयो । यसकारण ती दुवै देश अमेरिकी सैन्य हस्तक्षेप र राजनीतिक चलखेलका तारो बन्दै आएका छन् । आणविक ऊर्जा कार्यक्रमयुक्त इरान त्यो भेगमा पश्चिमा स्वार्थको तगारो बनेको छ । छद्म द्वन्द्वहरूमा इरानको बलियो क्षेत्रीय प्रभाव छ र उसले निरन्तर पश्चिमविरोधी (र इजरायलविरोधी) अडान लिँदै आएको छ । सन् २००१ मा अमेरिकाले अफगानिस्तानमा हमला गर्‍यो । त्यहाँ दुई दशक बिताउँदा अमेरिकाले २० खर्ब डलर (प्रतिदिन ३० करोड डलर) खर्च गर्‍यो । मध्य एसियामा पकड जमाउन उसले त्यो पैसा उडाएको थियो । तर, सन् २०२१ उसले अफगानिस्तान छोड्नुपर्‍यो ।

सन् २०११ यता सिरिया अमेरिकाको रणमैदान बनिरहेको छ । पश्चिम एसियाभरिको सुरक्षा नियन्त्रण हातमा लिने अमेरिकाको उद्देश्य थियो । सन् १९६५ मा पत्रकार प्याट्रिक सिलले सिरियालाई परिभाषित गरेका थिए - 'विरोधी स्वार्थको ऐना' भनेर । सिरियाविरोधी अमेरिकी युद्ध त्यो परिभाषामा फिट खान्छ ।

यो गोलबन्दीको आकार बढ्दो छ । यसमा इरिट्रिया, माली, बुर्किना फासो र नाइजरले आफ्नो सार्वभौमिकताको रक्षार्थ साहसी पाइला चाल्दै छन् । इरिट्रिया लामो समयदेखि अमेरिकाविरुद्ध आक्रामक रहिआएको छ किनभने अमेरिकाले इथियोपियाको बाटो हुँदै इरिट्रियालाई हस्तक्षेपको तारो बनाएको छ । बुर्किना फासो, माली र नाइजरले साहेल क्षेत्रमा फ्रान्सको नवउपनिवेशवादी उपस्थितिलाई अस्वीकार गरेका छन् । तिनीहरूले पश्चिमपरस्त राजनेताहरूलाई देशनिकाला गरेका छन् । तिनीहरूले साहेल आर्थिक गठबन्धन र साहेल गठबन्धन स्थापना गरेका छन् । आर्थिक र सैन्य सहकार्य गर्नु यी गठबन्धनको लक्ष्य हो । यद्यपि ती देशको राजनीतिक अवस्था अझै पनि अस्थीर छ । यिनीहरू साम्राज्यवादी शक्तिहरूबाट आफ्नो वास्तविक स्वाधीनताको रक्षा गर्न सङ्घर्ष गर्दै छन् ।

| Country | International Affiliations | | | UN Votes | |
|---|---|---|---|---|---|
| | Friends of UN Charter | Shangai Coop. Org. | BRICS10 | Gaza Ceasefire 10/2023 | Russia Whitdrawal 02/2023 |
| Russia | Y | Full | Original | Y | N |
| Iran | Y | Full | New | Y | Abstain |
| Belarus | Y | Observer | | Y | N |
| Burkina Faso | | | | Did not vote | Did not vote |
| Mali | Y | | | Y | N |
| Guinea | | | | Y | Abstain |
| Niger | | | | Y | Y |
| Syria | Y | | | Y | N |
| Afghanistan | | Observer | | Y | Y |
| Eritrea | Y | | | Y | N |
| Total | 6 | 4 | 2 | 9 Y | 7 N+Abstain |

***Source: Global South Insights***

---

# हो-चि-मिन्हलाई चिठी

**• भूपि शेरचन**



*आशीर्वाद जस्तो सिरानीमा उभिएको*
*माछापुच्छ्रे हिमालको छायाँमा उभिएर*
*म तिमीलाई सलामी दिन्छु*
*तिमीलाई पनि एउटा नयाँ हिमाल मानेर ।*
*अहिले तिमीलाई यो चिठ्ठी लेख्न बस्दा*
*मेरो कोठाको मौनता*
*परिणत भएको छ कुनै बौद्ध विहारको शान्तिमा*
*जहाँ बालेको धूपबाट निस्केका धुवाँझैँ*
*बिस्तारी-बिस्तारी उठेर*
*मेरो अगाडि उभिरहेछ*
*तिम्रो बूढो र पातलो शरीर*
*एउटा अस्पष्ट तर पवित्र अनुहार बोकेर ।*
*र मलाई अनायास याद आइरहेछ आफ्नो गाउँको*
*जहाँ एउटा खोला छ, 'लेते खोला'*
*तिमी जस्तै शान्त र दुब्लो*
*तर जब त्यो सानो खोलामा बाढी आउँछ*
*वरिपरिका ठूल्ठूला चट्टानहरूको पनि पाइला*
*डग्मगाउँछ*
*र बाढी थामिएपछि*
*त्यसलाई छेक्न खोजेका घमण्डी पहराहरूले*
*आफूलाई भत्केको भास्सिएको र चोइटिएको पाउँछन्*
*मेरो "लेते खोला" !*
*म ढुक्क छु*
*तिम्रो बाढीले पनि मिल्क्याउँनेछ ।*
*ती डलरका कात्रो बोकेर*
*तिम्रो देशमाथि आइलागेका बर्बरहरूलाई ।*
*भूगोलको परिधिले मलाई बाँधे तापनि*
*राष्ट्रहरूको बिचमा सीमारेखाहरूले*
*मलाई तिमीसँग बेग्लाए तापनि*
*यी सबभन्दा माथि जहाँ चेतन छ*
*यी सबभन्दा सच्चा जहाँ मुटुको ढुकढुकी छ ।*
*त्यहाँ म तिमीसँग छु*
*र युद्धमा परेको छु*
*तिम्रो प्रत्येक घरको भत्काइमा म बेघर भएको छु*
*तिम्रो प्रत्येक पुलको टुटाइमा म टुटेको छु*
*तिम्रो प्रत्येक गोल-गोल मङ्गोल अनुहार भएकी*
*आइमाईको बेइज्जतीमा*
*मैले आफ्नो पत्नी र दिदी-बहिनीहरूलाई*
*बाटोमा निर्वस्त्र देखेको छु*
*तिम्रो प्रत्येक बौद्ध विहारको विध्वंसमा*
*मैले आफ्नो स्वयम्भूको ज्ञानचक्षुमा*
*आँसु उर्लिएको देखेको छु*
*तिम्रो हनोइमाथिको वम वर्षाको छिर्का*
*मैले आफ्नो धरहरामाथि परेको अनुभव गरेको छु*
*र बमवर्षाका रातहरू*
*मैले पनि जागरणका ट्रेञ्चहरूमा बिताएको छु*
*को सक्छ निदाउन खरबारीमा*
*वरिपरि मुढाहरू दन्किरहेको बेलामा !*
*यी सबभन्दा बर्ता*
*यी सबभन्दा माथि*
*मैले तिम्रो प्रत्येक मृत सिपाहीबाट*
*बाँच्ने दर्शन सिकेको छु*
*जीवनको अर्थ बुझेको छु*
*र तिम्रो सानो देशको ठूलो आत्माबाट*
*मैले आफ्नो सानो आत्माभित्र*
*एउटा ठूलो ज्योति सल्केको पाएको छु*
*हनोइमाथिको बम*
*सहरमाथि होइन, मान्छेमाथि बम हो,*
*र मैले तथा म जस्तै*
*सारा मानिसहरूले ती बमहरूलाई*
*आफूमाथि पड्केको भन्ठानेका छन्*
*मेरो कामरेड !*
*मेरो हिमाल !*
*मेरो 'लेते खोला' !*
*विश्वास गर*
*मैले तिम्रो जीतको विश्वास गरेको छु*
*मानिस मर्छन्*
*जसरी डढेलोमा रूखहरू डढ्छन्*
*तर मानवता कहिल्यै मर्दैन*
*त्यो फेरि पलाउँछ*
*डढेलोपछि उम्रिने असङ्ख्य च्याउहरू जस्तै ।*
*आशीर्वाद जस्तो सिरानीमा उभिएको*
*माछापुछ्रेको छायाँमा उभिएर*
*प्रतिज्ञा जस्तो वरिपरि दृढ उभिएका पहाडहरूलाई*
*हातेमालो गरेर*
*म किरिया हाल्ने सामर्थ्यमा छु*
*जीत तिम्रो हुनेछ*
*जीत हाम्रो हुनेछ*
*अन्तरिक्षमा मर्ने कुकुरलाई शोकमा*
*गिर्जाघरमा रुनेढोंगी मानवता*
*धरतीमा गरेको हत्याको पछुतोमा*
*आत्महत्या गर्न बाध्य हुनेछ ।*

**-प्रचेष्टा** *(वर्ष २ अङ्क ७, २०५४ बाट)*

# सदाचारपूर्ण व्यवहारमा बसे धेरै रोगबाट बच्ने



भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा भनपा वडा नं. ६ छेकोङ व्यवस्थापन समितिको आयोजनामा हाडजोर्नी तथा नशा रोगबारे अभिमुखीकरण कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका सचिव एवं सांसद प्रेम सुवालले छेकोङ व्यायाम नियमित गर्नाले विभिन्न रोगहरू निको हुने चर्चा गर्दै सम्पूर्ण उमेर समूहका मानिसहरूले यो व्यायाम गर्नुपर्ने बताउनुभयो । मानिस सामाजिक सदाचार र व्यवहारमा बसेको खण्डमा धेरै रोगबाट आफै सुरक्षित हुने धारणा राख्दै उहाँले चुरोट खानेलाई भन्दा सँगै बस्ने मानिसलाई धेरै रोग लागेको अध्ययनले देखाएको बताउनुभयो । घर घरमा चुरोट, रक्सी, जाँड र अन्य पेय पदार्थ खाने मानिसहरूलाई सम्झाउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले देश र जनताको लागि योगदान गर्नुपर्नेतर्फ सचेत हुनुपर्ने बताउनुभयो । उहाँले आफ्नो स्वास्थ्यप्रति सचेत नहुनाले कम उमेरमै धेरै मानिसहरूको ज्यान गइरहेको बताउनुभयो ।

सरकारको अकर्मण्यता र अदूरदर्शिताका कारण वर्षको लाखौँ नागरिकहरू विभिन्न नाममा विदेश गइरहेको हुँदा नेपालमा बुढाबुढी र बच्चाहरूमात्र बाँकी हुने सम्भावनाप्रति नेपाल सरकार गम्भीर हुनुपर्छ भन्नुभयो । सरकार देश र जनताप्रति जिम्मेवार नभएको कारण नेपालीहरू विदेश जानुपर्ने बाध्यता आएको उहाँले चर्चा गर्नुभयो ।

सरकारले सुन तस्करहरूलाई संरक्षण प्रदान गरिरहेको चर्चा गर्दै उहाँले नक्कली भुटानी शरणार्थी प्रकरणमा सरकारका उच्चपदस्थ कर्मचारी र नेताहरूको संलग्नता रहे तापनि केही गर्न नखोजेको उहाँले चर्चा गर्नुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले भक्तपुर नगरपालिकाले गरिरहेका विभिन्न विकास निर्माणको चर्चा गर्दै जनसहभागिता जुटाएर भएको निर्माण बढी टिकाउ र भरपर्दो रहेको बताउनुभयो । उहाँले यहाँको सम्पदा संरक्षण, पुनर्निर्माण र जीर्णोद्धारमा सयौँ मानिसले श्रमदान गरेको चर्चा गर्नुभयो ।

स्थानीय गोपीकृष्ण चाँगुभारीले चाइनिज योगको महत्त्व र यसले मानिसलाई गर्ने फाइदाको विषयमा चर्चा गर्नुभएको थियो । उक्त कार्यक्रममा कार्यपालिका सदस्य रोशनमैयाँ सुवाल, जगन्नाथ सुजखु, राजुसिं बजिकों र सानुमैया बजिकोंले पनि बोल्नुभएको थियो ।

# कीर्तिपुरमा अध्ययन गोष्ठी

कीर्तिपुर । नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिक पत्रिकाको अध्ययन गोष्ठी बुधबार पाङ्गामा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले 'श्रमिक' र 'मजदुर' पत्रिका कामदार जनताको झन्डा भएकोले पत्रिका वितरण व्यवस्थित गर्नुपर्ने बताउनुभयो ।

उहाँले नेपालभाषा साहित्यले राजनीतिक, सामाजिक, सांस्कृतिक विषयमा ज्ञान हासिल गर्ने दब्बु भएकोले चैत १० गते शनिबार हाडीगाउँमा हुने तेस्रो साहित्य सम्मेलनमा सहभागी हुन अनुरोध गर्नुभयो ।

कार्यक्रममा विन्द्रा महर्जन, अविरमान महर्जन, श्याम महर्जनले पनि बोल्नुभएको थियो ।


## हार्दिक समवेदना



जन्म
२००५।०५।०५

निधन
२०८०।१२।०७

हाम्रा प्रात: स्मरणीय एवं पुजनीय पिता /ससुराबुबा **पूर्णबहादुर लाखाजु**को असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथीमा मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**छोरी /ज्वाँइहरू**
स्व: पुयण्श्वरी मचामसी
पुजा/राजकुमार मचामसी
रामलक्ष्मी/स्व: आशराम देशेमरू
सनिसा/मुकेश मचामसी
नाती/बुहारी
राजिव/रोजिना मचामसी

**नाति/नातिनीहरू**
युना देशेमरू
युनिस देशेमरू
सजल मचामसी
समन मचामसी
राजिनराज मचामसी


# अन्तरनगर महिला कबड्डी प्रतियोगिताले संस्कार पनि सिकाएको विचार




भक्तपुर । भक्तपुर नगरपालिकाको आयोजनामा फागुन २९ देखि चैत ३ सम्म भएको अन्तरनगर महिला कबड्डी प्रतियोगिता-२०८० भव्यताका साथ सम्पन्न गर्न सहयोग गर्नुभएका सबैमा बिहीबार एक कार्यक्रमबिच धन्यवाद ज्ञापन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अन्तरनगर महिला कबड्डी प्रतियोगिता सम्पन्न गर्न प्रत्यक्ष र परोक्ष सहयोग गर्ने सबैमा धन्यवादज्ञापन गर्दै खेलाडीहरूमा राजनैतिक, सांस्कृतिक र नैतिक संस्कार भए अझ अघि बढ्न सक्ने धारणा राख्नुभयो ।

पुँजीवादी व्यवस्थामा जालझेल, षड्यन्त्र र छलछाम हुने हुँदा सबै नागरिकहरू त्यसबाट सचेत हुनुपर्ने उल्लेख गर्दै उहाँले खेलकुद प्रतियोगिता खेलाडी, प्रशिक्षक र सिङ्गो भक्तपुरको सबै पक्षको परीक्षा पनि भएको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले महिला कबड्डी खेलले महिलालाई अगाडि बढाउन उत्साह मिलेको चर्चा गर्दै विभिन्न नपाका जनप्रतिनिधिहरूसँगको भेटघाटले अनुभव आदानप्रदानको अवसर मिलेको बताउनुभयो ।

भलिबल सङ्घका अध्यक्ष विनोदचरण रायले भक्तपुर नपाले आयोजना गरेको कबड्डी खेल खेलाडीहरूको लागि उपयुक्त निर्णय भएको स्पष्ट पार्दै भक्तपुर नपाले खेलकुदमार्फत खेलाडीहरूलाई संस्कार सिकाउने काम भएको बताउनुभयो ।

उहाँले प्रतियोगितामा विभिन्न जिल्लाबाट सहभागी खेलाडी र प्रशिक्षकहरूले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल, कलेज तथा विकास निर्माण अवलोकनपछि नगरपालिकाले त्यस्तो संरचना बनाउने कल्पना नगरेको प्रतिक्रिया व्यक्त गरेको बताउनुभयो ।

एसियन कबड्डी फेडेरेसनका उपाध्यक्ष विनोद प्रजापतिले कबड्डी खेल कभर्ड हलमा खेलाउनुपर्नेमा सहिद स्मृति खेलमैदानमा खुलारूपमा गरे पनि कुनै राष्ट्रिय स्तरको प्रतियोगिताभन्दा कम नभएको विचार राख्नुभयो । भक्तपुर नपाको आयोजनामा अन्तरनगर कबड्डी प्रतियोगिताले अन्तर्राष्ट्रिय प्रतियोगिताको झल्को दिएको उहाँले राय व्यक्त गर्नुभयो ।

कार्यक्रममा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले मूल समितिमा रहेर काम गर्ने सबैमा बधाई तथा धन्यवादज्ञापन गर्दै भक्तपुर नपाले पहिलोपटक खेलाडीको लागि स्वास्थ्य बीमा र लाइजन अफिसर बन्दोबस्त गरेको बताउनुभयो । कार्यक्रममा उपस्थित सहभागीहरूले आगामी दिनमा सुधार गर्न सुझाव दिनुभएको थियो ।

## खाद्य सामग्रीहरू भारतबाटै आयात

# चार दिन प्रहरीलाई छब्बीस दिन तस्करलाई

रौतहट । नेपाल-भारत खुला सिमाना भएकोले दुवै देशका जनता सजिलै ओहोरदोहोर गर्ने गर्दछन् । नेपाल र भारतबिचको सौहार्दपूर्ण सम्बन्ध इतिहासजतिकै पुरानो छ । तर, दुवै देशका शासक र शोषकहरूले गर्दा दुवैतिरका काम गरी खाने जनता 'साँढेको जुधाइमा बाच्छोको मिचाइ' जस्तै भएका छन् ।

खुला सिमानाको कारण दुवै देशका कामदार जनता एक अर्काको देशमा गएर आफ्नो अनुकूलताको काम गर्दै छन् । नेपाल कृषिप्रधान देश भए पनि अधिकांश खाद्य सामग्रीहरू भारतबाटै आयात गर्ने गर्दछन् । नेपाललाई चाहिने ८५ प्रतिशतभन्दा बढी सामग्रीहरू भारतबाट आयात हुने भएकोले दिनप्रतिदिन घाटामा गएको तथ्याङ्कले देखाउँछ ।

सिमाना नजिकका नेपाली व्यापारीहरू झिङ्गा धपाएर बस्ने गरेका छन् भने भारतीय व्यापारीहरूलाई भ्याइनभ्याइ छ । सिमाना बजार नजिकै भएकोले नेपालबाट अधिकांश मान्छे आफ्नो घरायसी प्रयोजनको लागि आवश्यक पर्ने सामग्रीहरू सोझै भारतीय बजारबाट किनमेल गरेर ल्याउँछन् । परिणामस्वरूप नेपाल सरकारलाई आउनुपर्ने राजस्व दिनप्रतिदिन घट्ने गरेका छन् ।

नेपाल र भारतबिचको सिमाना नियमन नहुँदा तस्करी र आपराधिक घटनाहरू दिनप्रतिदिन मौलाउँदै छन् । सीमा सुरक्षामा खटिएका नेपाल सरकारका सुरक्षाकर्मीहरू गम्भीर नहुँदा यस्ता घटनाहरू बढ्ने क्रममा छन् । गएको साता रौतहटस्थित परोहा नगरपालिका वडा नं. ९ स्थित सञ्चालित आईएमई सञ्चालकलाई गोली प्रहार गर्नेहरू भारतीय मूलका नै हुन् । नेपालमा अपराधीहरू सजिलै प्रवेश गरी चोरी, डकैती, लुटपाटजस्ता आपराधिक क्रियाकलापहरू गरी सजिलै सिमानापारि जाने गर्दछन् । नेपाल र भारतबिचको सिमाना नियमन नहुँदा नेपाली र भारतीय भूमिमा प्राय: आपराधिक गतिविधि हुने हुँदा दुवै देशका सर्वसाधारण नागरिक असुरक्षित महसुस गर्दै छन् ।

सिमाना नियमन गर्नुपर्ने विषयमा नेपाल मजदुर किसान पार्टीका सांसदहरूले संसद्मा पटकपटक आवाज उठाउँदा यहाँका शासक दलहरूले गम्भीरता देखाएनन् । उल्टै तिनीहरूले विभिन्न सञ्चार माध्यम र आफ्ना कार्यक्रमहरूमार्फत नेपाल मजदुर किसान पार्टी भारतविरोधी पार्टी हुन् भने हल्ला फैलाए । तर, अब नेपाली जनता बुझ्दै छन् कि नेमकिपा भारतविरोधी नभई देशको सार्वभौमिकता र भूअखण्डता रक्षाको निम्ति सङ्घर्ष गर्ने दल हो । सिमाना नियमन हुँदा आपराधिक तथा तस्करी गतिविधिहरू बन्द हुनुका साथै दुवै देशका सर्वसाधारण जनता डर र भयरहित वातावरणमा बाँच्न पाऊन् भन्ने उद्देश्यले नेमकिपाले सिमाना नियमन गर्नुपर्ने विषयमा जहिले पनि सरकारलाई घच्घच्याइरहेको हुन्छ ।

सिमानाबाट कति मानिस बाहिरिए, भित्रिए त्यसको तथ्याङ्क नेपाल सरकारसँग हुनुपर्छ । सिमा सुरक्षाको हरेक क्षेत्रको जिम्मेवारी लिएर बसेका सुरक्षाकर्मीहरूसँग व्यवस्थित तथ्याङ्क भेटाउन गाऱ्हो छ । तर, रौतहटको गौर नाकाबाट यदि भारतमा कोही प्रवेश गर्दै छन् भन्ने भारतीय नाकामा प्रवेश गर्नेहरूलाई फोटोसहितको आफ्नो परिचयपत्र देखाउनुपर्छ । परिचयपत्र नदेखाएको खण्डमा प्रवेश गर्न दिँदैन । परिचयपत्र देखाएपश्चात् भारत सरकारले बनाएको सेक्युरिटी गेट ( सुरक्षा गेट) बाट प्रवेश गर्नुपर्छ । भारतमा प्रवेश गर्न उनीहरूलाई ठाउँ ठाउँमा कडाइ गरिएको हुन्छ । भारतबाट नेपाल प्रवेश गर्दा कुनै पनि प्रकारको परिचयपत्र देखाउनुपर्दैन । परिणामस्वरूप नेपालमा सिमाना वरिपरिका गाउँमा दिनप्रतिदिन आपराधिक गतिविधिहरू घट्ने गर्दछन् ।

नेपालका विभिन्न बजारमा तस्करहरू भारतीय बजारबाट सस्तोमा सामान लिई नेपालका विभिन्न सहरका पसलहरूमा कमिसनका लागि सामान पुऱ्याउने गर्दछन् । यसमा नेपाली युवा र भारतीय युवाहरू सक्रिय छन् । नेपाली उपभोक्तालाई चाहिने हरेक प्रकारका सामानहरू सजिलैसँग सेवाग्राहीसम्म पुऱ्याइदिन्छन् । तस्करी गर्नेहरूले नेपाल र भारतका विभिन्न क्षेत्रका सुरक्षाकर्मीहरूलाई कमिसनबापत केही रकम दिने गर्दछन् । सुरक्षाकर्मीहरूले तस्करको लागि एउटा छुट्टै नाका र समय छुट्याइदिएका हुन्छन् । त्यही नाकाबाट सयौँको सङ्ख्यामा तस्करहरू ओहोरदोहोर गर्ने गर्दछन् । अनुगमन टोली आएको बेलामा उनीहरूलाई अगाडि नै सूचना गरिदिएको हुन्छ । तस्करहरूले सुरक्षाकर्मीहरूलाई महिनावारी निश्चित गरिदिएका हुन्छन् । सुरक्षाकर्मीहरूले तस्करहरूलाई के भन्ने गर्छन्, महिनामा ३० दिन हुन्छ त्यसमध्ये चार दिन हाम्रो हुन्छ र २६ दिन तपाईंहरूको । महिनामा चार दिन जुनसुकै दिन तपाईंहरूको सामान हामी जफत गर्नसक्छौँ । तर, यिनीहरूलाई अगाडि नै खबर गरिदिएको हुनाले त्यो दिन कम मात्रामा सामानहरू लिएर आउँछ । 'सर्प पनि मरोस् लठी पनि नभाँचोस्' भन्ने उखान चरितार्थ हुन्छ । सुरक्षाकर्मीहरू सिमानामा हामी तस्करीहरूलाई कडाइका साथ नियन्त्रण गरेका छौँ भन्ने जनता र सरकारको आँखामा छारो हाल्ने काम गर्छन् ।

खुला सिमानाको कारणले गर्दा सरकार आर्थिकरूपमा कमजोर बन्दै गएको छ भने व्यक्ति बलियो बन्दै गएको छ । सिमानामा भइरहेको यस्ता क्रियाकलापबाट प्रश्न उठ्छन् कि कमिसनको पोको कहाँदेखि कहाँसम्म पुग्दो रहेछ । तस्करहरूले खाद्यान्न सामग्रीमात्र तस्कर गर्छन् कि लागुऔषधलगायत अन्य प्रतिबन्धित सामानहरू तस्करी गर्छन् ?

सिमानामा भइरहेका यस्ता क्रियाकलापहरूको बारेमा सरकार गम्भीर भएन भने भोलि नेपाल र नेपाली जनता सुरक्षित रहलान् भन्न सकिन्न ।

# कामदारवर्गका जनता सचेत र सङ्गठित हुन आवश्यक

कैलाली । नेपाल क्रान्तिकारी महिला सङ्घको मुखपत्र 'केटीहरू' बुलेटिनको शनिबार लम्कीमा अध्ययन गोष्ठी भयो ।

उक्त गोष्ठीमा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले कामदारवर्गका जनता सचेत र सङ्गठित हुन आवश्यक भएको प्रस्ट पार्दै पेरिस कम्युनबाट पाठ सिक्नुपर्छ भन्नुभयो ।

नागरिकता विधेयक र एमसीसी सम्झौता नेपाल र नेपालीको हितमा नभएको चर्चा गर्दै उहाँले यसको विरोध निरन्तर गरिरहनुपर्नेमा जोड दिनुभयो ।

नेमकिपा कैलालीका अध्यक्ष रमेश रावलले फ्रान्सको पेरिस कम्युन वर्षगाँठको स्मरण गर्दै आन्दोलनबाट प्राप्त उपलब्धिलाई कसरी सुरक्षित गर्ने भन्ने थाहा नहुँदा शत्रुले फाइदा उठाएको बताउनुभयो ।

लक्ष्मी पुनको सभापतित्वमा भएको सो कार्यक्रममा गुप्तबहादुर शाही, वसन्ती पुन, ज्योति बडुवाल, गगन थापा, जानकी सिजापति, भावना शाही, हरिकला विष्ट, धनबहादुर थापामगर, पद्म सलामी मगर, जानकी शाहीलगायतले बोल्नुभएको थियो ।

कथा

# रात त्यसै छर्लङ्ग बित्यो

भनिन्छ - भारतको बिहार राज्यको दरभङ्गा बङ्गाल जाने द्वार हो। नेपालको जनकपुर र दरभङ्गा मिथिला प्रदेश हो। मिथिला भाषा नेपाल र भारतको एक सम्पन्न र सुमधुर भाषा मानिन्छ। विद्यापति त्यस भाषाका स्थापित र मान्य कवि हुन्। सङ्गीत र चित्रकला, छोटोमा मिथिला संस्कृति एक उत्कृष्ट संस्कृति मानिन्छ। नेपालका अन्य जाति र भाषामा समेत यसको प्रभाव देखिन्छ। माछा, पोखरी, गीत र नाचगान मिथिला संस्कृतिका पक्षहरू हुन्।

गर्मीको समय थियो। रातको १० बजेको थियो। रामदाइले साथी गोविन्दलाई अङ्ग्रेजी र नेपाली भाषाका केही पाठ बुझ्न मद्दत गर्दै थिए। अचानक आँगनको ढोकाको सिक्री बजाएको र ढोका घचघच्याएको आवाज आयो।

रामदाइ उठेर ढोका खोल्न गए। उनको अगाडि एकजना अधबैंसे, मोटाघाटा एक भारतीय व्यक्ति उभिएको थियो। उसले पाइन्ट र कमिज लगाएको थियो। हातमा एउटा व्याग च्यापेको थियो। उसको अनुहार साँवला रङ्गको थियो। कपाल माथितिर कोरिएको थियो। हेर्दैमा ऊ घमण्डी देखिन्थ्यो।

रामदाइ नेपालका एक किसान कार्यकर्ता र कम्युनिस्ट पार्टीका सदस्य थिए। केही वर्षदेखि नेपाल कम्युनिस्ट पार्टीको निर्देशनमा उनी प्रवासमा थिए। उनी जेलबाट छुटे। तर पनि उनीलाई प्रशासनले पक्राउ पुर्जी जारी गर्यो। भूमिगत कार्यशैलीअनुसार उनी काम गर्दै थिए। तर उनलाई छरछिमेकीहरूले एक शिक्षकको रूपमा हेर्थे भने कसै-कसैले भारतीय सेना र प्रहरीका जवान सम्झेर सलाम गर्थे। आफै तरकारी किन्न जाने भएकोले पसले र व्यापारीहरूले उनीलाई कसैको नोकर सम्झेर "बहादुर" भन्थे।

रामदाइले नम्र भएर सोधे- "तपाईं कहाँबाट आउनुभएको ? कसलाई खोज्नुभएको ?"

त्यस व्यक्तिले भन्यो- "म तपाईँलाई नै भेट्न आएको हुँ। दानबहादुर नेपाली कहाँ छ ?"

दानबहादुर नेपाली चालीस वर्षदेखि भारतमै बसेको एक नेपाली गुण्डा थियो। आफ्नो जवानीमा जुवा खेल्ने ठाउँमा पालो बस्ने, भट्टी-भट्टी चहार्दै हिँड्ने र आफ्नै स्वास्नी पनि बेच्ने एक अपराधी थियो। तर उसको सङ्गत रक्सौलमा राणा विरोधी राजनैतिक कार्यकर्ताहरूसँग भयो। त्यस सङ्गतले राजनीतिका दुई-चार वटा कुरा उसले सिक्यो।

१०-१५ वर्षपछि ऊ आफै राजनीतिक नेताहरूको पछिपछि लाग्यो। २०१७ सालपछि नेपालमा पञ्चायती व्यवस्था स्थापना भयो। नेपाल कम्युनिस्ट आन्दोलनका नेता र कार्यकर्ताहरू जेल र भूमिगत भए। केही नेता र कार्यकर्ताहरू भारतमा प्रवासमा लागे। त्यसबेला बनारस, दरभङ्गा, फारबेसगञ्ज जस्तै उत्तर प्रदेश र बिहारका सीमाका केही सहरहरूमा नेपाली गुप्तचरहरू सक्रिय हुनु स्वाभाविक थियो। कि दानबहादुर चालीस वर्षदेखि भारतमै बस्ने एक अपराधी व्यक्ति भएको हुनाले नेपाली र भारतीय गुप्तचरहरूले उसलाई नजीक राख्ने गर्दथे। पढेलेखेका भारतीयहरू उसलाई "जानिएको नेपाली गुप्तचर" सम्झन्थे भने केही नेपालीहरू उसलाई भारतीय गुप्तचर विभागबाट प्रयोग गरिने व्यक्ति सम्झन्थे।

रामदाइसँग त्यस भारतीयले दानबहादुरको बारेमा सोध्नु स्वयं रामदाइको अपमान थियो र केही अनिष्टको शङ्का गर्दै भने- "ऊ कहाँ छ मलाई थाहा छैन।" रामदाइको उत्तरमा घृणा र आक्रोश मिसिएको थियो।

त्यस भारतीयले मुख बिगार्दै अलि रिसाएको आवाजमा भन्यो "त्यसो भए थाहा छैन होइन ?"

"हो, थाहा छैन" दृढ आवाजमा रामदाइले जवाफ दिए।

त्यो व्यक्ति फनक्क फर्केर गयो। रामदाइ आँगनभित्र पसे र गोविन्दलाई त्यस व्यक्तिको पिछा गर्न सल्लाह दिए। गोविन्द पनि स्कूल जीवन नभएका तर केही वर्षदेखि किसान आन्दोलनमा लागेका एक कार्यकर्ता थिए। एकछिनपछि गोविन्द फर्क्यो तर त्यस भारतीयको केही पत्तो थिएन।

रामदाइलाई शङ्का लागेर आँगनबाट बाहिर गई गल्लीमा हेर्न थाले। गल्लीबाट सडकमा ट्रकहरू अडेको र रातो बत्ती बलेको देखे। शङ्काले उनी आँगनभित्र पसी ढोका बन्द गरे तथा गोविन्दलाई स्थिति बताए।

एकैछिन बाहिर धेरै मानिसहरूको बुठको आवाज आयो। ठुलठुलो स्वरले ढोका घचघच्यायो। रामदाइले आँगनको ढोका खोले। पेस्तोल र बन्दुक लिएका एक हुल भारतीय प्रहरीहरू भित्र पसे। अघि आएको भारतीय नागरिक पोशाकमा थियो भने अरू सबै प्रहरीकै पोशाकमा थिए।

भारतीय प्रहरीहरू बन्दुक र पेस्तोल सोझ्याउँदै ठुलो-ठुलो स्वरले चिच्याए- "राम को हो ?" रामले शान्त भएर जवाफ दिए "हो, राम मै हुँ।"

त्यो ठाउँ दरभङ्गाको दोनार चोक थियो। रामदाइ एक कम्युनिस्ट कार्यकर्ता थिए। उनी दुई-चार वर्षदेखि पार्टी सङ्गठनकै सिलसिलामा प्रवासमा थिए। इन्दिरा गान्धीको सङ्कटकाल घोषणा भएको समय थियो। भारतीय समाजवादी विद्यार्थीहरू, भारतका विभिन्न किसिमका कम्युनिस्टहरू पनि उनीसँग छलफल गर्न आउँथे। त्यो डेरामा एउटा सानो आँगन थियो, पूर्व र पश्चिममा दुई वटा कोठा थिए।

उत्तरमा घरपतिको आफ्नै घरकै पर्खाल थियो। दक्षिणमा ढोका थियो। बिचमा आँगन थियो। पूर्वको दुईटा कोठामा रामदाइ र गोविन्द बस्थे।

भारतीय प्रहरीहरूमध्ये एक अफिसरले पेस्तोललाई रामदाइतिर सोझ्याउँदै सोध्यो- "तिमी किन हिन्दुस्तान आएको ? तिमी को हौ ?" "म नेपालको एक कम्युनिस्ट हुँ। हाम्रो देशमा हामी प्रजातन्त्र पुन:स्थापनाको निम्ति सङ्घर्षरत छौं। भारतको स्वतन्त्रता आन्दोलनको बेला बेलायती प्रहरीहरूको आँखा छल्न जयप्रकाश नारायण र अन्य नेताहरू नेपालमा शरण लिन्थे भने हामी नेपालीहरू पनि आन्दोलनको सिलसिलामा नेपालीहरूलाई सङ्गठन गर्न भारतमा राजनैतिक शरण लिन्छौं। भारतमा राजनैतिक शरण लिने हामी नैतिक अधिकार राख्छौं, किनभने भारतीय नेताहरू पनि नेपालमा शरण लिन्थे। यो चलन नेपाल र भारतमा मात्रै होइन फ्रान्सेली राज्यक्रान्तिदेखि नै राजनीतिक शरणको परम्परा धेरै अगाडि बढेको हो। नेपाली नेताहरूले पनि भारतीय स्वतन्त्रता आन्दोलनमा भाग लिएका थिए।"

भारतीय प्रहरीको अर्को अफिसरले पेस्तोललाई हल्लाउँदै रामदाइतिर सोझ्याउँदै भन्यो- "तिमी नक्सलवादी हौ ?"

"नक्सलवादी भारतीय कम्युनिस्टहरू हुन्। तिनीहरू भारतमा नयाँ प्रजातन्त्रको निम्ति लड्छन् तर हामी नेपाली कम्युनिस्टहरू नेपालमा प्रजातन्त्रको पुन:स्थापनाको निम्ति लड्दै छौं। नक्सलवादीहरू भारतीय जनताको लागि लड्छन् भने हामी नेपाली जनताको लागि लड्छौं" - रामदाइले तिनीहरूलाई नेपाली र भारतीय कम्युनिस्टहरूको बिचको भेदलाई सम्झाउने कोसिस गरे।

"तिम्रो देशको काम गर्न तिमी किन भारतमा आयौ ?" अर्को एक भारतीय अफिसर कड्क्यो।

रामदाइले दृढतापूर्वक भने- "नेपालमा २०१७ साल पुस १ गतेको घटनापछि तिम्रो देशका प्रधानमन्त्री जवाहरलाल नेहरू आफैले नेपालीहरूलाई भारतमा बोलाएका हुन्। यसबारे राम्रो जानकारी लिन दिल्ली जाऊ, तिम्रो केन्द्रीय सरकारसँग सोध।" रामदाइको जवाफले भारतीय पुलिसहरू एकआपसमा मुखामुख गर्न थाले।

एकछिन तिनीहरूले रामदाइ र गोविन्दको पहिरन, लुङ्गी, गंजी र चप्पलतिर पालैपालो हेर्न थाले।

भारतीय प्रहरीहरूको त्यो अप्ठयारो स्थितिलाई बुझेर अर्को प्रहरी अफिसर आफ्नो हातको पेस्तोल आकाशमाथि सोझ्याएर ठुलो स्वरले करायो "बन्द गर यो भाषण।" अरू सबै प्रहरीहरू चारै दिशामा आ-आफ्नो बन्दुक उनीतिर सोझ्याउँदै थिए।

पूर्वको एउटा कोठातिर इशारा गर्दै एक प्रहरी अफिसरले "यो कोठा तिमीले लिएका हौ ?" भन्दै कोठाभित्र पस्यो। त्यसको पछि पछि दुईचार जना बन्दुकधारी प्रहरीहरू पनि भित्र पसे। खोपामा राखेको "चीन सचित्र" भन्ने एक चिनियाँ पत्रिका हातमा लिँदै अफिसर करायो "यो कहाँबाट आयो ?"

रामदाइले सरल उत्तर दिए- "यो पटनाको एउटा किताब पसलबाट किनेको हो।"

बर्माको कम्युनिस्टहरूको स्वतन्त्र सङ्ग्रामको एउटा पुस्तिका खोपाबाट लिँदै एक प्रहरी अफिसरले हेर्यो। "थाकिन् वा थिन् थिन्" भन्ने कम्युनिस्ट नेताद्वारा लिखित त्यस पुस्तिकामा उल्लिखित एउटा वाक्य थियो- "राज्यसत्ता बन्दुकको नालबाट उठ्छ।"

प्रहरी जवानहरूले के के न पाए भनी उफ्री उफ्री त्यो पुस्तकबाट रामदाइलाई नक्सलवादी साबित गर्ने जमर्को गर्न थाले। रामदाइले व्यङ्ग्यको भावमा जवाफ दिए- "यो पुस्तिका भारतमा सङ्कटकाल लागू हुनुभन्दा पहिले कलकत्ताको एक




प्रेसमा छापिएको हो,
यसको प्रकाशक काठमाडौँका निरञ्जनगोविन्द वैद्य हो।"

रामदाइको त्यस जवाफले भारतीय प्रहरीहरू एकछिन हतोत्साहित भए। अब तिनीहरूको आँखा भात पकाउन राखिएको कोइला र गुइँठामा पुग्यो।

"यो बाकसमा के के छन् ?" - गुइँठा र कोइलाका बाकसहरूतिर देखाउँदै एक प्रहरी अफिसर कड्क्यो।

"तिमी देखिरहेकै छौ, यी खुला बाकसहरू हुन्, कोइला र गुइँठा छन्" - रामदाइले सहज भाषामा जवाफ दिए। प्रहरीहरू अलि डराए जस्तै देखिए। अर्को एक प्रहरी अफिसरले रामदाइतिर हेरेर भन्यो- "यी कोइला र गुइँठाभित्र के छन् ?"
"आफै हेर्नु" उनले जवाफ दिए।

एकछिन प्रहरीहरू मुखामुख गर्न थाले। एकजना प्रहरी अफिसर बाहिर हुर्रियो। एकैछिनमा छिमेकका एकजना गरिब मान्छेलाई कठालो समात्दै र तान्दै त्यो प्रहरी अफिसर कोठाभित्र पस्यो।

त्यो गरिब मानिस थरथर काम्दै थियो। प्रहरी अफिसरले कड्केर त्यस मानिसलाई आज्ञा दियो- "त्यो गुइँठा र कोइलामा बम छ कि छैन हेर।"

बमको कुरा सुनेपछि गरिब मानिस झस्क्यो र उसले कोइला र गुइँठाको बाकसमा हात हाल्न इन्कार गर्यो। यत्तिकैमा अर्को प्रहरीले त्यस गरिब मानिसलाई बन्दुकको कुन्दाले हिर्काउँदै भन्यो "खोज, त्यसमा के छ हेर।"

गरिब मानिस बन्दुकको कुन्दा खाँदै गयो, तर प्रहरी आफै पनि कोइला र गुइँठाको बाकसदेखि टाढा बस्न चाहन्थ्यो।

रामदाइलाई त्यस ठाउँमा सबै छरछिमेकीहरूले चिनेका थिए। सबैसँग उनको 'नमस्ते' र 'अभिवादन' चल्थ्यो। उनी विदेशी भए पनि दाजुभाइ जस्तै मिलेर बस्थे। त्यस गरिबमाथि प्रहरीको प्रहारलाई रोक्दै उनले भने- "डराउनु पर्दैन भाइ, बम र बारुद केही छैन, गुइँठा र कोइलामात्र छन् झिकेर देखाऊ।"

गरिब मानिसले गुइँठा झिकेर भुइँमा राख्यो र त्यसपछि कोइला झिक्न सुरु गर्यो। एकछिनपछि प्रहरीहरूले कोठाको चारैतिर केही खोजतलास गर्न थाले। केही नपाउँदा झन् निराश देखिए। आँगनमा घरपतिका तीन भाइलाई ओछ्यानबाट उठाएर ल्याई प्रहरीहरूले "यो नेपाली को हो र कसले भनेर डेरा दियौ" भनेर केरकार गर्दै थिए। सुत्ने पोशाकमै उठाइएका ती गरिब घरपतिहरू थरथर काम्दै जानेबुझेका कुराको उत्तर दिँदै थिए।

बाहिरबाट अर्को प्रहरी अफिसर आएर रामदाइलाई भन्यो- "अर्को कोठा पनि तपाईंको हो नि, त्यो पनि खोल्नुस्।"

तिनीहरूले रामदाइलाई पेस्तोल र बन्दुक देखाएर अर्को कोठातिर लगे। आँगनभरि बन्दुक र पेस्तोल तेर्स्याएका प्रहरीहरू पहिले जस्तै सतर्क थिए। रामदाइ फुर्तिसाथ अर्को कोठातिर लागे, ढोकाको सिक्री खोले, भित्र पसेर बत्ती बाले। प्रहरी अफिसरहरू भित्र हुर्रिए।

"खोइ, माओ त्सेतुङका किताबहरू खोइ ?" प्रहरी अफिसरहरूले चाङका चाङ लगाएका किताबहरूतिर हेर्दै सोधे। रामदाइले हरेक प्रहरी अफिसरलाई दुई-दुई वटा, तीन-तीन वटा किताबहरू थमाए। प्रहरी अफिसरहरू किताबहरूमा माओ त्सेतुङ खोज्न थाले। तर ती किताबहरूका गातामा अङ्ग्रेजीमा लेखिएको थियो- "लेनिनका सङ्कलित रचनाहरू खण्ड १,२,३,...।"

तिनीहरूमध्येका मुख्य अफिसर आएर रामदाइको कानमा बिस्तारै भन्यो- "पेस्तोल कहाँ छ ? बाकस खोल्नुस् त।" त्यस अफिसरले आफ्नो हात एउटा सेतो बाकसमाथि राख्यो। रामदाइले बाकसको ताला खोलेर बाकस खोलिदिए। त्यस अफिसरले बाकसबाट लुगाहरू झिक्न थाल्यो र सोध्दै गयो- "यो के हो, यो के हो ?"

रामदाइले भन्दै गए- "त्यो दोलाई हो, त्यो मेरो लगाउने लुगा।" कालो ग्यावर्जिनको पाइन्ट हेरेर पुन: सोध्यो "यो पनि तिम्रै हो ?" "हो।" प्रहरी अफिसर एकछिन घुर्न थाल्यो र बाकसका कागजपत्रहरू हेर्न थाल्यो। अचम्म मानेर उसले सोध्यो- "यो कुन भाषा हो ?"

"ती नेपाली, नेवारी र तामाङ भाषाका चिठ्ठीपत्रहरू हुन्।" - रामदाइ हाँसो मिसिएको स्वरमा भन्दै गए। प्रहरी अफिसरहरू अलि निराश र पश्चातापका भावनाले छटपटिन थाले। तर, रामदाइका हातहरूमा केही कागजपत्र थिए। जसप्रति प्रहरीहरूको ध्यान गएको थिएन। प्रहरीहरू कोठाबाट आँगनमा पुगे। रामदाइले सन्तोषको सास फेरेर स्वाभाविक मुद्रामा ती कागजपत्रलाई एउटा किताबको बिचमा घुसारे।

अफिसर ठुलो स्वरमा कराए "खोइ त्यो, सीआईडी इन्स्पेक्टर ? उभ्याऊ त्यसलाई अगाडि।"

व्याग बोकेको, पहिलोचोटि ढोका घचघच्याउने सादा पोशाकका काठमाडौँबाट आएको भनी झुट्टो परिचय दिने व्यक्ति अँध्यारो मुख लगाएर अगाडि उभियो। "झट्टा रिपोर्ट दिएर तीनवटै चौकीलाई दु:ख दिने बद्मास, खोइ बन्दुक, पेस्तोल र बमहरू ?" - प्रहरी अफिसरले रिसाएर सोधनी गर्यो। सीआईडी इन्स्पेक्टर गल्ती र अपराधबोधको भावनाबाट शिर निहुराएर चुपचाप उभिरहेको थियो।

तीनवटै अफिसरहरू टेबुलको चारैतिर मेचमा बसेर रामदाइलाई पनि बस्न अनुरोध गरे। एकजना अफिसरले सीआईडी इन्स्पेक्टरलाई देखाउँदै भन्यो- "यो बद्मासको कारण आज हामीले तपाईँलाई दु:ख दियौँ। यसले कसैको पैसा खाएर तपाईँलाई दु:ख दिन खोजेको होला। यस्तै घुस्याहा प्रहरीले गर्दा भारतीय प्रहरीको बदनाम भएको हो।"

अरू अफिसरहरूतिर हेरेर उसले भन्यो- "रातको एक बज्न लाग्यो, अब मुचुल्का लेखौँ।"

तिनीहरूमध्ये एकजना अफिसरले लेख्न सुरु गर्यो। १५ मिनेटपछि मुचुल्का पढेर सुनाइयो। मुचुल्कामा लेखिएको थियो "...प्रहरीले खानतलासी गर्यो। केही वस्तु बरामद भएन। प्रहरीले कुनै सामान लिएको पनि छैन .........."मुचुल्काको तल तीनैजना अफिसरहरूले सही गरे र चौथो नम्बरमा रामदाइलाई सही गर्न अनुरोध गरे। मुचुल्काको चारप्रतिमध्ये एकप्रति रामदाइलाई थमाउँदै प्रहरी अफिसरले भन्यो- "हामी दु:खी छौँ, तपाईँलाई दु:ख दियौँ, तपाईँमाथि हातहतियार जम्मा पारेको तथा नक्सलवादीहरूसँग सम्बन्ध भएको आरोप थियो।"

प्रहरीहरू सबै अँध्यारो मुख लगाउँदै पराजित भावना लिएर आँगनबाट एक एक गर्दै बाहिर निस्के। प्रहरी अफिसरहरू रामदाइलाई नमस्ते गर्दै बिदा भए।

गोविन्द एक छेउमा बसेर भारतीय प्रहरीहरूको वादविवाद र व्यवहार हेर्दै थियो। उसको मुख कहिले रिस र जोसले रातो हुन्थ्यो र कहिले सम्भावित आपदलाई सम्झेर त्रस्त देखिन्थ्यो। आँगनको ढोकालाई बन्द गरेर उसले रामदाइलाई भन्यो- "रामदाइ। पुस्तकहरू र सामानलाई मिलाऔँ" गोविन्द पुस्तक र सामानहरू दुबै कोठामा एक-एक गर्दै मिलाउँदै गयो। रामदाइ मुसुमुसु हाँसेर किताबको बिचमा आफूले घुसाएको कागजपत्रलाई पुन: यथास्थानमा राख्दै सन्तोषको सास फेर्न लागे। त्यत्तिकैमा पल्लो कोठाबाट गोविन्द आएर भन्यो- "विदेशमा नबसौँ दाइ, स्वदेशमै जनताको बिचमा काम गरौँ।" त्यसबेला गोविन्दले घरपतिका तीनै दाजुभाइहरूलाई प्रहरीले लाम राखेर किन डेरा दिएको भनी गाली गरिरहेको तथा घरपतिहरू घुरुघुरु कामिरहेको दृश्य सम्झिरहेको थियो।

रामदाइले भने- "क्रान्तिको बाटो सजिलो छैन। क्रान्तिको निम्ति आफ्नो देशको मात्र परिस्थिति अनुकूल भएर हुँदैन छिमेकी देशहरू र अन्तर्राष्ट्रिय परिस्थिति पनि अनुकूल हुनुपर्छ अर्थात् छिमेकी देशका जनताको पनि समर्थन र सहयोग आवश्यक छ। हामीले अनेक अपमान र दु:खलाई झेल्दै आफूलाई परिपक्व बनाउँदै जानुपर्दछ।" यस्तै गन्थन दुई जनाको हुँदै गयो। कोठामा बत्ती बलिरहेकै थियो। वातावरण सुनसान थियो।

अचानक कसैले ढोका घचघच्याएको आवाज आयो। रामदाइ कोठाबाट बाहिर निस्के, उज्यालो भैसकेको रहेछ। आँगनको ढोका खोले। तीनजना घरपति दाजुभाइहरू भित्र पसी रामदाइलाई बिन्ती गर्दै भने- "रामबाबु हामीलाई सान्है डर लाग्यो। हाम्रो परिवारका कुनै पनि सदस्य, आइमाई, केटाकेटीसमेत रातभरि डरले सुत्न सकेनौं। प्रहरीले हामीलाई खबरदारी गरेर गएको छ। हामी गरिब छौं। हामीलाई केही थाहा छैन। कृपया एक-दुई दिनभित्रै डेरा छोडी दिनुहोला।"

"धन्यवाद। तपाईँहरूलाई, यत्तिका दिन आफ्नो घरमा राख्नुभयो। एक-दुई दिनभित्र म अर्को डेरा खोज्छु। तपाईंहरूलाई दु:ख दिने मेरो मनसाय होइन।"

दुब्लो-पातलो गोविन्द वार्तालाप हेर्दै मुख अँध्यारो बनाई उभिरहेको थियो। रामदाइले उसलाई सान्त्वना दिँदै भने- "ठीक छ, हामीले नयाँ डेरा खोज्नुपर्छ। तयार होऔँ र चिया खाऔँ।" गोविन्दले जिज्ञासा राख्यो "के हामीले आफ्नै देशमा काम गर्नु हुन्न ?" "हुन्छ। तर सर्वहारा वर्गको आफ्नो भन्ने के छ र ? हाम्रै देशमा हामी पराई जस्ता भयौं, त्यसैले त हामी विदेश पुग्यौं। मजदुर वर्गको आफ्नो कुनै देश हुन्न भनिन्छ। तैपनि हामीले व्यवहारमा आफ्नै देशको मुक्ति र क्रान्तिमा लाग्नैपर्छ। हरेक देशको मुक्ति र क्रान्ति अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनकै एक भाग हुन्छ।" -उनले भने।

गोविन्द टाउको हल्लाउँदै सुन्दै गयो। "राजनैतिक जीवन यस्तै छ। यो समेत हामीले चार ठाउँमा डेरा सरिसकेका छौँ।"

बाहिर धारामा पानी भर्दै महिलाहरू आपसमा कुरा गर्दै थिए- "हिजो राती टोल र पोखरीको चारैतिर बन्दुक र भाला लिएका प्रहरीहरूले घेरेका थिए। हामीलाई त अब प्रहरीले रामदाइलाई पक्राउ नै गर्ने भयो भन्ने पीर परेको थियो। राम्रो मानिसलाई प्रहरीले किन दु:ख दिन्छ हगि ?"

एक हप्तासम्म टोल र त्यो इलाकाको घर, आँगन, बजार, चिया पसल र ताडी खाने ठाउँमा त्यस विषयमा चर्चा चलिरह्यो। (२०५८)

# सूर्य र चन्द्रको गतिअनुसार निर्धारित हुनुपर्ने : पञ्चाङ्गमा भारतीय दबाब

भक्तपुर । स्रष्टा समाज, नेपालको आयोजनामा 'पर्वसमय सुधारबारे प्रवचन तथा अन्तरक्रिया कार्यक्रम' स्थानीय ख्वप इन्जिनियरिङ कलेजमा शुक्रबार सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा अतिथि सुवालले भन्नुभयो, "पृथ्वी गोलो छ । पृथ्वीले सूर्यलाई घुम्छ । यो यथार्थ जनतालाई बुझाउन समय लागेको थियो । पर्वसमय सुधार विज्ञान र गणित विषयसँग सम्बन्धित भएको हुँदा जनतालाई बुझाउन समय लाग्नु स्वाभाविक हो । भारतको दबाबमा नेपालमा पर्वसमय सुधार नभएको खेदको विषय हो ।"

संसद्को बहुमतबाट हालै पारित बिम्स्टेक सम्झौताअनुसार श्रीलङ्कामा भएको सम्मेलनमा आतङ्कवाद र सीमापार अपराध नियन्त्रण, विपद् व्यवस्थापन, ऊर्जा भारतको नेतृत्वमा छुट्याइएको हुँदा नेपाल मजदुर किसान पार्टीले विम्स्टेकको विषयमा मत दिएको उल्लेख गर्दै सांसद सुवालले भन्नुभयो, "अन्तर्राष्ट्रिय सौर्य स्थापना गठबन्धन (आईएसए) सम्झौता संसद्मा विचाराधीन छ । भारतले अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको अवधारणाको उत्थान गरेको र सौर्य ऊर्जा क्षेत्रमा नेतृत्व र नियन्त्रणको भूमिकामा रहन चाहेको यो सम्झौतामा उल्लेख छ । कर्कट रेखा र मकर रेखाबिचका देशहरूमा बढी सौर्य ऊर्जा भएको सम्झौतामा गरिब देशहरूको सौर्य ऊर्जा उपयोग र उपभोगबारे स्पष्ट खाका पाउने छैन । यो सम्झौताको नाममा गरिब देशको भूभाग साम्राज्यवादी देशहरूले कब्जा गर्नेछन् ।"

अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता र अमेरिकी सेनाले नेपाली सेनाको ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारी यसरी नै संसद्को बहुमतबाट पारित गरिएको उल्लेख गर्दै सांसद सुवालले भन्नुभयो, "तत्कालीन प्रम शेरबहादुर देउवाले एमसीसी सम्झौताअनुसारको ५० अर्ब रुपैयाँ सित्तैमा आउने बताए । हामीले सित्तैमा आएको विष खाए के हुन्छ भनी प्रश्न गरेका थियौँ ।"

सांसद सुवालले भन्नुभयो, "नेकाका सभापति देउवाले देशघाती महाकाली सन्धिलाई देशको निम्ति ठुलो काम गरेको दाबी गरे । माओवादी पनि भारतीय ट्रोजन हर्स हो । शासक दलहरूको नाम फरक तर काम फरक भएन । 'सयौँ थुङ्गा फूलका हामी ...' भनिन्छ तर वर्गीय र जातीय दमन यथावत छ । मानव सभ्यता र संस्कृतिविपरीतको 'समलिङ्गी विवाह' लाई नेपालको सर्वोच्च अदालत र सरकारले मान्यता दिएको समर्थन गर्न मिल्ने होइन ।"

विद्यालय र विश्वविद्यालयको शिक्षा निःशुल्क र अनिवार्य गरी जनताको सभ्यता र संस्कृतिलाई उँचो पार्नु जरुरी रहेको चर्चा गर्दै सांसद सुवालले भन्नुभयो, "देशको इज्जत र प्रतिष्ठा कायम गर्नुभन्दा पनि शासक नेताहरूको कालो धन थुपार्ने, वन जङ्गल, खानी, जलविद्युत् भारतलाई दिने नियत गलत हो । युवा र विद्यार्थीलाई विदेश पठाउने सरकारको शिक्षा गलत छ ।"

सांसद सुवालले भन्नुभयो, "जनप्रतिनिधिको हैसियतमा हामीले विद्यालयमा शिक्षा अनिवार्य, निःशुल्क र विश्वविद्यालय शिक्षा निःशुल्क, स्वदेशमा रोजगारी, स्वास्थ्य उपचार निःशुल्कलगायत देश र जनताको हितका विषयहरू सडक र सदनमा उठाएका छौँ । निर्वाचनमा देशघाती काम गरेका शासक दलहरूकै मत धेरै आएको हुँदा उनीहरूमा दम्भ छ । पढेलेखेकाहरूसमेत शासक दलहरूको पछि लागेको हुँदा देशमा सुशासन कायम नभएको हो ।"

पर्वसमाज सुधार राष्ट्रिय समाज नेपालका संस्थापक अध्यक्ष महेश्वर जुजु राजोपाध्यायले पानीबिना माछा नबाँचेझैँ सूर्यबिना चाडबाड नहुने र अहिले सूर्य एकातिर र 'विज्ञ' ले बनाएको पात्रो अर्कोतिर रहेको बताउनुभयो ।

रात र दिन बराबर भएको दिन विषुवत्कालमा मनाइने बिस्का जात्रालाई अर्थको अनर्थ बनाइएको उहाँले जिकिर गर्नुभयो ।

४ सय वर्षअघि नै हाम्रा पुर्खाले पर्वसमय सुधार गर्न खोज्दा भारतबाट आएका राजपुरोहितहरूले भाँजो हालेजस्तै आज पनि भारतीय धार्मिक पर्यटकहरूलाई पर्न जाने असुविधा हेरेर पर्वसमयको समयानुकूल सुधार नगर्नु सांस्कृतिक हमला स्वीकार्नु हुने उहाँले तर्क राख्नुभयो ।

नेपाली संस्कृति चन्द्रमासमा आधारित रहेको, उपत्यकामा शुद्र ठानिने द्योला जातिको हातबाट प्रसाद ग्रहण गरिने चलन रहेको तर हिन्दू धर्मग्रन्थ वेदबाट जातीय विभेद पसेको तथा चन्द्रमास मान्नेहरूलाई पिशाच भनिएको उहाँले चर्चा गर्नुभयो ।

वरिष्ठ भाषाविद् एवम् संस्कृतिविद् सुन्दरकृष्ण जोशीले पर्वसुधारको तिथिमितिको कुरा प्राविधिक विषय हुनाले कार्यशालाकै आयोजना गरेर समाजलाई बुझाउनुपर्नेमा जोड दिँदै नेवार समुदायमा गाइने बाह्रमासे गीतअनुसार प्रकृतिमा फूलहरू फुलिरहेका छन्-छैनन् हेर्नुपर्ने बताउनुभयो ।

पर्वसमय सुधार राष्ट्रिय समाजका अध्यक्ष प्रा.डा. जयन्त आचार्यले हाम्रा चाडबाड अन्धविश्वासमा आधारित नभई वैज्ञानिक कारणले सुरु भएको बताउनुभयो । मौसमअनुसारका विभिन्न चाडबाड, वास्तुकला र भोजन आदिबारे चर्चा गर्दै उहाँले पर्वसमयलाई सुधार गरी विज्ञानसम्मत बनाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा वाल्मिकि विद्यापीठका प्रा.डा. प्रमोदवर्धन कौण्डिभ्यायनले प्रस्तुती दिँदै पाँच सय वर्ष पहिले पनि पर्व समय सुधार गरिएको चर्चा गर्दै पुस पूर्णिमा मनाइने योमरी पुन्ही मङ्सिरमा सारिएको उदाहरण दिनुभयो । उहाँले सूर्य र चन्द्रअनुसार वर्षमै २० मिनेट २५ सेकेन्ड फरक हुने हुँदा १८ सय वर्षमा एक महिना वर सार्नुपर्ने विचार राख्नुभयो ।

पर्वसमय सुधार राष्ट्रिय समाजका सचिव बलराम श्रेष्ठले सुरुमा पात्रोमा एकचोटिलाई चैत महिना हटाउनुपर्ने कुरा सुन्दा आफू विरोधी रहेको तर बुझेपछि यसलाई धर्म, संस्कृति र कलाको पुनरोत्थान गर्ने कार्य मानेको अनुभव सुनाउनुभयो ।

नेपाली पात्रोमा परिमार्जन गरेपछि यसले विश्वभरि नै तरङ्ग जाने उहाँको विचार थियो ।

सभाध्यक्ष एवं स्रष्टा समाज, नेपालका अध्यक्ष लक्ष्मणराज जोशीले नेपालमा एउटै चाड पनि ठाउँअनुसार अघिपछि मनाइएको स्मरण गर्नुभयो । सूर्य र चन्द्रको गतिअनुसार निर्धारित हुनुपर्ने पञ्चाङ्गसमेत भारतीय दबाबमा पर्नु बाह्य सांस्कृतिक हमला भएको उहाँले बताउनुभयो । कुनै देशलाई भौगोलिकरूपमा कब्जा गर्नुअघि सांस्कृतिक हमला गरिएको इतिहास रहेको हुनाले नेपाली जनता सचेत हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

आयोजक समाजका सिर्जना सैँजुले समाजमा स्थापित सांस्कृतिक पर्वहरू समाजको शक्ति हो भन्दै त्यही शक्तिमाथि विदेशी हमला हुनु भनेको समाज कमजोर पार्नु हो, यसतर्फ नेपाली समाज सचेत हुनुपर्छ भन्नुभयो । कार्यक्रम स्रष्टा समाजका मीनबहादुर बाटाले सञ्चालन गर्नुभएको थियो ।

# भूमण्डलीकरण साम्राज्यवादीहरूको हतियार

काठमाडौँ । सङ्घीय संसद्को संसदीय प्रशिक्षण शाखाको आयोजनामा प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको सभाकक्षमा सरकारको नीति अध्ययन प्रतिष्ठानका अधिकारीहरूसँग बिहीबार प्रतिनिधिमूलक सांसदहरूको छलफल भयो ।

प्रतिष्ठानको तर्फबाट कार्यालय प्रबन्धक लक्ष्मण भट्टराई, ज्ञान व्यवस्थापन र प्राकृतिक स्रोत तथा प्रविधि नीतिका प्रमुख दीपककुमार खड्का, अनुसन्धान र कानुनी तथा सामाजिक मामिला नीति प्रमुख हरि शर्मा न्यौपाने, परराष्ट्र र रणनीतिक मामिला नीतिका प्रमुख खगनाथ अधिकारी, शासकीय प्रबन्ध तथा सङ्घीय मामिला नीति प्रमुख मुक्तिराम रिजाल, आर्थिक तथा पूर्वाधार विकास नीति प्रमुख कल्पना खनालले प्रतिष्ठान गठनको अलग कानुन निर्माण हुनुपर्ने उल्लेख गर्नुभयो ।

प्रतिष्ठान सरकारी विचार भण्डारणको रूपमा रहेको, प्रतिष्ठानको १४ ओटा कार्य भएको, अनुसन्धान सिफारिस-तर्जुमा-कार्यान्वयन-मूल्याङ्कन-अनुसन्धानप्रतिष्ठानको नीतिचक्रको रूपमा रहेको उहाँहरूले चर्चा गर्नुभयो । प्रतिष्ठानका कार्यकारी अध्यक्ष एक वर्षदेखि नियुक्ति नहुँदा नेतृत्वविहीन भएको, राज्यले अनुसन्धानमा ३ अर्ब ४५ करोड खर्च गरे पनि प्रतिष्ठानलाई ७ करोड मात्र पठाएको उहाँहरूले उल्लेख गर्नुभयो ।

उहाँहरूले नेपालका विश्वविद्यालयहरू, गाजा खेतीको वैधानिकीकरण, प्रजातन्त्रको संस्थागत विकास, जिल्ला प्रहरी कार्यालयको सेवा प्रवाह, कोभिड-१९ को समयका निर्णयहरू, कोभिड-१९ को मनोसामाजिक असर, नेपालमा स्टार्टअप लघु तथा साना उद्योग, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, उच्च शैक्षिक संस्थामा अनुसन्धान सदाचार, कृषिमा प्रत्यक्ष वैदेशिक लगानी, अति कम विकसित देशको श्रेणीबाट स्तरोन्नति, कोभिड-१९ महामारीमा खोप कूटनीति, नेपालको सन्दर्भमा सार्वजनिक कूटनीति राष्ट्रिय हित सैद्धान्तिक आधार, नेपालमा विशेष आर्थिक क्षेत्रलगायत विषयमा अनुसन्धान गरी निष्कर्ष र सिफारिस गरेको चर्चा गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले राज्य कोषबाट विदेश भ्रमण जाने नेपालका प्रधानमन्त्री, मन्त्री, जनप्रतिनिधि र राजदूतहरूलाई अनुभव लेखाएर लिनुपर्ने,सहरी विश्वविद्यालयहरू स्थापना भइरहेको हुँदा विश्वविद्यालय छाता ऐन उपयुक्त नहुने, विद्यालय र विश्वविद्यालयका शिक्षकमा उत्कृष्टहरूलाई नियुक्ति दिनुपर्ने, राजनीतिक दलका कार्यकर्ताहरूको सांस्कृतिकस्तर उँचो हुनुपर्ने आदि विषयमा प्रतिष्ठानले अनुसन्धान गर्नुपर्ने उल्लेख गर्नुभयो ।

नेपाली युवालाई बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बन्न पठाउने होइन नेपालमा रोजगारी दिने, नेपाली युवालाई भाडाको सिपाही बनाएर गोर्खा भर्तीमा पठाउन रोक्नुपर्ने, बेलायत र भारतीय सेनामा गएका नेपालीहरू बेलायती र भारतीय नागरिक नै हुने भए नेपालको गौरव कायम नहुने उल्लेख गर्दै सांसद सुवालले वैदेशिक लगानी र भूमण्डलीकरण साम्राज्यवादीहरूको हतियार भएको दाबी गर्नुभयो । जसको सिता खान्छ, उसको गीता गाउँछ वा 'नुनको सोझो' गर्नुपर्नेछ । विश्व बैङ्क र एसियाली विकास बैङ्कको ऋण र अनुदान पनि साम्राज्यवादको हतियार भएको उल्लेख गर्दै सांसद सुवालले भन्नुभयो, "युगान्डाले 'समलिङ्गी विवाह' को विरोध गरेपछि अमेरिकी र युरोपेली नाकाबन्दी लगाइयो र विश्व बैङ्कको सहयोग बन्द भयो ।" रुसले संविधानमा पुरूष र महिलाबिचमात्र विवाह हुने परिभाषा लेखेपछि अमेरिकाले नाकाबन्दी लगाएको र रुसविरुद्ध युक्रेनमा प्रदर्शन गराएको उल्लेख गर्दै सांसद सुवालले नेपालको सर्वोच्च अदालतले 'समलिङ्गी विवाह' लाई मान्यता दिएको र सरकारले समलिङ्गी विवाह दर्ता गरेको देशको हितमा नभएको औँल्याउनुभयो ।

कृषि अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन र गरिबी उन्मूलन गर्न नेपालले चीनबाट सिक्नुपर्ने, प्रतिहेक्टर धान चीनमा ६ मेट्रिक टन, भारतमा ४ मेट्रिक टन र नेपालमा ३ मेट्रिक टन उत्पादन हुने गरेको उल्लेख गर्दै सांसद सुवालले देशको सन्तुलित विकास गर्नुपर्ने र सङ्घीय राजधानी एवम् प्रदेश राजधानीमा बसाइँसराइ बढिरहेको रोक्न नसकिए यहाँका बासिन्दामा किड्नी, मुटु, फोक्सोको बिरामी हुने प्रतिष्ठानको अध्ययनको विषय हुनुपर्ने उल्लेख गर्नुभयो ।

उपसभामुख इन्दिरा रानाले चीनमा भ्रष्टाचारीलाई जेल पठाइने, सिङ्गापुरमा माटो किनेर समुद्रमा टापु बनाइयो, नेपालमा डाँडाको माटो खोस्रेर विरूप बनाइयो, यसलाई सरकारले रोक्नुपर्ने उल्लेख गर्नुभयो ।

सांसदहरू अर्जुननरसिंह केसी, विद्या भट्टराई, माधव सापकोटा, सोभिता गौतम, ध्रुवबहादुर प्रधानलगायतले बोल्नुभएको थियो ।

संसद्का सचिव सुदर्शन खड्काले संसदीय प्रशिक्षण शाखाको लागि रु. ५० हजार मात्र बजेट भएको उल्लेख गर्दै नीति अध्ययन प्रतिष्ठानसँगको कार्यक्रमबारे डेढ वर्षमा मात्र तय हुन सकेको बताउनुभयो ।

# विदेश र आर्थिक मामिला एउटै भएका शासक दलहरू फरक कसरी हुन्छन् ?

- संशोधित क्योटो महासन्धि र विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौतासँग जोडिएको ३०८ पृष्ठको १५५ वटा दफा भएको भन्सारसम्बन्धी यो विधेयकबारे छलफल ३ मिनेटमा राख्न सम्भव छैन । सबै सांसदहरूलाई बोल्न दिएर हप्तौँ छलफल गर्नु जरुरी छ ।
- संशोधित क्योटो सम्झौता, भन्सार सहजीकरण, सरलीकरणसँग सम्बन्धित छ । विश्व व्यापार सङ्गठन, वस्तु सेवा, बौद्धिक लगानी मापदण्डसँग सम्बन्धित छ । यी दुवै अन्तर्राष्ट्रिय संस्थाहरू ठुला माछाले साना माछा खाने हुन् । सदस्य देशहरूबिच भन्सार सामान र सरलीकृतको अर्थ नेपाली उत्पादनभन्दा भन्सार कम भएका आयातीत वस्तु सस्तो हुने र देशको आफ्नै उद्योग समाप्त हुने हो ।
- नेपालको २२ जातका सुन्तला विश्वकै उत्कृष्ट हुन् । तर, आयातीत सुन्तला सस्तो हुँदा नेपालको सुन्तला उत्पादनमा सरकार र कृषि मन्त्रालयको ध्यान गएको छैन । यो विधेयक पारित भए नेपालको अर्थतन्त्र आत्मनिर्भर हुनेछैन । यसरी नेपाल भारतीय एकाधिकार पुँजीको उत्पादनको 'डम्पिङ साइट' भएको पुष्टि हुन्छ । २०७८ मङ्सिर ६ गते नेपाली सञ्चार माध्यममा प्रकाशित भयो - "नेपाली चिया भारतीय चियाभन्दा राम्रो भएकैले अवरोध भयो । नेपाल-भारत व्यापार सन्धिको उल्लङ्घन गर्‍यो ।"
- नेपाल विश्वव्यापार सङ्गठनको सदस्य भएसँगै विदेशी सम्बन्धनका ८३ वटा ए लेभललगायतका विद्यालय र कलेज काठमाडौँमा सञ्चालित छन् । यसले नेपाली मुद्रा बाहिरियो । नेपालका विद्यालय र विश्वविद्यालयहरूमा विद्यार्थी सुक्दै गयो । नेपालमा गुणस्तरीय र उत्पादन श्रमसँग जोडिएको शिक्षा दिनेतर्फ सरकारको ध्यान गएन ।
- दूध किसानलाई भुक्तानी गर्नुपर्ने रकम ६/७ अर्ब पुग्यो । सरकारले डीडीसीलाई ३० करोड रुपैयाँमात्र ऋण दिएर कसरी पुग्छ ?
- इन्टरनेटमा यो विधेयकबारे सकारात्मक विषय मात्र उल्लेख छ । हाम्रो पाठ्यक्रममा पनि यसबारे सत्य लेखिएको छैन । विश्वव्यापीकरणको अर्थ एनजीओ र आइएनजीओको रजाइँ होइन । विश्वको कुनै पनि देशको ज्ञान र प्रविधि सबैले सजिलै प्रयोग गर्न पाउने अवस्था नै विश्वव्यापीकरण हो ।
- आफूलाई बलियो दाबी गरेका पुँजीवादी र साम्राज्यवादी देशहरूले संशोधित क्योटा महासन्धि र विश्व व्यापार सङ्गठनलाई नमानेका धेरै उदाहरण छन् ।
- अमेरिकी प्रशासनले चिनियाँ सामानमा कर वृद्धि गर्दै संरक्षणवाद लागू गर्‍यो भने विश्व व्यापार सङ्गठनको आधिकारिताबिना गैरकानुनीरूपमा दण्ड दिने कार्य गर्दै छ र अन्य देशहरूलाई चर्को भन्सार लाद्ने काम गर्दै छ । संयुक्त राज्य अमेरिकी प्रशासनले आफ्नो नीतिलाई निरन्तरता दिँदै युरोपेली युनियनविरुद्ध स्टिल र आल्मुनियममा भन्सार बढाउने घोषणा गर्‍यो । युरोपेली युनियनले यसको विरुद्ध विश्व व्यापार सङ्गठनमा अपिल गर्‍यो । यसकारण नेपालजस्तो गरिब देशहरूका सुनुवाइ डब्लुटीओले गर्नेछैन । यी सबै विषय यी दुइटा पुस्तक (देखाउँदै) मा लेखिएको छ, सभामुखज्यूलाई हस्तान्तरण गर्छु ।
- अमेरिकी सरकारले बजारको नियम जस्तोसुकै भए पनि एप्पल र अन्य अमेरिकी कम्पनीलाई विदेशबाट अमेरिका फर्काउन निर्देशन दियो । सन् २०१७ जनवरी ३ का दिन जेनरल मोटर्सलाई मेक्सिकोमा सेभ्रोरेश क्रुज मोडेल निरन्तरता दिए भारी भन्सार कर लगाउने धम्की दिए ।
- २०८० भदौ १२ गते यो विधेयक मन्त्रीपरिषद्बाट पारित गरिए पनि प्रधानमन्त्री र अर्थमन्त्रीले यसको जटिलताबारे बुझ्नुभएको छैन । नेपाल मजदुर किसान पार्टीले सत्ता गठबन्धन र प्रमुख प्रतिपक्षीको विरोध गर्न यो भनिरहेको होइन बरु पञ्चायतको ३० वर्ष र बहुदलको ३५ वर्षको अवधि (१ पुस्ता) नेपालको प्रगति रोकिएको सार्वजनिक गरेको हो ।
- सामन्त र जमिनदारहरूले किसानलाई खाली कागजमा सही गराए जस्तै क्योटो र विश्व व्यापार सङ्गठनसँग सम्बन्धित यो विधेयकलाई सांसदहरूको समर्थन लिने काम नगरौँ । देशलाई नोक्सान हुने विधेयक पारित गर्नेहरूको घैघरानाबाट असुल उपर गराउने प्रावधान यो विधेयकमा राखौँ ।
- एमसीसी सम्झौता यसरी नै बहुमतबाट पारित गराइयो । सार्वजनिक सरकारी जग्गा, कमलपोखरी, बाँसबारी छालाजुत्ता कारखाना, थँवहीको कमलपोखरी खानेहरूमाथि कारबाही भएन ।
- आर्थिक र विदेश मामिला एउटै भएका पार्टीहरू फरक हुनुको अर्थ छैन । नेपाली काङ्ग्रेसको निजीकरण र विश्व व्यापार सङ्गठनमा एमालेको सही हुने भए नेपाली काङ्ग्रेस र एमालेमा फरक कसरी हुन्छ ? (दुई ओटा पुस्तक- 'चीन-संरा अमेरिका व्यापार युद्धबारे चीनको श्वेतपत्र' र 'चीनविरुद्ध संरा अमेरिकी व्यापार युद्धबारे' सभामुखको टेबुलमा राख्नुभयो ।)

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत ६ गते प्रतिनिधिसभा बैठकमा अर्थमन्त्री वर्षमान पुनले भन्सार विधेयक, २०८० माथि विचार गरियोस् भनी पेस गर्नुभएको प्रस्तावको सैद्धान्तिक छलफलमा व्यक्त गर्नुभएको मन्तव्यको सार-सं)*

# खराब नियत बोकेको पार्टी र नेताको हातमा सत्ता पुग्दा जनताले दुःख पाए

भक्तपुर । "राजनीति तपस्या, त्याग र बलिदानको क्षेत्र भएकोले राजनीतिमा एउटा पुस्ताले सङ्घर्ष गरेर पनि नपुग्ने हुन्छ; यसकारण, नयाँ पुस्तालाई क्रान्तिकारी बनाउनु जरुरी छ । पुँजीवादी सरकारले नयाँ पुस्ता (युवा) लाई विद्यालय र विश्वविद्यालयको शिक्षा नदिने, वैदेशिक रोजगारीमा पठाउने र चेलीबेटी बेचबिखनसमेत गर्छ ।"

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले गणेश माध्यमिक विद्यालय भार्वाचोको आयोजनामा नेमकिपाका अग्रज कार्यकर्ता तथा गणेश माविका संस्थापक ज्ञानबहादुर न्याइच्याईको १३ औँ स्मृति सभामा सोमबार व्यक्त गर्नुभएको हो ।

सचिव सुवालले राजनीतिमा पारिवारिक दुःख वा अन्य पीडा भए पनि रोएर बस्ने होइन सामना गनुपर्नेमा जोड दिँदै दुई सय वर्षअघि सामन्तवाद र भूदास प्रथाविरुद्ध लडेका खान्दानी वर्गका छोराछोरीहरूले साइवेरियाको सजायलाई स्वीकार गरे तर आत्मसमर्पण नगरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "दरबार अर्थात् सामन्ती र पुँजीवादी राजनीतिको नेतृत्व गरेकाहरूबाट देशलाई धोका भइरहेको छ । सन् १८१६ को सुगौली सन्धिको बेला नेपालको प्रतिनिधित्व गरेर गएका गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले आ-आफ्नो लागि बेलायती-भारतसँग भारतमा जग्गा जमिन जोडेर नेपालको सीमा खुम्च्याएका थिए । राणा प्रधानमन्त्री जङ्गबहादुर बेलायत भ्रमण गएपछि अङ्ग्रेजको भक्त भए भने बेलायती उपनिवेशको विरोध गरेका भारतीय कामदार जनतालाई दबाउन जङ्गबहादुर नेपाली सेना लिएर गएको हुँदा सर्वहारा वर्गका नेता कार्ल मार्क्सले राणा प्रधानमन्त्री जङ्गबहादुरलाई बेलायती साम्राज्यवादको 'कुकुर' बताएका थिए ।"

नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले ज्ञानबहादुर न्याइच्याई किसान परिवारमा जन्मिए तापनि जीवनपर्यन्त पार्टीको सिद्धान्त अविचलितरूपले अँगाल्ने, सरसफाइ अभियानका अभियन्ता, स्पष्ट वक्ताका रूपमा चिनिने व्यक्तित्व थिए भन्दै नयाँ पुस्ताले अग्रजहरूले खनेको गोरेटोलाई फराकिलो पार्न लाग्नुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ नगर समितिका अध्यक्ष गंगाराम ज्याख्वले नेता न्याइच्याई कुनै किसिमको स्वार्थमा नफसी देशभक्तिपूर्ण आन्दोलनमा समर्पित रहने योद्धा हुन् भन्नुभयो ।

भनपा वडा नं १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले पार्टीको नीति निर्देशनअनुसार वडा समितिले शिक्षा, स्वास्थ्य, विकास निर्माण तथा सामाजिक कार्यमा वडावासी र स्थानीयसँग छलफल र सहकार्य गर्दै निर्णय प्रक्रियामा जाने गरेको बताउनुभयो ।

विद्यालयका संस्थापक सदस्य कृष्णबहादुर दुगुजूले विद्यालय जीवन नभएको तत्कालीन समयमा भक्तपुरको पश्चिमी भेगमा गणेश माविको स्थापना गरेको चर्चा गर्दै स्थलगत निरीक्षण गरी निर्णय प्रक्रियामा जाने व्यवहारले जनताको पक्षमा निर्णय हुने विश्वास नेता न्याइच्याईमा रहेको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र खर्बुजाको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रधानाध्यापक गणेशराम थुसाले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा विद्यालयका १० जना विद्यार्थीहरूलाई ज्ञानबहादुर स्मृति छात्रवृत्ति प्रदान गरिएको थियो । कार्यक्रममा शिक्षिका सुशीला न्याइच्याईले पनि बोल्नुभएको थियो ।




**समलिङ्गी...**

उहाँले सरकारहरूले नेपाली समाजमा रहेको छाउपडी, बोक्साबोक्सी, दाइजोलगायत अन्धविश्वास र कुसंस्कार अन्त्य गर्न नसकेको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, “जनस्वास्थ्य विज्ञहरूले तयारी प्याकेट खानेकुरा पत्रु हुने र त्यस्तो खानेकुराले स्वास्थ्य बिग्रिने बताएका छन्। तर सरकारहरूले चाउचाउ, कोकाकोला, फान्टा, ड्यूलगायत स्वास्थ्यलाई हानि हुने रक्सी, बियर, सुर्तीजन्य पदार्थको बिक्रीमा रोक लगाएको छैन।” उहाँले जोड दिँदै भन्नुभयो, “युवालाई वैदेशिक रोजगारीमा पठाइएको र नेपालीको बसाइँसराइ सङ्घीय र प्रदेश राजधानीमा केन्द्रीकरण गरिएको हुँदा प्रदुषण बढ्नुका साथै खानेपानीको समेत हाहाकार भयो। यसले सिंहदरबारको नेतृत्व गरेकाहरूसँग देश विकासको खाका नभएको पुष्टि गर्छ।”

उहाँले भन्नुभयो, “सिंहदरबारको नेतृत्व गर्न गएकाहरू सुन तस्करी, नेपालीहरूलाई नक्कली भुटानी शरणार्थी बनाउने, ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गराउने, थँबहीको सरकारी कमलपोखरीमा १५ तलाको ब्यापारिक भवन बनाउन दिने देशघाती काम गर्दैछन्।”

उहाँले थप्नुभयो, “मानव सभ्यता र संस्कृति बिथोल्ने ‘समलिङ्गी विवाह’ लाई कानुन सरकार र अदालतले कानुनी मान्यता दिएको उपयुक्त होइन। यसको विरोध हुनु जरुरी छ।”

कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय उपाध्यक्ष कमलमैयाँ सुवालले नेक्रामसङ्घले सदैव महिलाहरूको शिक्षा र स्वास्थ्यमा प्राथमिकता दिएको प्रसङ्ग सुनाउनुभयो। मातृ स्वास्थ्य सेवा र अधिकार अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस आन्दोलनकै प्रधान मुद्दा भएको बताउँदै उहाँले आजभन्दा ३० वर्षअघिको भक्तपुरका महिलाहरूमा विशेषगरी पाठेघर खस्ने रोग या समस्या रहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, “नेक्रामसङ्घले महिलाको पाठेघरको मुखको पानी जाँच शिविर र स्तन क्यान्सरबाट बच्ने उपायबारे जनचेतना अभियान चलाएको इतिहास छ। आज पनि महिलाको शारीरिक र मानसिक रोगसम्बन्धी परामर्श कार्यक्रमहरू सामयिक छन्, आवश्यक छन्।”

कार्यक्रममा ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले उमेरसँगै विशेषगरी महिलाहरूमा बढ्ने घुँडा दुखाइको समस्या, हाडजोर्नी खिइने समस्या र उपचारबारे प्रस्ट पार्नुभयो। उहाँले भन्नुभयो, “ख्वप अस्पतालमा हाड जोर्नी समस्या लिएर आउने बिरामीमा ७० प्रतिशतभन्दा बढी महिला छन्। महिलाहरूलाई त्यसै पनि पुरुषलाई लाग्नेभन्दा ४२ प्रतिशत बढी रोग लाग्छ। त्यसमाथि उमेरसँगै शरीरमा क्याल्सियम, भिटामिन डी र अन्य पोषण घट्दै जान्छ। त्यसकारण, नियमित व्यायामसँगै पोषण सन्तुलित खानपान पनि उपचारकै हिस्सा हो।”

कार्यक्रममा स्त्रीरोग विशेषज्ञ डा. युजिन श्रेष्ठले साधारणत: महिलाहरूमा देखिने समस्या र उपचारबारे परिचर्चा गर्नुभयो। योनीबाट पानी बग्ने र इन्फेक्सन महिलाहरूको साझा समस्या भएको हुँदा सही तरिकाले सफाइमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो। अहिले नेपालमा पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरबाट महिलाहरूको बढी मृत्यु हुन्छ। त्यसकारण मातृस्वास्थ्यमा ध्यान दिनुपर्ने उहाँको अभिव्यक्ति हो। पाठेघरको मुखको क्यान्सर रोक्ने एचपीभी भ्याक्सिनबारे पनि उहाँले जानकारी दिनुभयो।

नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष सृजना सैंजूको सभापतित्वमा सम्पन्न कार्यक्रममा सुजी ह्योङ्गले पनि बोल्नुभएको थियो।

**ख्वप..**

शासक दलहरूबिच हरेक विषयमा भागबण्डा गर्ने गलत प्रवृत्तिकै कारण ख्वप विश्वविद्यालयको विधेयक अहिलेसम्म पारित हुन नसकेको हो। रास्वपा भागबण्डामा नलाग्ने सार्वजनिक प्रतिबद्धताका साथ निर्वाचनमा होमिएको पार्टी हो। अहिले रास्वपाले शिक्षाजस्तो महत्त्वपूर्ण जिम्मेवारी पाएको छ। मन्त्री श्रेष्ठ नयाँ पुस्ताका शिक्षामा केही नयाँ काम गर्ने इच्छा शक्ति लिएर आएको हुँदा धेरैले परिवर्तनको आशा गर्नु पनि स्वाभाविक हो। कलेजहरूको अनुगमन गरेर, भौतिक पूर्वाधारहरू निरीक्षण समेत गरेरै भए पनि ख्वप विश्वविद्यालय विधेयक पारित गर्ने प्रक्रिया अघि बढाइने विश्वास भक्तपुरबासी जनताको छ।

**बिजुक्छेंद्वारा...**

नेमकिपाका केन्द्रीय सदस्य एवं भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले हरेक नागरिक इमानदार भएमा आदर्शोन्मुख समाज बन्ने विचार व्यक्त गर्दै सार्वजनिक सम्पत्ति निजी बनाउनेजस्ता गलत कार्यक्रममा सरिक नहुन आग्रह गर्नुभयो।

आर्थिक असमानता कायम रहेसम्म जीवनमा अनेक समस्या आइरहने विचार व्यक्त गर्दै उहाँले नागरिकको जीवन सुनिश्चित गर्ने, नि:शुल्क शिक्षा र नि:शुल्क स्वास्थ्य उपचार गर्ने जिम्मा राज्यको हो भन्नुभयो। संस्थाले सामाजिक दायित्व निर्वाह गर्नु पनि जनताको सेवा हो, उहाँले भन्नुभयो।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवाले सहभागी ज्येष्ठ सदस्यहरूलाई स्वास्थ्य हेरविचारका विभिन्न पक्षहरूबारे जानकारी गराउनुभयो।

उहाँले समयमै उपचार गरे रोगको निदान गर्न सकिने भएकोले यसतर्फ सबै ज्येष्ठ सदस्यहरूलाई सचेत रहनुपर्ने आवश्यकता औँल्याउनुभयो।

निरोगी बन्नका लागि उचित खानपानसँगै शारीरिक व्यायाम पनि त्यति नै जरुरी रहेको उहाँले बताउनुभयो।

संस्थाका अध्यक्ष एवं कार्यक्रमका सभापति रूद्रनारायण लाखाले ३१ जना युवाहरूको सहकार्यमा सञ्चालन भएको संस्था हाल १६ हजारभन्दा बढीको परिवार बन्न सकेको बताउँदै नीति नियमको पालना गरी संस्था सञ्चालन भएको हुनाले स्वदेश तथा विदेशमा नाम कमाउन सफल भएको बताउनुभयो।

कार्यक्रममा संस्थाका उपाध्यक्ष विष्णुराम दुमरू, सचिव विष्णुप्रसाद दुमरू र संस्थाका कोषाध्यक्ष जयराम गोर्खालीले पनि बोल्नुभएको थियो।

## सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटरजस्ता विद्युतीय उपकरण सधै लगआउट गरौ ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं।
- सामाजिक सञ्जालमै चिनेको भरमा वोलाएको ठाउँमा भेट्न नजाउँ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौ र रेकर्डको लागि सुरक्षित राखौं।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**कामदारवर्गको...**

अगुवाले ध्यान दिनु जरुरी रहेको चर्चा गर्दै उहाँले भन्नुभयो, “साहित्यमा राजनीतिक शिक्षा, देशमा वैदेशिक हस्तक्षेपविरुद्ध भावना जागृत हुनुपर्छ।”

इतिहासविद् डा. सुदर्शनराज तिवारीले नेपालभाषाको साहित्यिक कार्यक्रमले भाषा र साहित्यको विकाससँगै इतिहास, भूगोल, राजनीतिक ज्ञान पनि हासिल गरेको हुन्छ भन्दै नर:देको इतिहासबारे प्रस्ट पार्नुभयो।

साहित्यकार रोचक घिमिरेले जनताको साहित्यले जनताको सेवा गर्ने र चेतना वृद्धि गर्ने पक्षमा जोड दिँदै नेमकिपाको यो अभियानले नयाँ जनसाहित्यको जन्मने बताउनुभयो। उहाँ देश र जनताको हितमा संसद्मा प्रखर प्रतिपक्षको भूमिका खेल्नुहुने प्रेम सुवालको उपस्थितिले साहित्य सम्मेलनको महत्त्व अझ बढेको भन्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले जनताको साहित्यले लाखौ लाख जनताको सेवा गर्दछ भन्दै पुँजीवादी साहित्यको विरुद्ध समाजवादी साहित्यको आवश्यकता रहेको बताउनुभयो।

वाग्मती प्रदेश सांसद राजेन्द्र प्रजापतिले साहित्यमार्फत सरकारको गलत क्रियाकलापको आलोचना गर्नुपर्ने भन्दै देशमा शासकहरूको कारण देश बिग्रँदै गएकोमा चिन्ता व्यक्त गर्नुभयो। उहाँले नेपालभाषा साहित्य सम्मेलन निरन्तरताको कामना गर्नुभयो।

कार्यक्रमको उद्घाटन नर: देका ज्येष्ठ नागरिक देवनारायण डंगोलले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नुभएको थियो।

लोककवि राजभाइ जकमीले साहित्यमा सन्देशसँगै कला पनि आवश्यक भएको बताउनुभयो।

डा. अञ्जिरमान डंगोलले अहिले स्वास्थ्य समस्याको मुख्य कारण विषादीयुक्त तरकारी र खानेकुरा भएको बताउनुभयो।

प्राध्यापक डा. धर्मराज डंगोलले आफ्नो मातृभाषा र मातृभाषामा साहित्य नलेख्दा बिस्तारै भाषा लोप हुँदै जाने खतरा रहेको हुँदा बेलैमा सचेत हुनु आवश्यक छ भन्नुभयो।

नेपालभाषा साहित्य त:मुंज्या काठमाडौँका अध्यक्ष रत्ना डंगोलको सभापतित्वमा भएको कार्यक्रममा क्यान्सरपीडित एवं अभियानकर्ता सूर्यलक्ष्मी प्रजापति, गोपाल डंगोल र राजवीर डंगोलले पनि बोल्नुभएको थियो।

कार्यक्रममा प्रतिस्पर्धात्मक साहित्यहरू वाचन गरिएको थियो। वाचन भएका साहित्यमध्ये कवितामा नरहरि श्रेष्ठ पहिलो, कमलबहादुर डंगोल दोस्रो र रमेशमान महर्जन तेस्रो हुनुभयो भने कथातर्फ मुस्कान श्रेष्ठ र पूर्णिमा मगरले सान्त्वना पुरस्कार पाउन सफल हुनुभएको थियो।

कार्यक्रममा नर:हाडीगाउँका परम्परागत सांस्कृतिक बाजागाजाका गुरु तथा खल:लाई सम्मान गरिएको थियो।

**एकक्षण** — **त्रिशिचना**

# नीति निर्माताहरूमाथि एक एक गरी अनुसन्धान आवश्यक

पोशाक आ-आफ्नो संस्था, विद्यालय, सेवा र समाजअनुसार लगाउने एक महत्त्वपूर्ण लुगा लगाइ हो। आ-आफ्नो कार्यालय, प्रहरी र सेनामा पनि पोशाकमा विशेष ध्यान दिइन्छ। भोजभतेर, जात्रा-उत्सव र मन्दिर जाँदा पनि पुरुष र महिलाहरूको पनि फरक फरक लिबासमा देखिने गर्छन्। बिहान पूजा-सामग्री लिएर महिलाहरू दायाँ हात खास्टोबाट बाहिर निकाल्दै र बायाँ हातले पूजा सामग्री लिएर मन्दिरतिर देखिने दृश्य हो। यसरी सबै समाजमा ‘पोशाकको नियम’ (ड्रेस कोड) देखिन्छ।

तर केही मानिसहरू बिहान सबेरै हात मुख धोइसकेपछि चिया पसल वा भट्टी पसलमा पनि विद्यालयको पोशाक वा आफ्नो कार्यालयको पोशाकमा देख्दा मानिसहरू अलि आश्चर्य, जिज्ञासा र प्रश्नको आशयमा व्यक्तिलाई नियाल्ने गर्छन्। अङ्ग्रेजी र नेपाली पनि राम्रै बोल्ने काठमाडौँकै सुन्दर नेवारी भाषा बोल्ने शिक्षक र हेडसरहरू समेत बिहानै पुरानै विद्यालयको पोशाकमा अवकाश पछि पनि देख्दा चिनेजानेका मानिसहरू त्यस्ता पात्रहरूबाट तर्केर हिँड्नु अनौठो पनि होइन।

यसबारे मानसिक रोगका चिकित्सकहरूलाई बाटामा भेटिएका सबै खालमा मानसिक रोगीहरूबारे चासो राखेर साध्य नहुने देख्छ। चिकित्सकले आफ्नो क्लिनिक र अस्पतालमा आएका रोगीहरूसँग मात्रै सरोकार राख्ने भए। तर नेपालमा ‘माओवादी गतिविधि’ ‘भूकम्प’ र ‘कोरोना’ पछि तथा गाउँ र सहरमा मानसिक रोगीहरू बढेको सम्बन्धित चिकित्सकहरू बताउँछन्। तर, कहिलेकाहीँ सम्बन्धित चिकित्सकहरूसमेत ‘सन्की’ भएको देखेर रोगीहरू चिकित्सकहरूप्रति समेत प्रश्न उठाउने गर्छन्।

सामान्य जीवन, व्यापार, सहकारी संस्था र राजनैतिक दलहरूमा समेत अचेल ‘सामान्य’ र ‘विशिष्ट’ देखिने व्यक्तिहरूमा ‘अहङ्कार’ ‘अतिमहत्त्वाकाङ्क्षा’ र ‘व्यक्तिगत स्वार्थ’ को कारण विभिन्न क्षेत्रमा मानसिक चिकित्सकको आवश्यकता देखिएको बरोबर चर्चा हुँदै छ। तर, केही दिन अगाडि अमेरिकी पूर्वराष्ट्रपति ट्रम्पले आफ्नो पदअनुसार नबोल्दा र व्यवहार हेर्दा संसारका झन्डै सबै देशका जिज्ञासुहरूको ट्रम्पप्रतिको टिप्पणीहरू सुनिएको थियो।

त्यस्तै अमेरिकी राष्ट्रपति बाइडेनले चिनियाँ राष्ट्रपति सी चिन फिङलाई ‘तानाशाही’ र पुटिनलाई ‘युद्धअपराधी’ शब्द प्रयोग गर्दा गम्भीर राजनीतिक जिज्ञासुहरूले सम्भवत: आफ्ना सल्लाहकारहरूको सल्लाहविना नै बोलेको वा अमेरिकी सैनिक पक्षबाट राष्ट्रपतिलाई दबाब दिएर त्यस्ता शब्द बोल्न दिएको अनुमान गरे। दोस्रो विश्वयुद्धमा ‘युद्ध अपराधी’ घोषणा गरिएका मुसोलिनी, हिटलर, टोजो र सुभाषचन्द्र बोसलाई समेत हत्या गरिएको व्यापक चर्चा त पछिसम्म सुनियो। केही त्यस्ता ‘अपराधीहरूलाई’ बेलायती प्रधानमन्त्री चर्चिल र क्रमवेल पछिका अमेरिकी राष्ट्रपति ट्रुम्यानले ‘पछि कम्युनिस्टहरूको विरोधमा प्रयोग गर्न अमेरिकामा’ भगाएका थिए। ब्राजिलका पछिल्ला राष्ट्रपति वोल्शोनारोका बाबुसमेत ‘युद्ध अपराधी’ थिए जसलाई अमेरिका भगाएको अरोप थियो।

संरा अमेरिका र नाटो देशहरूले युगोस्लाबियाको देशभक्त राष्ट्रपति, मिलोसेविच, इराकका देशभक्त राष्ट्रपति सद्दाम हुसेन र लिबियाका राष्ट्रपति कर्नेल गद्दाफीलाई हत्या गरेरै छोड्यो। लडाइँको कारण देखाएर सङ्घर्ष र मानिस नमरेका देश संसारमा कुन होला र ! त्यसको हिसाब गर्ने हो भने कोरिया युद्ध (१९५०-५३), भियतनाम युद्ध, अफ्गानिस्तान, इराक, लिबिया, सिरिया आदि सबै देशमा लाखौँ लाख मानिस मर्नुको कारण नै संरा अमेरिका र नाटो देशहरू नै हुन्। यस हिसाबले निष्पक्ष हेर्दा संरा अमेरिका र नाटो देशका सायदै केही राष्ट्रपतिहरू छोडेर धेरै राष्ट्रपति र नेताहरू युद्ध अपराधी साबित हुनेछन्। शक्तिमा पुगिसकेपछि राज्यको महत्त्वपूर्ण पदहरूका कारण मानिसहरूमा पनि ‘सत्तामाद’ को रोग लाग्ने हो वा राज्य संयन्त्रका व्यक्तिहरूबाट पाइने सल्लाह नै ‘सत्ता उन्माद’ को परिणाम संसारले भोग्नुपर्ने दुर्भाव्यको कारण हुने गर्छ ? यो विषय अनुत्तरित छ।

अहिले सहकारी संस्थाहरू अत्यन्त बदनाम हुँदै छन्, त्यसको कारण सहकारी ऐनमा सरकारबाटै सहकारी संस्थालाई उत्पादनमूलक काम गर्न दिने संस्था बनाउन नदिएको हुँदा सरकारका तत्कालीन कानुनी सल्लाहकारहरू र जिम्मेवार व्यक्तिहरूलाई मुद्दा चलाउनुपर्ने हो, त्यसमा ध्यान नदिनु पनि विडम्वना नै हो।

सहकारीहरूमा धनीमानी र व्यापारीहरूलाई सदस्यता दिनु हुने थिएन, किनभने सहकारी संस्था व्यापारी र उद्योगपतिहरूको निम्ति बनेको संस्था नै होइन। सहकारी संस्थाको झगडा भनेको व्यापारी र उद्योग गर्ने उद्देश्य भएका व्यक्तिहरू घुसेको हुनाले आफ्नो आर्थिक हितकै निम्ति ऐन-कानुनका छिद्रहरू प्रयोग गरी करोडौँ करोड ऋण लिई घरजग्गा र अन्य क्षेत्रमा लगानी गरी सहकारी संस्थालाई टाट पल्टाउने काम गर्दै विदेश पलायन गर्ने गरेको आजभोलिको चर्चाको विषय हो।

सहकारीहरूलाई आफ्नो गाउँ, सहर र जिल्ला बाहिर नपठाएको तथा निश्चित सङ्ख्या र उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने बन्दोबस्त गरिएको भए देशको आजको युवाविहीन र विदेशमुखी संस्कारबाट नेपाल र नेपाली जनताले सोच्दै नसोचेको पीडा भोग्नुपर्ने थिएन। सहकारी संस्था फाइनान्स कम्पनीको रूपमा लिएपछि विदेश जान ऋण दिनाले नेपाली परिवार र सामाजिक सम्बन्ध ध्वस्त प्राय: बनेको छ। अब यो सुध्रिने स्थितिमा छैन र नेपाली भाषामा प्रचलित शब्दले भिरबाट खस्दै गरेको बसको स्थितिमा छ।

के यसमा सिंहदरबारका टाउकेहरू जिम्मेवार छैनन् ? देशको सन्तुलित विकासमा ध्यान नदिइ काठमाडौँमा आएर घरजम गर्न दिन ऐन नियमले नै भ्रष्टाचारलाई बढावा दियो, सोअनुसारको ऐन-कानुन बन्यो र सो ऐन कानुनअनुसारको समाज बन्नमा सहयोग पुऱ्यायो। आफू र आफ्नो परिवारलाई राम्रो भएपछि देश र समाजले जेसुकै भए पनि हुन्छ भन्ने मानसिकताले देश र समाज विकृतिको भास फस्दै छ। यो के सिंहदरबारको सामूहिक ‘पागलपन’ को परिणाम होइन ? सिंहदरबारले देशको सन्तुलित विकास र सबै प्रदेशमा काठमाडौँमा पाइने सहुलियतहरू पाइने बन्दोबस्त पूर्णरूपले असफल भयो।

आफूले जे गरे पनि हुन्छ भन्ने व्यक्तिवादी चरित्र सिंहदरबारबाट जिल्लाका कार्यालयहरूमा सऱ्यो, विश्वविद्यालयबाट प्राथमिक विद्यालयसम्म रोग सरेजस्तै सऱ्यो र सङ्घसंस्था र राजनैतिक दलहरूमा समेत अराजकता र अनुशासनहीनताले संसद् र सरकार समेत बिटुलिए। राजनैतिक दलहरूको केन्द्र, प्रदेश र स्थानीय प्रारम्भिक समितिहरू क्लब र पाटी पौवाको गफ गर्ने ठाउँमा बदलियो। कार्यकर्ता र नेतृत्वको सम्बन्ध यस्तो स्थितिमा पुग्यो-

क) कामको प्रतिवेदनमाथि पुग्नुपर्ने अनिवार्यता रहेन,
ख) सबै समितिका नेता वा इन्चार्जभन्दा साधारण सदस्यहरूले निर्णय गरे पछि मात्रै जिल्ला समितिको नेता, नगर र स्थानीय समितिको नेताहरूलाई थाहा हुन्छ,
ग) नेपाली काङ्ग्रेस र एमालेका कार्यकर्ताहरू तलैबाट लेनदेन गरी निर्वाचनमा आ-आफ्ना उम्मेदवार हराउँछन्,
घ) निर्वाचनले अनौपचारिक जुवाको रूप लियो, हार-जीत पार्टीको सिद्धान्त, नीति र देश एवं जनताको सेवाभन्दा गुटहरूको आर्थिक फाइदा-बेफाइदाले निर्णय गर्न थालियो।
ङ) टोल टोल र गाउँ गाउँका युवा समूहहरू सिद्धान्तविहीन र नेतृत्वविहीन भई लागु पदार्थ खाने र अनियन्त्रित समूहहरूबाट सञ्चालित हुने देखियो।
च) बाल्टिनबाट इनारको पानी तान्न डोरी नभएको वाल्टिन इनारमा पठाउने गरेको स्थिति आज राजनैतिक दलहरूमा देखियो।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३